"हाम्रो इच्छा, प्रतापपुरमा प्रविधियुक्त बहुआयामिक शिक्षा"

# प्रतापपुर गाउँपालिकाको पञ्चवर्षिय शिक्षा योजना
# (२०७९/८० देखि २०८३/८४)

प्रतापपुर गाउँपालिकाको पञ्चवर्षिय शिक्षा योजना (२०७९/८० देखि २०८३/८४)




## प्रतापपुर गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

"प्रतापपुर गाउँपालिकाको कार्यपालिका बैठकबाट मिति २०७८ चैत्र १६ मा स्वीकृत गरिएको"

प्रतापपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल



प.सं. :०७८/७९

च.नं.

मितिः २०७९/०२/१०

## शुभकामना मन्तव्य

बि.सं. २०७२ को गणतान्त्रिक नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरी संघीयतालाई कार्यान्वयनमा ल्याएसँगै वि.सं २०७३ मा स्थानीय तह निर्माण भयो वि.सं २०७४ को बैशाखमा भएको स्थानीय तहको निर्वाचन पश्चात् तीन तहको सरकार मध्ये तल्लो तहको स्थानीय सरकार स्थानीय तहको विकास र समृद्धिका लागि अहोरात्र क्रियाशील रहेको छ।

नेपालको संविधान २०७२ को अनुसूची ८ र स्थानीय सरकार संचालन ऐन २०७२ को दफा ११ (ज) मा व्यवस्था भए बमोजिम शिक्षासँग सम्बन्धित २३ वटा अधिकारहरू एकल रुपमा स्थानीय सरकारको कार्यक्षेत्र भित्र समेटिएको सन्दर्भमा शिक्षा क्षेत्रलाई व्यवस्थित र गुणस्तरीय बनाई २१ औं शताब्दीका लागि चाहिने जनशक्ति उत्पादन गर्नका लागि पालिका भित्र एउटा निश्चित कार्यक्रमहरू भएको शिक्षा योजनाको आवश्यकता महसुस गरियो। जस अनुसार प्रतापपुर गा.पा. को नवौ गाउँ सभाबाट चालु आ.व. २०७८/०७९ को लागि गाउँ शिक्षा योजना निर्माण गर्न बजेटको व्यवस्था गरियो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतिहरूलाई सामना गर्दै विकसित भइरहेको नयाँ-नयाँ प्रविधि र ज्ञानविज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरूको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्नकै लागि यस प्रतापपुर गाउँपालिकाद्वारा पञ्चवर्षीय शिक्षा योजना सरोकारवाला पक्षको सहभागीतामा तयार पारिएको हो। यस योजना निर्माण प्रक्रियालाई सहजीकरण गरी प्राविधिक सहयोग पुऱ्याउने केएर नेपाल एवम् बेस नेपाल साथै योजना निर्माणको क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्देशक समिति, सल्लाहकार समिति र योजना निर्माण समिति लाई हार्दिक आभार प्रकट गर्दछु।

गाउँपालिका भित्रका शैक्षिक मुद्दा तथा चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त साथै गुणस्थरिय शिक्षा प्राप्त गर्ने बालबालिकाको नैसर्गिक अधिकारलाइ सुनिक्षित गर्न प्रदेश तथा यस गाउँपालिका सम्बद्ध जनप्रतिनिधि, विद्यालयहरू, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अन्य सम्वद्ध शैक्षिक संस्थाहरूको अहम भूमिकाको अपेक्षा राख्दै शिक्षा क्षेत्रमा गरिने सम्पूर्ण क्रियाकलापहरू र लगानी समेतलाई योजनाका आधारमा व्यवस्थित गरिने र पाँच वर्ष भित्र गा.पा. भित्रको शैक्षिक अवस्थालाई सुधार गर्दै युगानुकूल शिक्षा प्राप्त गर्न पाउने हरेक बालबालिकाको अधिकारलाई साकार पार्न यस योजना कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**उमेश चन्द्र यादव**
**अध्यक्ष**
**प्रतापपुर गा.पा.**

प्रतापपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल



प.सं. :०७८/७९
च.नं.

मितिः २०७९/०२/१०

**मन्तब्य**

समुदायका बालबालिकाको विद्यालय शिक्षामा पहुँचको स्थिति कमजोर नै छ । कठिन अवस्थामा रहेका सीमान्तकृत समुदाय, दलित तथा अल्पसंख्यक सांस्कृतिक समुदायका बालबालिका अझै पनि पूर्णतः विद्यालय शिक्षाको मूलधारमा समाहित भइसकेका छैनन् । यस विषयमा गहन विचार र सहमती बाट सहभागितामूलक एवम् समावेशी पद्धतिबाट सरोकारवाला तथा लाभान्वितवर्गसँग गहन छलफल तथा परामर्श र सहमति निर्माण गरी प्रतापपुर गाउँपालिकाको शैक्षिक योजनाको विकास गरिएको हो ।

यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा सहित संविधानमा उल्लेख भएअनुसारको गुणस्तरीय शिक्षा, व्यावसायिक सीप, सकारात्मक अवधारणा तथा राष्ट्रको सक्रिय र उत्पादनशील नागरिक निर्माण गर्नेतर्फ योजना लक्षित छ ।

शैक्षिक योजनाले संविधानद्वारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षा पूरा गर्ने र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ सथै विधालय छोडने बालबालिका लाई पढने वातावरणको विषयमा समेत यस योजनाले समेटन खोजेको विषय बस्तु हो । यो निर्धारित लक्ष्य हासिल गर्नका लागि नागरिकमा हुनुपर्ने सीप र क्षमता विकासको साधन पनि हो र सबैलाई समतामूलक र समावेशी तथा जीवनपर्यन्त सिकाइका अवसर सुनिश्चित गर्न आफैंमा साध्य पनि हो । त्यसकारण विगतमा शिक्षा क्षेत्रका योजनाबाट हासिल गरिएका पहुँच टिकाउपना तथा सिकाइ उपलब्धिकै जगमा शैक्षिक योजनाको तर्जुमा गरिएको छ ।

शैक्षिक योजनाले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरी विद्यालय व्यवस्थापन तथा निर्णय प्रक्रिया प्रभावकारी बनाउने र विद्यालय सुधारको अपेक्षा गरिएको छ । अन्त्यमा, यो योजना तयारीको कार्यमा सहयोग र परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी र प्राविधिक सहयोग गर्ने सेवा प्रदायक संस्था लगाएत यस कार्यमा सहयोग गर्ने सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

**मानकुमारी चौधरी**
**उपाध्यक्ष प्रतापपुर गा.पा.**

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल



प.सं. :०७८/७९
च.नं.

मितिः २०७९/०२/१०

## शुभकामना मन्तव्य

शिक्षाका निति नियम, शिक्षण कला प्रकृया र मुल्याँकन प्रणाली, बिद्यालय प्रशासन, अनुगमन तथा निरिक्षण जस्ता पक्षहरुले शिक्षण सीकाइमा ब्यापक प्रभाव पर्दछ। यस पन्चबर्षिय शिक्षा योजनाले कक्षाकोठामा शिक्षण कलाको प्रयोग र बिकास गर्न प्रेरित गर्ने छ। यसका लागि आवश्यक पर्ने बिद्यालयको भौतिक सुधार , शिक्षक तालिमको ब्यबस्थापन, शिक्षकहरुमा उत्प्रेरणा र आत्मवल बिकास, शिक्षण सामाग्रीको उपलब्धता , बिद्यालय प्रशासन तथा ब्यबस्थापन सुधार , अभिभावक क्षमता बिकास र समुदाय परिचालन जस्ता अन्य शैक्षिक क्षेत्रको बिकासमा पनि सहयोग पुग्ने छ भन्ने आशा लिएको छु। गुणस्तरिय शिक्षाका लागि सबै बालबालिकाहरुलाई बिद्यालयको पहुँचमा लिएर, उनीहरुलाई नियमित गराउँदै बिद्यालय तहहरु पार गराउनु पर्ने चुनौती पनि हाम्रा सामु रहेको छ। यस चुनौतीलाई समुदाय परिचालन र अभिभावक सचेतनाका माद्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुर्याउने छ। योजनाको सफल कार्यान्वयनका लागि शिक्षक बर्ग, बिद्यालय ब्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षाप्रेमी बुद्धिजिवी ब्यक्तित्वहरु , समाजसेवीहरु , राजनैतिक दलका पदाधिकारीहरु, सामाजिक संघ संस्थाका पदाधिकारीहरु र शिक्षा एकाईका राष्ट्रसेवक कर्मचारीहरुको एकाकार अथक परिश्रम र लगनशिलताले महत्वपुर्णभूमिका खेल्ने नै छ। हाम्रो गाउँपालिका क्षेत्र भित्रको विद्यालयको शैक्षिक बिकासमा यस योजनाले महत्वपुर्ण सहयोग पुर्याउनुका साथै सामाजिक आर्थिक बिकासमा समेत सकारात्मक प्रभाव पार्ने छ भन्ने आशा लिएको छु।

शिक्षाको विकासलाई दुर्त रुपले अघि बढाउन शिक्षाको बढोत्तरीको लागि गाउँपालिकाबाट विनियोजित रकमबाट गाउँ शिक्षा योजना तर्जुमा कार्यको लागि विज्ञ सहितको टोलीबाट गाउँ शिक्षा योजना तर्जुमाको कार्य लगनशिलतापूर्वक भएकोमा शिक्षा योजना निर्माण समितिलाई धन्यवाद दिन चाहन्छु। यो शिक्षा योजनाबाट प्रतापपुर गाउँपालिकामा शिक्षाको अतुलनिय विकासको छहरा फलाउने सूत्रको रुपमा यो योजनालाई लिन सकिने विश्वास लिएको छु। यस गाउँपालिका अन्तर्गतका विद्यालयको शैक्षिक, भौतिक, ब्यवस्थापकीय र प्रशासनिक पक्षको सुधार गर्दै बालबालिकाको अनिवार्य, निशुल्क तथा गुणस्तरिय शिक्षा प्राप्त गर्ने अधिकारलाइ सुनिश्चित गर्न यो शिक्षा योजना कोशेढुंगा साबित हुनेछ भन्ने अपेक्षा लिएको छु। साथै शिक्षाको बिकासका लागि आवश्यक पर्ने सबै आधारहरुलाई एकिकृत रुपमा हेर्ने दृष्टिकोणको बिकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु ।

**चिरन्जिवि घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**प्रतापपुर गा.पा.**

प्रतापपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल



प.सं. :०७८/७९
च.नं.

मिति: २०७९/०२/१०

## धन्यवाद मन्तव्य

विकेन्द्रित संघिय शासनको कोशेढुङ्गाको रुपमा रहेको नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा अधिकार सहितको स्थानीय शासनको परिकल्पना गरेको छ। सो अनुसार स्थानीय तहले सम्बन्धीत क्षेत्रको वस्तुगत विवरण तयार गर्ने, श्रोत अनुमान गर्ने, आवधिक योजना निर्माण गर्ने, बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने, विकासका कार्यहरूबाट प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ।

नेपालको संबिधानको अनुसुची ८ मा आधारभूत तह माध्यामिक शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्र भित्र समेटे संगै यसलाई कार्यन्वयनको लागी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा आधिकार स्थानीय सरकारलाई प्रदान गरेको शिक्षाको सन्दर्भमा संविधान र कानुनले अङ्गिकार गरेको व्यवहारलाई आत्मसात गर्दै प्रविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी क्षमता युक्त नैतिकवान स्वावलम्बि नागरिक तयार गर्ने परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न यो शैक्षिक योजना निर्माण गरीएको हो।

राज्य सवल ,सक्षम र सम्पन्न बन्नको लागि शिक्षामा विकास हुन जरुरी हन्छ। बर्तमान अवस्थामा नेपालमा विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ। शिक्षालाई सर्बसुलभ बनाई शैक्षिक अवसर अभिवृद्धि गर्दै सबैलाई गुणस्तरीय शिक्षाको पहुँचमा पुर्याई वर्तमान आवश्यकता अनुकुल सीपमुलक रोजगारीमूलक शिक्षा प्रदान गर्नु र गाउँपालिकाको समग्र शिक्षा प्रणालीको दक्षता, प्रभाबकारीता, जवाफदेहिताको सुधार गर्दै समतामुलक गुणस्तरीय शिक्षा प्रदान गरी सक्षम नागरिक उत्पादन गर्ने यस गाउँ शिक्षा योजनाको लक्ष्य रहेको छ।

नेपाल सरकारले भिबिन्न अन्तराष्ट्रिय मन्चमा गरेका सन्धी सम्झौता, घोषाणापत्र तथा प्रतिबद्दता कार्यन्वयन गर्न साथै सरकारको राष्ट्रिय शिक्षा नीति २०७६, १५ औ आवाधिक योजना, दिगो बिकासको लक्ष्य नं. ४ अन्तर्गत गुणस्तरिय शिक्षा, शिक्षा क्षेत्रको योजना (ESP) -(२०२१-२०३०), प्रतापपुर गाउँपालिकाको आवाधिक योजना अन्तर्गत शिक्षा साथै यस गाउँपालिकाको शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमका लक्ष्य प्राप्त गर्न साथै प्रतापपुर गाउँपालिका अन्तर्गतका बिद्यालयहरुको शैक्षिक, भौतिक, ब्यबस्थापकिय र प्रशासनिक पक्षलाइ सुधार गरी प्रतापपुर गाउँपालिकाको "**हाम्रो ईच्छा, प्रतापपुरमा प्रविधियुक्त बहुआयामिक शिक्षा**" ध्येयलाई मुर्तरुप प्रदान गर्न यो योजना कोशेढुंगा सावित हुने अपेक्षा राखिएको छ।

यो योजना विद्यमान सरकारी नीति, प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन २०७७, विद्यालयद्वारा

भरेर पठाइएका तथ्याङ्क विवरणहरू, फ्ल्यास रिपोर्ट, प्रतापपुर गाँउपालिकाको शिक्षाको स्थिति प्रतिवेदन २०७८, शिक्षा विकास तथा समन्वय इकाई द्वारा प्रकाशन गरीएको शैक्षिक बुलेटिन २०७७ र अन्य योजना तथा प्रतिवेदन आधारपत्रहरूमा राखीएका द्वीतिय श्रोत एवं, विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शि.अ. संघका अध्यक्ष, अभिभावक र अन्य शैक्षिक सरोकारवालाहरूसंग लिईएका लिखित सुझाव, स्थलगतरूपमा गरिएको छलफल एवं प्राप्त तथ्याङ्कलाई प्राथमिक श्रोतको रूपमा लिई योजना तयार गरिएको हो।

यो योजना तयार गर्न प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेश चन्द्र यादव, प्रमुख प्रशासकिय अधिकृत चिरन्जीवी घिमिरे, नवलपरासी जिल्लाका इकाई प्रमुख उपसचिव दोलाराज पाण्डे र सामाजिक बिकास समितिका निर्वतमान संयोजक इश्वरीप्रसाद थारुवाट प्राप्त मार्गदर्शन अत्यन्त महत्वपूर्ण छ। साथै योजनानिर्माण प्रकृयामा सहयोग पुऱ्याउने केएर नेपाल र बेस नेपाल, NEGRP नवलपरासी, परामर्शदाता दुर्गा प्रसाद पाण्डे, पूर्व शिक्षा संयोजक दधिराम शर्मा, बुटवल बहुमुखि क्याम्पसका उप-प्राध्यापक बलवन्त कुर्मी लगाएत योजना निर्माण टोलीका सदस्य एवं अन्य सदस्यहरू बिश्वकर्मा लोहार, वालानन्द बेलवासे, राजु सिंह चौधरी, उमेश कुर्मी लगायत तथ्यांक संकलनमा खटिने शिक्षकहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु। योजना निर्माणं प्रकृयामा सहभागी सम्पूर्ण वडाअध्यक्ष ज्यूहरु प्र.अ. ज्यूहरु, वि.व्य.स. तथा शि.अ.संघका अध्यक्ष तथा प्रतिनिधीज्यूहरु, अभिभावक एवं विद्यार्थी भाईवहिनीहरु लाई समेत धन्यवाद ज्ञापन गर्न चाहान्छु। अन्त्यमा, यो योजनालाई आवश्यकता अनुसार अद्यावधिक गर्दै लगिने भएकोले यसलाई थप प्रभावकारी, उपयोगी र ब्यवहारिक तुल्याउन सम्बन्धित सरोकारवालाहरुबाट रचनात्मक सुझाव र हौसलाको अपेक्षा गरिएको छ।

**यादव चन्द्र बिष्ट**
**(शिक्षा शाखा प्रमुख)**
**प्रतापपुर गाउँपालिका, न.प.**

विषयसूची


| | |
|---|---|
| कार्यकारी सारांश | २ |
| परिच्छेद १ः  परिचय | ३ |
| १.१ पृष्ठभूमि | ३ |
| १.१.१ अवधारणा | ३ |
| १.१.२ सन्दर्भ | ३ |
| १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण | ५ |
| १.१.४ योजना निर्माण प्रक्रिया | १२ |
| परिच्छेद  २ :शिक्षा क्षेत्र योजना | १४ |
| नयाँ शिक्षा योजनाले समेट्ने पक्षहरू | १५ |
| २.१ सन्दर्भ र औचित्य | १७ |
| २.२ दीर्घकालीन राष्ट्रिय सोच | १९ |
| २.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य | १९ |
| २.४ लक्ष्य (Goal) | १९ |
| २.५ उद्देश्यहरू | १९ |
| २.६ रणनीतिहरू | २० |
| २.७ प्रमुख उपलब्धि सूचकहरू | २० |
| परिच्छेद ३ : शिक्षाका उपक्षेत्रहरू | २२ |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | २२ |
| ३.१.१ परिचय | २२ |
| ३.१.२ वर्तमान अवस्था | २३ |
| ३.१.४ उद्देश्य | २४ |
| ३.१.५ रणनीतिहरू | २४ |
| ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | २४ |
| ३.२ आधारभूत शिक्षा | २७ |
| ३.२.१ परिचय | २७ |
| ३.२.२ वर्तमान अवस्था | २९ |
| ३.२.३  लक्ष्य | ३४ |
| ३.२.४ उद्देश्य | ३४ |
| ३.२.५ रणनीतिहरू | ३४ |
| ३.२.६ अपेक्षित उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ३५ |
| ३.३ माध्यमिक शिक्षा | ३७ |
| ३.३.१ परिचय | ३७ |
| ३.३.२ वर्तमान अवस्था | ४० |
| ३.३.३ लक्ष्य | ४४ |
| ३.३.४ उद्देश्य | ४४ |
| ३.३.५ रणनीतिहरू | ४४ |
| ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ४५ |
| ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | ४८ |
| ३.५.१ परिचय | ४८ |
| ३.५.२ वर्तमान अवस्था | ४९ |
| ३.५.३ लक्ष्य | ५० |

३.५.४ उद्देश्य ५०
३.५.५ रणनीतिहरू ५०
३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ५१
३.६ पाठ्यक्रम र पाठ्यसामग्री ५३
३.६.१ परिचय ५३
३.६.२ वर्तमान अवस्था ५४
३.६.३ लक्ष्य ५४
३.६.४ उद्देश्य ५४
३.६.५ रणनीतिहरू ५५
३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ५५
३.७ शिक्षक व्यवस्थापन र विकास ५६
३.७.१ परिचय ५६
३.७.२ वर्तमान अवस्था ५७
३.७.३ लक्ष्य ५८
३.७.४ उद्देश्यहरू ५८
३.७.५ रणनीतिहरू ५८
३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ५९
३.८ विद्यालय व्यवस्थापन ६१
३.८.१ परिचय ६१
३.८.२ वर्तमान अवस्था ६२
३.८.३ लक्ष्य ६२
३.८.४ उद्देश्य ६२
३.८.५ रणनीतिहरू ६३
३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ६३
३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा ६५
३.९.१ परिचय ६५
३.९.२ वर्तमान अवस्था ६५
३.९.३ लक्ष्य ६५
३.९.४ उद्देश्य ६५
३.९.५ रणनीतिहरू ६६
३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६६
३.१० गुणस्तरीय सार्वजनिक शिक्षा ६८
३.१०.१ परिचय ६८
३.१०.२ वर्तमान अवस्था ६८
३.१०.३ लक्ष्य ६९
३.१०.४ उद्देश्य ६९
३.१०.५ रणनीतिहरू ६९
३.१०.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ७०
३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा ७१
३.११.१ परिचय ७१
३.११.२ वर्तमान अवस्था ७२
३.११.३ लक्ष्य ७२

| | |
|---|---|
| ३.११.४ उद्देश्य | ७२ |
| ३.११.५ रणनीतिहरू | ७२ |
| ३.११.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ७३ |
| ३.१२ शिक्षामा सूचना प्रविधि | ७४ |
| ३.१२.१ परिचय | ७४ |
| ३.१२.२ वर्तमान अवस्था | ७४ |
| ३.१२.३ लक्ष्य | ७५ |
| ३.१२.४ उद्देश्य | ७५ |
| ३.१२.५ रणनीतिहरू | ७५ |
| ३.१२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ७५ |
| परिच्छेद ४ः संस्थागत संरचना र क्षमताविकास | ७७ |
| ४.१ परिचय | ७७ |
| ४.२ वर्तमान अवस्था | ७९ |
| ४.३ लक्ष्य | ८१ |
| ४.४ उद्देश्य | ८१ |
| ४.५ रणनीतिहरू | ८१ |
| ४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ८१ |
| परिच्छेद ५ः लगानी र स्रोत व्यवस्थापन | ८३ |
| ५.१ परिचय | ८३ |
| ५.२ वर्तमान अवस्था | ८३ |
| ५.३ लक्ष्य | ८६ |
| ५.४ उद्देश्य | ८६ |
| ५.५ रणनीतिहरू | ८६ |
| ५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ८७ |
| परिच्छेद ६ः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | ९२ |
| ६.१ परिचय | ९२ |
| ६.२ वर्तमान अवस्था | ९२ |
| ६.३ लक्ष्य | ९२ |
| ६.४ उद्देश्य | ९३ |
| ६.५ रणनीतिहरू | ९३ |
| ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ९३ |
| परिच्छेद ७ : मुख्यमुख्य क्रियाकलाप र उपलब्धि सूचक | ९५ |


अनुसूचीहरु


| | |
|---|---|
| अनुसूची १ - प्रतापपुर शैक्षिक सूचना विश्लेषण -२०७८ .............................. | ९५ |
| अनुसूची २ - विद्यालयमा कार्यरत शिक्षक विवरण .................................... | ९९ |
| अनुसूची ३ - नयाँ शिक्षा योजना (२०७९ -०८४) को ५ वर्षको अनुमानित बजेट........... | ११६ |

## योजना निर्माण समितिको विवरण

### निर्देशक समिति

१. श्री अन्जु कुमारी चौधरी निर्वतमान, कार्यवहाक अध्यक्ष एवं शिक्षा समिति अध्यक्ष- प्रतापपुर गाउँपालिका
२. श्री ईश्वरी प्रसाद थारु निर्वतमान, संयोजक  सामाजिक विकास समिति एवं सदस्य- गाउँ शिक्षा समिति
३. श्री चिरन्जीवी घिमिरे प्रमुख प्रशासकीय अधिकृत एवं सदस्य- गाउँ शिक्षा समिति
४. श्री कुन्दन कुमार सिंह (जनस्वास्थ्य अधिकृत)

### २. सल्लाहकार समिति

१. श्री दधिराम शर्मा, पूर्व शिक्षा शाखा संयोजक - प्रतापपुर गाउँपालिका
२. श्री सत्यदेव पाण्डेय, सदस्य गाउँ शिक्षा समिति - प्रतापपुर गाउँपालिका
३. श्री कृष्ण प्रसाद घिमिरे, सदस्य गाउँ शिक्षा समिति - प्रतापपुर गाउँपालिका

### ३. योजना निर्माण समिति

१. संयोजक : श्री यादव चन्द्र विष्ट शिक्षा शाखा प्रमुख - प्रतापपुर गाउँपालिका
२. सदस्य : श्री नवराज शर्मा, कार्यक्रम अधिकृत (शिक्षा) - केएर नेपाल
३. सदस्य : श्री प्रकाश पाण्डे, कार्यक्रम संयोजक - बेस नेपाल
४. सदस्य : श्री अभिनन्दन सिंह, सदस्य गाउँ शिक्षा समिति - प्रतापपुर गाउँपालिका
५. सदस्य : श्री चक्र बहादुर कुशवाह, शिक्षक - त्रिभुवन मा. वि. बेलाटारी
६. सदस्य : श्री विश्वकर्मा लोहार, शिक्षक- जनजागृति मा. वि. गुठीपर्सौनी
७. सदस्य : श्री जोगिन्द चौधरी, शिक्षक- लक्ष्मीपुरा आ.वि. सिसहनीया

## कार्यकारी सारांश

लुम्बिनी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला प्रतापपुर गाउँपालिकाको द्रुत रूपमा शिक्षाको उन्नति र विकासका लागि तयार पारिएको यस गाउँ शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तनपछि नेपालको संविधानको धारा ३१ मा शिक्षाको सन्दर्भमा उल्लेख गरिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्ने प्रयास गरेको छ।

नेपालको संविधान, सङ्घीय शिक्षा ऐन, गाउँ शिक्षा ऐन, दिगो विकास लक्ष्य (४), विद्यालय क्षेत्र विकास कार्यक्रम एवम् केन्द्रीयस्तरमा भएका आयोगहरूका प्रतिवेदन र गाउँपालिकाको आवधिक योजनालाई समेत आधार बनाएर यो योजना तर्जुमा गरिएकोछ। बदलिँदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरुरी छ भनी विद्यालय तहको संरचनामा भएको परिवर्तन एवम् आन्तरिक सुशासन, सुधार र दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू ल्याइएका छन्। गाउँ शिक्षाको सन्दर्भमा प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक धार र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवम् सीपमूलक तथा प्रविधिमैत्री बनाउने गरी प्रस्तुत योजना तय गरिएको हो।

सबैका लागि शिक्षा कार्यक्रमको पहिलो कम्पोनेन्टमा प्रारम्भिक बालविकास कार्यक्रम सामुदायिक विद्यालयहरूबाट र समुदायमा आधारित बालविकास केन्द्रका सहयोगी कार्यकर्ताबाट समेत प्रारम्भिक बाल शिक्षा दिने कार्य भएको छ। उक्त कार्यबाहेक ४ वर्ष मुनिका बालबालिकाहरूलाई पनि संस्थागत विद्यालयहरूले प्रि-नर्सरी, नर्सरी, के.जी.समेतका कक्षाहरू सञ्चालन गरी मन्टेस्वरी तालिमप्राप्त शिक्षकहरुबाट बालविकास केन्द्र सञ्चालन गरी बालबालिकाहरूलाईकक्षा एकमा भर्ना गर्न गराउन उत्प्रेरित गराई शिक्षाको जग अझ बलियो बनाउने प्रयत्न गरिएको छ।

अनिवार्य तथा निःशुल्क गरिएको आधारभूत शिक्षालाई अझ बढी व्यवस्थित गरी तथ्य र तथ्याङ्कको आधारमा ४ वर्षदेखि १२ वर्षभित्रका सबै उमेरका बालबालिकालाई आधारभूत शिक्षाको पहुँच वृद्धि गरी गुणस्तरीय प्रतिस्पर्धामा लैजान सक्ने गरी बालमैत्री शिक्षण सिकाइ, विषयगत शिक्षकको व्यवस्थापन, परीक्षा तथा मूल्याङ्कनमा सुधार जस्ता कार्यक्रमहरू तय गरिएका छन्। यस गाउँपालिकामा सामुदायिक तथा संस्थागत विद्यालयहरुको आधारभूत तहको परीक्षा एउटै मापदण्डमा संचालन गरिएको छ। हाल रहेको प्राविधिकधारलाई समेत भएसम्म व्यवसायमूलक बनाई सीपयुक्त शिक्षाको व्यवस्थापन गरी निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्न सक्ने तथा रोजगारीका अवसरहरूमा समायोजन हुने गरी शैक्षिक सुधारका कार्यक्रमहरू समावेश गरिएका छन्। आधारभूत विद्यालयको स्तरोन्नति गरी आवश्यकताअनुरूप साधारण, प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षा दिन सक्ने सूचना र प्रविधिको समेत विकास गर्ने कार्यक्रमलाई यस योजनाले समेट्न खोजेको छ।

आधारभूत र माध्यमिक शिक्षाको हकमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको, शैक्षिक सामग्रीको प्रयोग तथा शिक्षण सिकाइ क्रियाकलाप पुरानै ढाँचामा भएको कारण गुणस्तरमा देखिएको न्यूनता कम गर्न दरबन्दी मिलानगरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ तथा आधारभूत शिक्षा (कक्षा ४-५ र कक्षा ६-८) पाठ्यक्रम २०७७ को प्रभावकारी कार्यान्वयन गर्ने र प्रारम्भिक कक्षामा निर्माणात्मक मूल्याङ्कनलाई नै आवधिक मूल्याङ्कनको आधार बनाउने र कक्षा ४ देखि ८ सम्म तोकिएको ढाँचामा निर्माणात्मक एवं निर्णयात्मक दुबै प्रकारका मूल्याङ्कनलाई आधार मानी मूल्याङ्कन गरिनेछ। दुबै तहमा एकीकृत ढाँचाको शिक्षण सिकाइमा जोड दिइनेछ। धार्मिक विद्यालयहरूमा गुरुकुल शिक्षा र मदरसाहरूलाई स्थानीय रूपमा आधारभूत शिक्षा प्रदान गर्न सहज बाटो अपनाइने गरी स्थानीय पाठ्क्रमको निर्माण गरी लागु गरिनेछ। माध्यमिक तहका विद्यार्थीहरूलाई सीपमूलक तथा व्यवसायिक शिक्षा प्रदान गर्नुका साथै आधारभुत तहमा गाउँपालिकाको कृषि उत्पादन, संस्कृति, परम्परा एवं पर्यटकीय क्षेत्रकोप्रबर्द्धन गर्नको लागि सामुदायिक र संस्थागत विद्यालयमा स्थानीय पाठ्क्रमको निर्माण गरी लागु गरिनेछ।

प्रत्यक्ष रूपमा विद्यालय शिक्षामा पहुँच नपुगेका र विभिन्न कारणले विद्यालयमा नियमित अध्ययन गर्न नसक्ने बालबालिका तथा रोजगारीको अवसर प्राप्त नगरेका युवा तथा प्रौढ महिला र पुरुषलाईशिक्षामा पहुँच पुऱ्याउनको लागि खुला विद्यालयको अवधारणा कार्यान्वयन एवम् व्यवस्थापनमा यस योजनाले सुनिश्चितता गरेको छ। विद्यालयको पूर्वाधार विकासका लागि जग्गा र भवनलाई प्रभावकारी व्यवस्थापन गरी कक्षाकोठा सुधार, उपयुक्त फर्निचर, स्वच्छ खानेपानी, बाल, अपाङ्ग र छात्रामैत्री शौचालय, खेल मैदान, कम्पाउन्ड, बालबगैँचा, पुस्तकालय, वाचनालय, खाजाघर, कम्प्युटर तथा आइ.सि.टि. कक्षा, कक्षाकोठामा स्मार्टबोर्डको समेत प्रयोग गरी पठनपाठनको व्यवस्थापन गर्नमा जोड दिइनेछ।

गाउँपालिकाको कूल जनसङ्ख्याको ०-१४ वर्ष उमेर समूहका २९.२१ प्रतिशत, १५-५९ वर्षका ६२.४९ प्रतिशत र ६० वर्ष माथिका ८.३१प्रतिशत जनसङ्ख्यामध्ये ६३.६ प्रतिशत युवा तथा ज्येष्ठ नागरिकहरू छन् (स्रोत : घरधुरी सर्वेक्षण २०७६)।

शिक्षाको पहुँचबाट टाढा रहेका प्रौढ नागरिकलाई परम्परागत साक्षरताका कक्षाभन्दा पनि व्यवसायिक, जीवनउपयोगी, सीपमूलक र आयमूलक शिक्षासञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रलाई बढी व्यवस्थित र जिम्मेवार बनाउने खालका क्रियाकलाप यो योजनामा समावेश गरिएको छ। यसका साथै अपाङ्गता भएका बालबालिकालगायत प्रौढहरूलाई विशेष व्यवस्था गरी एकीकृत शिक्षा तथा सीपयुक्त अपाङ्गमैत्री शिक्षा दिन समावेशी तथा समाहित शिक्षाको अवधारणालाई अगाडि सारिएको छ।

यसरी प्रस्तुत योजनाको समग्र लक्ष्य र उद्देश्यप्राप्तिका लागि योजनामा खर्च हुने लागत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार तथा गैरसरकारीसङ्घ-संस्थाको साझेदारी र समस्त अभिभावक तथा सरोकारवाला हरुको योगदानमा आधारित रही सम्पन्न गर्ने अपेक्षा गरिएको छ।

# परिच्छेद १ः परिचय

## १.१ पृष्ठभूमि

### १.१.१ अवधारणा

नेपालको संविधान २०७२ धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । अपाङ्गता भएकाहरूले पनि अपाङ्गताको प्रकृतिअनुसार आवश्यकता पूरा गर्ने किसिमले उच्च शिक्षासम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रदान गरेको छ।

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको सम्पूर्ण व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिएको छ। विद्यालय क्षेत्र विकास योजना २०७३/०७४ - २०७९/०८० ले पनि अनौपचारिक शिक्षाबाट आधारभूत शिक्षामा प्रवेश गराउने तथा खुल्ला शिक्षामार्फत समकक्षता निर्धारण गरी शिक्षाको मूलधारमा ल्याउने प्रावधान राखेको छ। सेवाक्षेत्रका ४–१२ वर्ष उमेर समूहका सबै बालबालिकालाई अनिवार्य, गुणस्तरीय र निःशुल्क शिक्षाको सुनिश्चिततागर्नु स्थानीय तहको जिम्मेवारी भएकोले राष्ट्रिय शिक्षा योजना, प्रादेशिक शिक्षा योजना र स्थानीय शिक्षा योजनामा तादाम्यता कायम गरी स्थानीय तहमा शिक्षाको ५ बर्षे स्पष्ट मार्गचित्रको योजना निर्माण गरी सबै बालबालिकाहरूको शैक्षिक अधिकार सुनिश्चित गर्न यो शिक्षायोजना निर्माण गरिएको हो।

### १.१.२ सन्दर्भ

**शिक्षा क्षेत्रका अवसरहरू**

सङ्घीय संरचनापछि संवैधानिक व्यवस्था अनुसार माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन र सञ्चालनको जिम्मेवारी स्थानीय तहमा भएको सन्दर्भमा प्रतापपुर गाउँपालिकाको कार्यालयले "प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन २०७७" जारी गरी कार्यान्वयनमा ल्याएको छ। उक्त शिक्षा ऐनको दफा १० (क) ले प्रदान गरेको अधिकार प्रयोग गरी प्रतापपुर गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षकहरूको पेसागत क्षमता विकास गर्न र बालबालिकाहरूलाई समावेशी शिक्षाको हक प्रदान गर्न यो शिक्षा योजनाको विकास गर्ने अवसर मिलेको छ। गाउँपालिकाले विद्यालयहरूमा शिक्षक कर्मचारीको व्यवस्थापन र आवश्यकताको आधारमा थप शिक्षकका लागि अनुदानको व्यवस्था पनि गर्दै आएको छ । गाउँपालिका मार्फत विद्यालय र शैक्षिक क्रियाकलापको अनुगमन मूल्याङ्कन गरी शिक्षकहरूको कार्यसम्पादनसमेतका आधारमा शिक्षकहरूलाई प्रोत्साहनस्वरूप पुरस्कारदिने व्यवस्था गरिएको छ। सेवाक्षेत्रका विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा प्रतिस्पर्धा गराईउत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कृत गर्ने व्यवस्था पनि सुरु गरिएको छ।

**मानव संसाधनको अवस्था**

मानवीय संसाधनको विकासलाई दृष्टिगत गर्दा समग्र जिल्लाको औसत अवस्था र प्रतापपुरको अवस्था मिल्दोजुल्दो छ। प्रतापपुर गाउँपालिकामा शिक्षा, स्वास्थ्य, यातायात, विद्युत र खानेपानीजस्ता पूर्वाधारको क्रमिक विकास हुँदै आएको छ। तथापि औद्योगिक स्तरमा गर्न खोजिएका विकासका प्रयासहरूअपेक्षाकृत रुपमा सफल हुन सकेका छैनन् । हालसम्म स्थानीय स्तरमा मानव विकास सूचाङ्कविषयक सर्वे नभए पनि पश्चिम नवलपरासी क्षेत्रका अन्यगाउँपालिकाको तुलना यस गाउँपालिका मध्यम स्तरमा पर्दछ।

**सामाजिक तथा सांस्कृतिक सन्दर्भ**

केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार जम्मा घरधुरी ९,२३४, जम्मा परिवार संख्या १०,७५३ र जम्मा जनसङ्ख्या ५०,३२६ मध्ये पुरुष २५,०१६ र महिला २५,३१० भएको (स्रोत के.त.वि. २०७८)प्रतापपुर गाउँपालिकामा खास गरी नेपाली, हिन्दी, भोजपुरी र थारु भाषामा विचारको आदानप्रदान गरिन्छ।यस पालिकामा हिन्दु, इस्लाम, बौद्ध र ईसाइ धर्मावलम्बीहरु, धार्मिक सहिष्णुता अवलम्बन गर्दै स-सम्मान जीवनयापन गरिरहेका छन्।

यो गाँउपालिका मिश्रित जातजातिको बसोवास रहेको छ। खासगरी पहाडी र तराईमूलका ब्राह्मण, क्षेत्री, मगर, थारु, मुस्लिम, कुर्मी,यादव/अहिर केवट, लोहार/विश्वकर्मा,तेली, बनिया, राजभर, कोइरी/कुशवाहा, कहार, कोहार, बढई, चमार, धोबी, पासी, दुसाध, मुसहर र डोमजस्ता जातजातिहरूआ-आफ्ना धर्मसंस्कृतिअनुसार एकआपसमा सामाजिक, आर्थिक तथा सांस्कृतिक सहयोग तथा सामञ्जस्यतापूर्ण जीवनयापन गरी बसेका छन्। यो गाँउपालिकाको सम्पूर्ण भाग तराईमा पर्दछ। दक्षिणमा भारतको उत्तर प्रदेश, पूर्वतर्फ सुस्ता, पश्चिममा सरावल गाउँपालिका र उत्तरतर्फ बर्दघाट.नगरपालिका पर्दछन्। यो गाउँपालिकालाई गण्डक नहरले दुई भागमा विभाजित गरेको छ। यसभित्र गण्डक जलविद्युत आयोजना र बाउन्न गढी धार्मिक स्थल रहेका छन् भने नेपालकै पहिलो उच्च माध्यमिक तहसम्म शिक्षा दिने मदरसा (मदरसा मदिनतुल उलूम, प्रतापपुर-६, हरपुर) पनि यसै गाउँपालिकामा अवस्थित छ। यहाँ माछापालन, उखु

खेती र केरा खेती प्रचुर मात्रामा गरिन्छ। लैङ्गिक तथा सामाजिक समावेशिताको सवालमा औपचारिक रूपले समानताको कुरा गरे तापनि व्यवहारमा लुप्त पाठ्यक्रमको गहिरो प्रभाव परेको पाइन्छ। समतामूलक समाज निर्माणका लागिपछौटेपनलाई हटाउन स्थानीय नियम बनाई सहभागितात्मक कार्यमा जोड दिने तथा सकारात्मक विभेदीकरणको नीतिलाई बढावा दिनुपर्ने आवश्यकता छ। स्थानीय तहमा भएका अवसरहरूमा पिछडावर्गलाई प्राथमिकता दिएर GESI (Gender Equity and Social Inclusion) को नीति कार्यान्वयन गर्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ।

**आर्थिक सन्दर्भ**

प्रतापपुर गाउँपालिकामा अन्न बालीका रूपमा धान, मकै र गहु खेती गरिन्छ भने नगदे बालीका रूपमा उखु, केरा र तोरी मुख्य रहेका छन्। पशुपालनबाहेक, तरकारी, मुंगफली, उखु एवं केरा खेती, माछा पालन, व्यापार र वैदेशिक रोजगारी प्रतापपुर गाउँपालिकाको मुख्य आम्दानीको स्रोत हो। तर पनि बजार व्यवस्थापनको प्रबन्ध नभएका कारणकेरा बिक्री नभएर किसानहरू आक्रान्त भएर बसेका छन्। उखु खेती गर्ने किसानहरूसमयमा भुक्तानी नपाएर व्याकुल भएको अवस्था छ। माछा पालनमा पनि मौकामा प्राविधिक सहयोग प्राप्त नहुने र प्राविधिक सहयोग लिन महँगो मूल्य चुकाउनुपर्ने अवस्था छ। श्रमिकहरुले उचित रुपमा न्युनतम पारिश्रमिक पनि नपाएको अवस्था छ। यी माथिका समस्याहरूको स्थानीय स्तरबाट सहज समाधान हुन सक्ने अवस्था देखिँदैन त्यसकारण प्रदेश र सङ्घीय सरकारले यस पालिकामा सर्वसाधारणका लागि शीघ्रातिशीघ्र अर्थोपार्जन र बजारीकरणका अवसरहरूश्रृजना गर्नुपर्ने आवश्यकता छ।

**भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप**

सरावलदेखि पूर्व, बर्दघाटबाट दक्षिण,सुस्तादेखि पश्चिमतर्फ भारतको उत्तर प्रदेशको सिमानासम्म फैलिएको प्रतापपुर गाउँपालिका समुन्द्री सतहबाट ३०० मिटरको उचाइमा रहेको छ। कुल८७.५५ वर्ग कि.मी. क्षेत्रफल रहेको यस प्रतापपुर गाउँपालिका विश्व मानचित्रमा २८°२२′३०″ उत्तर देखि २८ °४१′५२″ उत्तरी अक्षांश र ८३°२५′१२″ पूर्वदेखि ८३°३७′३″ पूर्वी देशान्तरसम्म फैलिएको यसपालिकामा ९ ओटा वडाहरू छन्। केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिकामा जम्मा घरधुरी ९,२३४, जम्मा परिवार संख्या १०,७५३ र जम्मा जनसङ्ख्या ५०,३२६ मध्ये पुरुष २५,०१६ र महिला २५,३१० रहेका छन्। (स्रोत के.त.वि. २०७८)

**प्रतापपुर गाउँपालिकाको वडा विभाजन नक्सा**



### १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण

**मुलुकको शैक्षिक सन्दर्भ**

विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ अनुसार ४ वर्ष उमेर समूहलाई प्रारम्भिक बालविकास शिक्षामा सहभागी गराई ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई कक्षा १ देखि ८ सम्म आधारभूत तहको शिक्षामा संलग्न गराउने तथा १३ वर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिकालाई कक्षा ९ देखि १२ सम्मको माध्यमिक तहको शिक्षामा संलग्न गराउने नीतिगत व्यवस्था गरेबमोजिम विद्यालय क्षेत्र विकास योजना २०७३/०७४–२०७९/०८० ले पनि सोही व्यवस्थालाई अवलम्बन गरेको छ।

**नीतिगत प्रबन्ध**

नेपालको संविधान २०७२ धारा ३१ बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षाउपलब्ध गराउनुपर्ने कुरालाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। अपाङ्गता भएकाहरूले पनि अपाङ्गताको किसिमअनुसार आवश्यकता पूरा गर्ने किसिमले उच्च शिक्षासम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रदान गरेको छ। उल्लिखित मौलिक हक पूरा गर्न राष्ट्रिय शिक्षा नीति २०७६ को परिच्छेद १० अनुसार ४ वर्ष उमेरका बालबालिकाहरूलाईएक वर्षसम्म प्रारम्भिक बालविकासमा शिक्षा दिने र ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई कक्षा १ देखि ८ सम्म आधारभूत तहको शिक्षामा संलग्न गराउने तथा १३ वर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिकालाई कक्षा ९ देखि १२ सम्मको माध्यमिक तहको शिक्षामा संलग्न गराउने नीतिगत व्यवस्था गरेको छ।

**प्रतापपुर गाउँपालिकाकोशिक्षासम्बन्धी प्रमुख नीतिहरू :**

प्रतापपुर गाउँपालिकाले स्थानीय तहको आवधिक योजना तथा कार्यक्रमलगायत शिक्षा ऐन, स्थानीय प्रशासन ऐन, सार्वजनिक खरिद नियमावली, शिक्षक दरवन्दी मिलान कार्यविधि, सुशासन प्रवर्द्धन कार्यविधि तथा विपद व्यवस्थापन सञ्चालनको कार्यविधि तयार गरेको छ । प्रतापपुर गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम आ.व.२०७८/०७९मा उल्लेख गरिएका शिक्षासम्बन्धी प्रमुखकार्यक्रमहरू निम्नानुसार छन् -

- सामुदायिक विद्यालयको बहुआयामिक सुधार गर्दै शैक्षिक गुणस्तरमा सुधार गरिनेछ । यस गाउँपालिकाभित्रका सबै बालबालिकाहरूलाई आधारभूत तहसम्मकोशिक्षा अनिवार्य रूपमा उपलब्ध गराइनेछ । विद्यालय भर्ना हुने तर विविध कारणले विद्यालय नजाने र बिचैमा विद्यालय छाड्ने विद्यार्थीलाई दृष्टिगत गरी आवश्यक शैक्षिक सुधारका कार्यक्रमहरू अघि बढाइनेछ।
- नेपाल सरकारबाट स्वीकृत मापदण्डका आधारमा सम्पूर्ण संस्थागत विद्यालयहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ। मापदण्ड पूरा नगरी सञ्चालनमा रहेका संस्थागत विद्यालयको सम्बन्धन खारेज गरिनेछ। गाउँपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक परामर्श सेवा केन्द्र, निजी स्तरमा सञ्चालित ट्युसन तथा कोचिङ् सेन्टर, भाषा तालिम तथा प्रशिक्षण केन्द्रलाई नियमन र करको दायरामा ल्याइनेछ।
- विद्यार्थीअनुपातमा शिक्षक नपुगेका विद्यालयहरूका लागि विद्यालय सहायता रकमको व्यवस्था गरी त्यस्ता विद्यालयलाई सहायता उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ। विद्यमान शैक्षिक असमानता अन्त्य गर्नका लागि गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरूमा एकै प्रकारको पाठ्यक्रम लागु गरिनेछ। गाउँपालिकाभित्र सञ्चालित सबै विद्यालयहरूमा एकै प्रकारको ड्रेस कोड लागु गर्न वातावरण मिलाइनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक पर्ने पूर्वाधार विकास सूचना प्रविधि, शैक्षिक सामग्री एवम् प्रयोगशाला निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ। सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि सिकाइ उपलब्धिको मापन गरी उत्कृष्ट हुने विद्यालयलाई पुरस्कृत गरिनेछ। सामुदायिक विद्यालयको समस्या समाधानका लागिसम्बन्धित विद्यालयकाव्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक र वडा समितिका पदाधिकारीहरूसमेतको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- विपन्न तथा दलित बालबालिकाहरूलाई शैक्षिक सामग्री तथा विद्यालय पोशाकको व्यवस्था गरिनेछ। सामुदायिक विद्यालयका माध्यमिक तहमा अध्ययनरतछात्राहरूका लागि सेनेटरी प्याडको व्यवस्था गरिनेछ।
- अङ्ग्रेजी माध्यममा सञ्चालित सामुदायिक विद्यालयहरूका लागिशिक्षक अनुदानको व्यवस्था गरिनेछ । बालविकास सहजकर्ताको कर्मचारीको सुविधालाई मध्यनजर गर्दै आवश्यक व्यवस्था गरिनेछ।
- शिक्षा क्षेत्रमा बालिकाहरूलाई प्रोत्साहन गर्न "हामी पढाउँछौं हाम्री छोरीलाई" भन्ने नाराका साथ प्रतापपुर गाउँपालिकाभित्रका विद्यालय तहका सबै कक्षाका उत्कृष्ट छात्रालाई पुरस्कृत गरिनेछ।

- सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा विद्यालयहरूलाई नवीनतम प्रविधिसँग जोड्न " एक वडा एक नमूना विद्यालय निर्माण कार्यक्रम" सञ्चालन गरिनेछ।
- प्रतापपुर गाउँपालिकाभित्रका युवा तथा विद्यार्थीको बहुआयामिक क्षमताको विकास गर्न राष्ट्रपति रनिङ् शिल्डसँग आवद्ध गरी गाउँपालिका स्तरमा अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ। सर्वोत्कृष्ट तथा उत्कृष्ट खेलाडीहरूलाई सम्मान तथा पुरस्कार एवम् जिल्ला, प्रदेश र सङ्घ स्तरमा सञ्चालित खेलकुद कार्यक्रममा सहभागी हुने विपन्न खेलाडीहरूलाई आवश्यक सहयोग तथा उत्कृष्ट स्थान हासिल गर्ने खेलाडीहरूलाई विशेष सम्मान गरिनेछ।

**शैक्षिक सूचकगत उपलब्धि तथा अन्तर (स्रोत : २०७७ को Flash Report) :**

नेपालको राष्ट्रिय स्तरको र प्रतापपुर गाउँपालिकाको शैक्षिक सूचकहरूको तुलनात्मक विवरण तथा प्रतापपुर गाउँपालिकाले यस शिक्षा योजनाको अन्तिम वर्षका लागि अवलम्बन गरेको लक्ष्य निम्नानुसार छ :

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको | प्रतापपुरको (आधार वर्ष २०७८) | वि.सं २०८३ को लक्ष्य |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर (GER) | ८७.६ | ११३.९ | १०० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर (NER) | ६८.२ | ८६.० | ९० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७०.१ | ८७.२ | ९० |
| ४ | कक्षा एकमा (NIR) | ९७.३ | ९७.७ | ९९ |
| ५ | कक्षा एकमा (GIR) | १२०.७ | १२४.३ | १११ |
| ६ | कक्षा १ देखि ५ को NER | ९७.४ | ९८.२ | ९९ |
| ७ | कक्षा १ देखि ५ को GER | ११८.२ | ११४.२ | ११० |
| ८ | कक्षा ६ देखि ८ को NER | ९२.० | ९६.७ | ९८ |
| ९ | कक्षा ६ देखि ८ को GER | ११४.६ | १०३.७ | १०५ |
| १० | आधारभूत तहको NER | ९४.७ | ९६.५ | ९८ |
| ११ | आधारभूत तहको GER | ११३.२ | ११०.६ | १०९ |
| १२ | माध्यमिक तहको NER | ५१.२ | ५४.७ | ६८ |
| १३ | माध्यमिक तहको GER | ७५.७ | ६७.५ | ७८ |
| १४ | प्रारम्भिक बालविकास तहको GPI | ०.८५ | ०.७७ | ०.९५ |
| १५ | कक्षा १ को GPI | ०.९७ | ०.९८ | ०.९९ |

| | | | | |
|---|---|---|---|---|
| १६ | कक्षा १-५को GPI | ०.९९ | ०.९२ | ०.९५ |
| १७ | आधारभूत तहको GPI | ०.९९ | ०.९९ | १.० |
| १८ | माध्यमिक तहको GPI | १.०५ | ०.९५ | ०.९७ |
| | **कक्षा स्थानान्तरण (विद्यार्थी प्रवाह)** | | | |
| १ | कक्षा चढ्ने दर १ देखि ५ | ९०.४ | ९०.७ | ९३.८ |
| २ | कक्षा चढ्ने दर ६ देखि ८ | ९३.२ | ९२.८ | ९४ |
| ३ | कक्षा चढ्ने दर ९ देखि १० | ९५.५ | ९४.६ | ९६ |
| ४ | कक्षा दोहोऱ्याउने दर १ देखि ५ | ६.३ | ६.४ | ४ |
| ५ | कक्षा दोहोऱ्याउने दर ६ देखि ८ | ३.३ | ४.५ | ३.५ |
| ६ | कक्षा दोहोऱ्याउने दर ९ देखि १० | १.८ | २.९ | २.६ |
| ७ | कक्षा छाड्ने दर १ देखि ५ | ३.३ | २.९ | २ |
| ८ | कक्षा छाड्ने दर ६ देखि ८ | ३.५ | २.७ | २.५ |
| ९ | कक्षा छाड्ने दर ९ देखि १० | २.७ | २.५ | २ |

**तालिका नं.-१**

**आन्तरिक सक्षमता (बचाउ दर)**

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको | प्रतापपुरको (आधार वर्ष २०७८) | वि.सं २०८३ को लक्ष्य |
|---|---|---|---|---|
| १ | कक्षा ५ सर्भाइबल दर | ९२ | ९२.४ | ९२.४ |
| २ | कक्षा ८ सर्भाइबल दर | ८४.५ | ८४.५ | ८५.५ |
| ३ | कक्षा १० सर्भाइबल दर | ६८ | ६८ | ७५ |

**सूचकहरूको अध्ययनबाट पहिचान भएका कुराहरू:**

- प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्नादर ८६ हुनु सकारात्मक सूचक हो।
- प्रारम्भिक बालविकास शिक्षामा कुल भर्नादर ११३.९ देखिन्छ। यहाँ कुल भर्नादर र खुद भर्नादरमा करिब २८ प्रतिशतको फरक छ। यसबाट भन्न सकिन्छ कि २८ प्रतिशत उच्च उमेरका र कम उमेरका बालबालिकाहरू प्रारम्भिक बालविकास शिक्षामा छन्। सरोकारवालाको भनाइमा यसको मुख्य कारण संस्थागत विद्यालयहरूले भर्ना गरेकाधेरै बालबालिकाहरू ५ वर्ष उमेरमा कक्षा १ मा पुगेका छैनन् र प्रारम्भिक बालविकास तथा शिक्षामा पढ्ने उमेरका ३ वर्ष र ४ वर्षका बालबालिकाहरू प्रस्ट रूपमा छुट्टिएका छैनन्।
- कक्षा १ को NIR ९७.७ हुनुले प्रतापपुरका अधिकांश ५ वर्षका बालबालिकाहरूप्रतापपुरकै विद्यालयमा पढिरहेका छन् भन्ने देखिन्छ। तर प्रारम्भिक बालविकास तथा शिक्षाको सूचकअनुसार कक्षा १ मा पढ्ने उमेरका बालबालिका तल्लो तहमा रोकिएका छन्। सरोकारवालाहरूसँगको अन्तरक्रियामा निजी विद्यालयमा भर्ना भएका बालबालिकाहरू ७ वर्षमा मात्र कक्षा १ मा पुग्ने तर्क छ।

- प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा १ मा भर्ना हुने दर ८७.२ हुनुसकारात्मक सूचक हो।
- कक्षा १ को IR र कक्षा १-५ को NER क्रमशः ९७.७ र ९८.२ छ। यसबाट प्रस्ट हुन्छ कि प्रतापपुरमा विशेष कारणले २ देखि ३ प्रतिशत बालबालिका विद्यालयबाहिर छन्। त्यसको खोजी गर्नुपर्दछ।
- १-५ को NER ९८.२ र GER ११४.२ देखिन्छ। यसको मतलब १६ प्रतिशत माथिल्लो कक्षामा पढ्ने उमेरका बालबालिका कक्षा १-५ मा छन्। GER दर घटाउनका लागि क्रियाकलापमा आधारित शिक्षण सिकाइमा टेवा प्रदान र सुधारात्मक शिक्षण गर्नुका साथै मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्ग बनाउनुपर्दछ।
- आधारभूत तहमा अध्ययनरत ७ प्रतिशत बालबालिकाहरू माध्यमिक तह पढ्ने उमेरका छन्। त्यस्तै २.५ प्रतिशत बालबालिकाहरूको खोजी गरी शिक्षाको अवसरभित्र ल्याउनु गाउँपालिकाको दायित्व हो।
- माध्यमिक तहमा पढ्ने उमेरका ४५.३ प्रतिशत बालबालिकाहरू शैक्षिक प्रणालीभन्दा बाहिर छन्।
- GPI का सूचकहरू हेर्दा सबै तहमा छात्राको अनुपातमा छात्रको सङ्ख्या बढी छ। यसलाई समुदायमा सर्वेक्षण गरेर किटान गर्नुपर्दछ।
- कक्षा स्थानान्तरणको अध्ययन गर्दा कक्षा १-५मा कक्षा दोहोऱ्याउने दर उच्च छ। कक्षोन्नति दर वृद्धि गर्न र कक्षा दोहोऱ्याउने दर घटाउन राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम र एकीकृत पाठ्यक्रमअनुसारकक्षा सञ्चालनार्थ शिक्षकको क्षमता अभिवृद्धि गर्न कक्षा अवलोकन सहयोग (Onsite support) को व्यवस्था गर्नुपर्ने देखिन्छ।
- सबै कक्षामा कक्षोन्नति दर वृद्धि गर्न र कक्षा दोहोऱ्याउने दर घटाउन विज्ञ समूहलाई क्रियाशील गराएरशिक्षकहरूको क्षमता विकास गर्नुपर्ने आवश्यकता देखिन्छ।
- कक्षा शिक्षणमा आधुनिक प्रविधि र व्यवहार कुशल सीपकोप्रयोग गरी शिक्षण गर्ने तथा परियोजना कार्यमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ।
- समावेशी शिक्षा, अपाङ्गताको लागि विशेष शिक्षा र विपन्न तथा लोपोन्मुख वर्गका लागि शिक्षालाई प्रभावकारी गराउन समुदायको सर्वेक्षण गरी सबैका लागिशिक्षाको सुनिश्चितता गर्नुपर्ने जरुरी देखिन्छ।

**सिकाइ उपलब्धि सूचक (२०७७ को परीक्षाको नतिजाअनुसार)**

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको | प्रतापपुरको (आधार वर्ष २०७८) | वि.सं २०८३ को लक्ष्य |
|---|---|---|---|---|
| १ | कक्षा १–५को सिकाइ उपलब्धि | N/A | ५५.४७ | ६५ |
| २ | कक्षा ६–८ को सिकाइ उपलब्धि | N/A | ५१.६८ | ६२ |
| ३ | कक्षा ९–१० को सिकाइ उपलब्धि | N/A | ५१.९४ | ६३ |

**तालिका नं.–२**

**मदरसाको सिकाइ उपलब्धि सूचक (२०७७ को परीक्षाको नतिजाअनुसार)**

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको | प्रतापपुरको (आधार वर्ष २०७८) | वि.सं २०८३ को लक्ष्य |
|---|---|---|---|---|
| १ | कक्षा १–५ को सिकाइ उपलब्धि | N/A | ५५.५९ | ६५ |
| २ | कक्षा ६–८ को सिकाइ उपलब्धि | N/A | ५०.६३ | ६१ |
| ३ | कक्षा ९ को सिकाइ उपलब्धि | N/A | ६१.७ | ६२ |

**तालिका नं.–३**

**नोट** : गाउँपालिकाको सिकाई उपलब्धि विवरणमा NASA सिकाइ उपलब्धि मापन औजार प्रयोग नगरिएकोले राष्ट्रिय स्तरको उल्लेख नगरिएको , तसर्थ औषत प्राप्ताङ्कको आधारमा सिकाई उपलब्धि उल्लेख गरिएको

सिकाइ उपलब्धिको अध्ययन गर्दा समग्रमा सामान्य स्तरको उपलब्धि हासिल गरेको देखिन्छ। एकिकृत पाठ्यक्रमले ६० भन्दा कम प्रतिशतलाई सामान्य मानेको छ। त्यसकारण कक्षा कोठाको शिक्षण सिकाइमा सुधार गर्न, मूल्याङ्कनलाई शिक्षण सिकाइसँग जोड्न, एकीकृत पाठ्यक्रमअनुसार कक्षा क्रियाकलाप गराउन शिक्षकको पेशागत विकास गर्नुका साथै कक्षा कोठामा क्लिनिकल सुपरीवेक्षण र सहयोग पुऱ्याउने कामका लागिपालिकास्तरको प्राविधिक संयन्त्र निर्माण गरेर पालिकाभित्रका सबै विद्यालयका कक्षा कोठामा अनुगमन र सहयोग उपलब्ध गराउनुपर्ने देखिन्छ।

**विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन अवस्था :**

**विद्यालय क्षेत्र विकास योजनाको दूरदृष्टि**

“राष्ट्रको सामाजिक आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्द्धनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउनु”

**विद्यालय क्षेत्र विकास योजनाका मुख्य उद्देश्यहरू**

समतामूलक सिकाइ, गुणस्तरीय सिकाइ र गुणस्तरको मापदण्ड निर्धारण गरी सिकाइ सुनिश्चित गर्नु विद्यालय क्षेत्र विकासयोजनाको मुख्य उद्देश्य हो। त्यसैगरी समग्र शैक्षिक प्रणालीमा सुशासन कायम गरी द्वन्द्व र विपद्बाट बालबालिकालाई उद्धार गर्नु पनि यसका उद्देश्यहरू हुन्।

**विद्यालय क्षेत्र विकास योजनाअन्तर्गत कार्यान्वयन भएका मुख्य कार्यक्रमहरूर तिनबाट प्राप्त उपलब्धि र चुनौती तथा अवसरहरू**

**SSDP अन्तर्गत कार्यान्वयन भएका मुख्य कार्यक्रमहरू र तिनबाट प्राप्त उपलब्धिहरु :**

| कार्यक्रम | उपलब्धि |
|---|---|
| सुशासन तथा व्यवस्थापन | • प्रधानाध्यापकले शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने र शिक्षकले कक्षा कोठाको शिक्षण सिकाइमा बिताएको समयको अनुगमन गर्ने काम सुरु भएको तर रेकर्ड राख्ने तथा प्रोत्साहन गर्ने कामसँग जोड्ने कार्य हुन बाँकी छ।<br>• गाउँपालिकाले गुणस्तरीय शिक्षाको पहुँचको सुनिश्चितता गर्नका लागियोजना तर्जुमा गर्ने कार्य सुरु गरेको छ।<br>• डिजिटल लेखा प्रणालीको पूर्वाधार तयार भएको छ। |
| राष्ट्रिय आवधिक योजना निर्माण | • विद्यालयहरूलाई वार्षिक कार्ययोजना, विद्यालय सुधार योजना, वार्षिक रणनैतिक कार्यान्वयन योजना निर्माण गर्न लगाइएको छ।<br>• राष्ट्रिय योजना आयोगले चौधौं योजना २०७२ माराखेका विद्यालयहरूको पुनर्स्थापनाको कामगर्ने निकाय छुट्टै भएकोले गाउँपालिकाको तर्फबाट अनुगमन गरेर वर्तमान अवस्थामा आवश्यकता पहिचान गर्न बाँकी छ। |

| | |
|---|---|
| गुणस्तर वृद्धि | ● प्रारम्भिक कक्षामा पढाइ कार्यक्रम (NEGRP) कार्यान्वयन भएको छ।<br>● IEMIS को आधारमा योजना निर्माण सुरु भएको छ।<br>● मदरसाबाहेकका सबै माध्यमिक विद्यालयहरू र केही आधारभूत विद्यालयमा ICT स्थापना भएको छ। ICT को सिकाइमा प्रयोग गर्ने योजना तयार भएको छ। आगामी वर्षबाट कार्यान्वयनमा ल्याइनेछ।<br>● विषय शिक्षकका लागि गाउँपालिकाले थप शिक्षक अनुदानको व्यवस्था गरेको छ।<br>● गुरुकुल र मदरसामा पनि अनुगमनको व्यवस्था सुरु गरिएको छ।<br>● आधारभुत तह (बालविकास देखि ५ कक्षा सम्म) का विद्यार्थीलाई दिवा खाजाको व्यवस्था भएको छ।<br>● आधारभूत तहको परीक्षाको नतिजाको आधारमा उत्कृष्ट शिक्षकहरुलाई पुरस्कार तथा प्रोत्साहनका साथै जेहेन्दार विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने कार्य गरिएको छ।<br>● सामुदायिक विद्यालयहरुमा निःशुल्क तथा अनिवार्य शिक्षाको कार्यान्वयनको प्रयास गरिएको छ।<br>● सामुदायिक विद्यालयका माध्यमिक तह सम्मका सबै विद्यार्थीहरूले निःशुल्क पाठ्यपुस्तक प्राप्त गरेका छन्।<br>● सामुदायिक तथा संस्थागत विद्यालयहरुको गुणस्तर निर्धारणको मापदण्ड तयार हुँदैछ। |

**तालिका नं.–४**

**दिगो विकास लक्ष्य (४) का प्राप्ति, चुनौती तथा अवसरहरू**

**(Ensure inclusive and equitable quality education and promote lifelong opportunities for all)**

**प्राप्ति**

- सामुदायिक विद्यालयका कक्षा १२ सम्म सबै बालबालिकाले निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्छन्। माध्यमिक तहसम्मका सबै बालबालिकाहरूले शिक्षण शुल्क तिर्नु पर्दैन।
- ८७ प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा १ मा भर्ना भएका छन् ।
- कृषि, पशुपालन, स्वास्थ्यसम्बन्धी अनौपचारिक शिक्षाको बेलाबेलामा तालिमहरू सञ्चालन भएका छन्।
- औपचारिक शिक्षामा लैङ्गिक समता सूचक ०.९५ रहेको छ।

**अवसरहरू**

- सामुदायिक विद्यालयहरूको वितरण सर्वसुलभ छ।
- आधारभूत तथा माध्यमिक तहका सबै सामुदायिक तथा धार्मिक विद्यालयहरूमा प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था भएको छ।
- गाउँपालिकामा एउटा विशेष शिक्षा (सुस्त श्रवण) प्रदान गर्ने आवासीय विद्यालय छ। सार्वजनिक विद्यालयहरूमा सबैलाई भर्ना हुने अवसर प्राप्त छ।

**चुनौतिहरू**

- बालबालिकाको औसत सिकाइ उपलब्धि कम छ। यसमा सुधार गर्न शिक्षकको पेसागत विकास तथा मूल्याङ्कनलाई सिकाइसँग जोड्नुपर्ने आवश्यकता देखिन्छ।
- सबै महिला पुरुषलाई स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक विषयको आवश्यकतानुसार अनौपचारिक शिक्षाको अवसर सिर्जना गर्नुपर्ने देखिन्छ।
- युवाहरूका लागिराज्यको तर्फबाट स्थानीय स्तरमा सान्दर्भिक रोजगारयुक्त व्यवसायमूलक र प्राविधिक ज्ञानमूलक शिक्षाको अवसर सर्वसुलभ गर्नुपर्ने देखिन्छ।

**विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतिहरू**

शिक्षाको प्रतिफल समाजले प्राप्त गरेको प्रतिविम्बप्रशासनिक निकायहरूमा आइपुग्नुपर्दछ। त्यस्तो हुनका लागिस्थानीय स्तरमा निम्न चुनौतिहरू रहेका छन् :

- शिक्षामा नयाँ अनुसन्धान र नयाँ सोचको अभाव खड्किएको छ, जसको कारण गुणस्तरको मापदण्ड सुनिश्चित हुन सकेको छैन। बालबालिकाहरूको सिकाइ उपलब्धि न्यून छ।
- विद्यालयप्रतिसमुदायको चासो नभएका कारण शिक्षकहरूलाई समुदायको शैक्षिक अपेक्षा पूरा गर्न सामाजिक दबाव नभएको र जवाफदेहिता वहन गर्न आलटाल गरेको पाइन्छ। शैक्षिक योजनाहरू कार्यान्वयनमा शैक्षिक प्रशासन र विद्यालयका प्रधानाध्यापकहरु अपेक्षाकृत रुपमा सफल नभएको अवस्था छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक,विद्यार्थी र अभिभावकको ऐक्यबद्धताको स्थिति सिर्जना गर्नुपर्ने आवश्यकता छ।
- समुदायमा भएका अपाङ्गता, पिछडा वर्ग, महिला, पुरुष, विभिन्न प्रकारका पिडित तथा लोपोन्मुख वर्गका जनसङ्ख्याको किटान नभएकाले पुरानै जनगणनालाई आधार मानेर योजनाहरू निर्माण गर्नुपर्ने बाध्यता छ। त्यसकारण पालिका स्तरीय घरधुरी सर्वेक्षण गरी शैक्षिक सूचना अभिलेखिकरणगर्नुपर्ने आवश्यकता छ।
- नयाँ पाठ्यक्रम कार्यान्वयन गर्न, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमअनुसार कक्षा सञ्चालन गर्न र मूल्याङ्कन प्रणालीलाईशिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा स्थापित गर्न शिक्षकहरूको पेसागत विकाससम्बन्धी तालिम र कक्षाकोठामा शिक्षण सिकाइको सुपरीवेक्षण तथा सहयोग गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ।
- विपद् व्यवस्थापनका लागि विद्यालयगत अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्न संयन्त्रको पुनर्संरचना तयार गर्नुपर्नेछ।
- सबै विद्यालयहरूमा बालमैत्री र अपाङ्गमैत्री भौतिक अवस्थाको तथ्याङ्क सङ्कलनगरी आवश्यक सुधार गर्नुपर्नेछ।
- व्यवहार कुशल सीपसहितको क्रियात्मक कक्षा सञ्चालनको अवस्था सिर्जना गर्नुपर्ने आवश्यकता छ।
- शिक्षाका हरेक योजनाहरूको आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गरी त्यसको सुझावलाई कार्यान्वयन गराउनुपर्ने अवस्था छ।
- तीन तहका सरकारहरूबिचको समन्वय पारदर्शी र विश्वसनीय ढाँचा तयार भएको छैन, कार्यक्रमहरू एकद्वार प्रणालीमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीबमोजिम सङ्कलन भएका सूचनाहरू र नतिजाहरूको प्रतिविम्बन विद्यालयसम्म पुऱ्याउने व्यवस्था गर्नु जरुरी छ।
- गाउँपालिकास्तरमा परियोजना मूल्याङ्कनको लागि गाउँपालिकाको शिक्षा हेर्ने अधिकृतसमेत रहेको विज्ञहरूको एउटा स्वतन्त्र मूल्याङ्कन समितिमार्फत परियोजनाको आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गराउनुपर्ने र त्यसको सुझाव सार्वजनिक गरी कार्यान्वयनमा ल्याउनुपर्नेछ।
- माथिका सबै कार्यहरू प्रभावकारी ढङ्गले कार्यान्वयनगर्न गाउँपालिकाको शिक्षा शाखामा प्राविधिक कर्मचारीको अभाव रहेको छ।

**विद्यालय शिक्षा क्षेत्रका मुख्य अवसरहरू**

- सामुदायिक विद्यालयहरूको वितरण सर्वसुलभ छ।
- शिक्षासम्बन्धीमुख्यमुख्य कानुनी तथा नीतिगत व्यवस्था तयार भएको छ।
- शैक्षिक प्रणालीमा सहयोग गर्ने निम्न संस्थाहरू छन् :
  - स्थानीय सरकार (गाउँपालिका), स्वास्थ्य संस्थाहरू, वि.व्य.स., शि.अ.सं, सामाजिक परीक्षण समिति, बालक्लबहरू
  - विभिन्न गैर सरकारी संघ संस्था तथा सहकारी संस्थाहरु
- आधारभूत तहका सबै सामुदायिक तथा धार्मिक विद्यालयहरूमा प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गरिएको छ।
- गाउँपालिकामा एउटा विशेष शिक्षा प्रदान गर्ने विद्यालय स्थापना गरिएको छ। सार्वजनिक विद्यालयहरूमा कुनै पनि कारणले भर्ना हुन नपाउने अवस्था छैन।
- गाउँपालिकाले थप शिक्षक अनुदान, शिक्षक र विद्यार्थीका लागि प्रोत्साहन अनुदानको व्यवस्था छ।
- तीन तहका सरकारबाट सहयोग तथा अनुदान सहकार्यमा पनि भएको छ भने सिधै विद्यालयसँग पनि सहकार्य भएको छ।
- मूल्याङ्कन : विद्यालयहरूले विद्यार्थीको निरन्तर र आवधिक मूल्याङ्कन गरेर वार्षिक एक पटक गाउँपालिकामा पेस गरेपछि गाउँपालिकाले विश्लेषण गरी सुझाव दिने व्यवस्था छ। कोभिड १९ को कारणले उपलब्धि मूल्याङ्कन रोकिएको छ।

### १.१.४ योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो। योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माणगर्नुपर्छ। त्यसैले योजना निर्माण गर्नुजटिल र चुनौतिपूर्ण कार्य पनि हो। विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ । यो गाउँ शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ।

- प्रतापपुर गाउँपालिकाको शिक्षा योजना निर्माणका लागि निर्देशन समिति ३ जना, सल्लाहाकार समिति ३ जना, र ७ सदस्यीय योजना निर्माण कार्यदलको गठन भएको।
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको। योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको।
- योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको।
- स्थानीय तहका जनप्रतिनिधिहरू, विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शि.अ. सङ्घ अध्यक्ष, अभिभावक र अन्य शैक्षिक सरोकारवालाहरूसँग समुदाय अंकपत्र मार्फत Gap Analysis गरी सुधारका लागि आवश्यक क्रियाकलापहरुमा सुझाव सङ्कलन गरिएको।
- आवश्यक प्रश्नावली तथा तथ्याङ्क सङ्कलन फाराम तयार गरीसम्बन्धित स्थानमा पुगी सरोकारवाला पक्षहरू जस्तैः वडा कार्यालय, अपाङ्गताको क्षेत्र, भिन्न प्रकृतिका विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्र, बालकल्याण गृह, धार्मिक विद्यालय, प्राविधिक विद्यालय तथा प्रतिष्ठान, जनप्रतिनिधिहरू, लक्षित वर्गहरूसँग सुझाव सङ्कलन गरिएको।
- आम सरोकारवाला पक्षहरू र शिक्षाप्रेमी बुद्धिजीवीहरूसँग सहयोग एवम् सुझाव माग गरिएको।
- गाउँपालिकाको गुरुयोजना, शिक्षा शाखामा तयार पारिएका वार्षिक स्थिति प्रतिवेदन तथा प्रदेश सरकारको वस्तुस्थिति र अन्य आधार पत्रहरूको समेत अध्ययन गरिएको।
- जिल्ला शिक्षा योजना तथा अन्य तथ्याङ्कहरूलाई आधार बनाइएको।
- तथ्याङ्क सङ्कलन, प्रक्षेपण, विश्लेषण र प्रमाणीकरण गरिएको।
- विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको।

- गाउँ कार्यपालिका तथा गाउँसभाबाटपरिमार्जित तथा अनुमोदनसहितको तथ्याङ्क लिइएको
- अध्ययन अनुसन्धान शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको राष्ट्रिय शिक्षा नीति-२०७६, SSDP-२०७३ र पन्ध्रौं योजना आदि दस्तावेजहरूको अध्ययन गरिएको ।
- दिगो विकास लक्ष्य (२०१५-२०३०) लाई मार्ग निर्देशनको रुपमा लिइएको ।
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५र राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६ को अध्ययन गरिएको ।

**पूर्व योजनाहरूको समीक्षा**

जनप्रतिनिधि संस्थाको रूपमा विकास भई स्थानीय सरकारको रुपमा स्थापित भएपछि शिक्षाको योजना निर्माण गर्नु मुख्य प्राथमिकता हो । मुख्यतया यो योजना यस गाउँपालिकाको पहिलो शिक्षा योजना भएकाकारण योजनाहरूको समीक्षा गर्ने कार्य नभए तापनि यस गाउँपालिकाको आवधिक योजना तथा विद्यालय सुधार योजना, जिल्ला शिक्षा योजनाहरू, प्रतापपुर गाउँपालिकाको प्रोफाइल २०७४, प्रतापपुर गाउँपालिकाको शैक्षिकस्थिति प्रतिवेदन २०७८ लगायतलाई मार्गदर्शनको रूपमा लिइएको छ । कतिपय योजनालाई निरन्तरता र केही नयाँ योजनाहरू स्थानीय सरकारको आवश्यकतालाई महसुस गरी कार्यान्वयन गर्न मिल्ने योजनाका रूपमा आएका छन् । तलदेखि माथि बन्ने उर्धमुखी (Bottom up Approach) योजनाको स्थानीय रूपलाई आधार मानीयोजना निर्माण गरिएको भए तापनि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय मागअनुसारका कार्यक्रमहरू समन्वयात्मक रूपमा लैजान सके योजनाले राखेका अपेक्षा पूरा हुने देखिन्छ ।

**योजना निर्माणको खाका**

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न मुख्यतया विद्यालय पहुँचबाहिर रहेका बालबालिकाहरूलाई विद्यालय पुऱ्याउनका लागि विद्यालय तथा बालविकास केन्द्रहरूलाई पहिलो एकाइ अर्थात् खुड्किलो मानेर विद्यालयद्वारा भरेर पठाइएका तथ्याङ्क विवरणहरू, फ्ल्यास रिपोर्ट, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क, प्रतापपुर गाउँपालिकाको शिक्षाको स्थिति प्रतिवेदन २०७८, शिक्षा विकास तथा समन्वय एकाइद्वारा प्रकाशन गरिएको शैक्षिक बुलेटिन - २०७७, विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शि.अ. सङ्घ अध्यक्ष, अभिभावक र अन्य शैक्षिक सरोकारवालाहरूबाट प्राप्त सुझाव, अन्य योजना तथा प्रतिवेदन आधारपत्रहरूमा राखिएका द्वितीय स्रोत एवम् स्थलगतरूपमा गरिएको छलफल एवमूप्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतकारूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ ।

- बाहिरी पृष्ठसहित योजनाको रूप
- भूमिका
- सारांश योजना, निमार्णको प्रक्रिया
- योजनाको Vission, Mission, Goal, Objectives
- प्रतापपुर गाउँपालिकाको सामान्य परिचय

खण्ड एक : परिचय

खण्ड दुई : शिक्षा क्षेत्र योजना

खण्ड तीन : शिक्षाका उपक्षेत्रहरू

खण्ड चार : संस्थागत संरचना र क्षमताविकास

खण्ड पाँच : लगानी र स्रोत व्यवस्थापन

खण्ड छ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

खण्ड सात : मुख्यमुख्य क्रियाकलाप र उपलब्धिसूचक

प्रत्येक खण्ड र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्वपूर्ण स्थान दिइएको छ ।

## परिच्छेद २ : शिक्षा क्षेत्र योजना

**विद्यमान शिक्षा योजनाले निर्देशित गरेका पक्षहरू SSDP अन्तर्गत कार्यान्वयन भएका कार्यक्रमहरूको अवस्था**

- ४ वर्षदेखि १२ वर्षका बालबालिकालाई आधारभूत तह (१ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षा दिएर कक्षा १-८ सम्मको पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गराउन) संलग्न गराउने काम लागु भएको छ। गुणस्तरीय पहुँच सुनिश्चितताको लागि मापन गर्नेकामको थालनीमात्र भएको छ। आधारभूत तहमा अध्ययनरत बालबालिकालाई माध्यमिक शिक्षामा प्रवेश योग्य गराउन शारीरिक, सामाजिक-संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमता सुनिश्चित गर्नकालागि मानक तयार भै सकेको छैन। आधारभूत शिक्षालाई जीवनोपयोगी सीप एवम् मूल्यमा आधारित बनाउनकालागि पठनपाठनमा व्यवहारकुशल सीपलाई एकीकृत शिक्षण गर्न सुरु गरेको छ। तर यसबाट राष्ट्रको अर्थतन्त्र तथा सामाजिक सांस्कृतिक विविधताका बारेमा परिचित गराएको कुरा सुनिश्चित भइसकेको अवस्था छैन।
- तीनै तहका सरकारबाट प्राप्त छात्रवृत्ति एवम् प्रोत्साहन प्रदान गरेर सामाजिक तथा आर्थिक रूपले पछाडि परेका बालबालिकालाई विद्यालय सहभागिता अभिवृद्धि गराउने काम भएको छ।
- प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालयको संरचनाभित्र ल्याउने काम पूरा भएको छ साथै गाउँपालिका मार्फत यसमा कार्यरत शिक्षकहरूलाई पारिश्रमिकको स्रोत सुनिश्चित गरिएको छ।
- अपाङ्ग तथा अन्य सिकाइ कठिनाइ भएका बालबालिकाका लागि विशेष शिक्षाको कक्षा सञ्चालन भई स्वास्थ्य संस्थासँगको समन्वयमा आवश्यकताहरू पहिचान र आवश्यकतानुरूप शैक्षिक कार्यक्रम सञ्चालन भएको छैन।
- अनौपचारिक शिक्षाबाट बालबालिका तथा युवाहरूलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउनकालागि साझेदार संस्थासँग सहकार्य गरिएको छ तर समुदायमा कति बालबालिका तथा युवाहरूविद्यालय बाहिर छन् भन्ने स्पष्ट तथ्याङ्क तयार भएको छैन, त्यसका लागि घरधुरी सर्वेक्षण गर्नुपर्ने आवश्यकता छ। साथै त्यस्ता बालबालिकाहरुका लागि द्रुत तथा खुला सिकाईका कार्यक्रम मार्फत औपचारिक शिक्षामा समावेश गनुपर्ने देखिन्छ।
- माध्यमिक तहमा साधारण तथा प्राविधिक धारका विद्यालयहरू सञ्चालनमा आएका छन्। यस कार्यक्रमलाई सर्वसुलभ गराउनकालागि प्रतापपुर गाउँपालिकाको सबै माध्यमिक तहका विद्यालयहरूमा एउटा-एउटा प्राविधिक तथा व्यावसायिक विषयको पठनपाठन गराईयुवा वर्गलाई घर-घरमै रोजगारी सिर्जना गरी सैद्धान्तिकबाट प्रयोगात्मक शिक्षातर्फ स्थानान्तरण गरिँदै छ।
- प्रतापपुर गाउँपालिकामा विज्ञान तथा गणित विषयको विज्ञसमूहको संयन्त्र तयार भई एकीकृत पाठ्यक्रमअनुसार पेसागत सहयोग उपलब्ध गराउने व्यवस्था सुचारु भएको छ।
- जीवनपर्यन्त सिकाइका लागि सबैखाले अनौपचारिक शिक्षाको कार्यक्रम सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन गर्ने व्यवस्था गरिएको छ तथापी सामुदायिक सिकाई केन्द्रहरुलाई थप व्यवस्थापन र सक्रिय गराउन जरुरी देखिन्छ।
- शिक्षकहरूलाई पेसागत सहयोग गर्नकालागि माध्यमिक तहका लागि विज्ञसमूहको गठन भइसकेको छ। आधारभूत तहका लागि एकीकृत पाठ्यक्रम र निरन्तर मूल्याङ्कनमा कक्षाकोठामै सहयोग गर्नकालागि गाउँपालिकास्तरको प्राविधिक टोली गठन र क्षमता विकास गरीकक्षाकोठामा क्लिनिकल सुपरीवेक्षण गर्न र सहयोग गर्न संरचना तयार गरी कार्यान्वयन गरिने लक्ष्य छ।
- आउँदो शैक्षिक वर्षबाट उपलब्धि परीक्षा सञ्चालन गरेर विद्यालयहरूको स्तरीकरण गरिने योजना छ।
- निर्णयात्मक तथा निर्माणात्मक मूल्याङ्कनलाई बालबालिकाको सिकाइसँग जोड्ने कामकालागि शिक्षकहरूको क्षमता विकास र अनुगमन मूल्याङ्कन गरिनेछ।
- शैक्षिक सत्र २०७९/०८०को सुरुमा वडागत रूपमा घरधुरी सर्वेक्षणगरी शैक्षिक सूचना प्रणालीलाई चुस्तदुरुस्त गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण र पुनर्लाभिका विषयमा हरेक विद्यालयका एक जना शिक्षकलाई तोकेर गाउँपालिकामार्फत क्षमता विकास गरेर त्रैमासिक रूपमा विद्यार्थीहरूलाई पूर्वाभ्यास गराउने नीति लिइनेछ।
- सबै विद्यालयहरूमा छात्र र छात्राका लागि छुट्टै शौचालय निर्माण गरिएको छ। महिनावारीको अवस्थामा निःशुल्क सेनेटरी प्याड प्राप्त गर्ने सुविधा छ। यस कार्यलाई अझ सजिलो बनाउन र स्वास्थ्य तथा सरसफाइलाई जीवनपर्यन्त गराउने नीति

लिइएको छ।

**योजना कार्यान्वयनबाट भएका सिकाइहरू**

गाउँपालिकाको कार्यालय शिक्षा शाखामा भएका २ जना जनशक्तिले SSDP ले तोकेको कार्यक्रम ठिक समयमा कार्यान्वयन गर्न नसकिने रहेछ।

- क्यास्केट एप्रोजबाट तालिम दिएको भरमा शिक्षकले कक्षाकोठामा एकिकृत पाठ्यक्रमको मर्मअनुसारको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नसक्दा रहेछन्। यसका लागि कक्षाकोठामा सहयोगको आवश्यकता पर्दो रहेछ।
- शिक्षकहरू स्पष्ट नभएर अक्षराङ्कन पद्धतिबाट मूल्याङ्कन गर्दा मूल्याङ्कन सिकाइकोलागि हुन सक्दैन र क्षमताबिना कक्षोन्नति भएको विद्यार्थीले योग्यता र कार्यदक्षता देखाउन सक्दैनन्।
- विद्यालयले दिने सूचनामा विविधता भएको अवस्थामा योजना भरभर्दो र विश्वसनीय हुँदैन।
- पालिकास्तरमा विद्यालय सेवा क्षेत्रको Disaggregate जनसाङ्ख्यिकीको स्पष्ट विवरणसहितको रेकर्ड अद्यावधिक नहुँदा योजना निर्माणमा बाधा हुने र सूचकहरू निश्चित नहुने रहेछ।
- शिक्षामा समुदायलेस्पष्ट अपेक्षा नराखेको अवस्थामा शैक्षिक प्रशासनको एकल प्रयासले शिक्षकहरूलाई पेसाप्रति पूर्ण जवाफदेही बनाउन नसकिँदो रहेछ।

**नयाँ शिक्षा योजनाले समेट्ने पक्षहरू**

| क्र.सं | नयाँ शिक्षा योजनाले समेट्ने पक्ष | विश्लेषण |
|---|---|---|
| १ | पहुँच | • समुदायमा भएका सबै बालबालिकालाई विद्यालय शिक्षामा ल्याउने<br>• विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूका लागि भवन, कक्षाकोठा, डेस्क, बेन्च, पाठ्यपुस्तक, सन्दर्भसामग्री पुस्तकालय, विज्ञान प्रयोगशाला, उपलब्ध गराउने<br>• छात्राहरूका लागि छुट्टै शौचालयको व्यवस्था गर्ने र सेनिटरी प्याड उपलब्ध गराउने<br>• अपाङ्गता भएका बालबालिकाहरूका लागि आवश्यकतानुसारको पठन सामग्री, भौतिक संरचना र व्यक्तिगत सहायता सामग्री उपलब्ध गराउने<br>• युवा तथा प्रौढहरूकालागि अपेक्षित व्यवसायिक तथा प्राविधिक शिक्षाको व्यवस्था मिलाउने<br>• सामुदायिक सिकाइ केन्द्रमार्फत अनौपचारिक शिक्षा (द्रुत सिकाई कार्यक्रम) सञ्चालन गराई अनौपचारिक शिक्षामार्फत आधारभूत तहमा भर्ना गराउने |
| २ | गुणस्तर | • बालबालिकाहरूलाई कक्षाकोठामा क्रियाशील गराई काम गरेर सिक्ने वातावरण मिलाउने<br>• एकीकृत पाठ्यक्रमका अवयवहरू हुबहु कार्यान्वयन गर्ने<br>• स्मरण गराउनेभन्दा व्यवहारिक र दिगो सिकाई गर्ने ढाँचामा शिक्षण सिकाइ क्रियाकलाप गराउने<br>• कक्षाकोठामा समूह सिकाइको वातावरण सिर्जना गर्ने<br>• कक्षा शिक्षणमा व्यवहार कुशल सीपलाई एकीकृत गर्ने<br>• शिक्षक विद्यार्थीको अनुपातबढिमा १:४० गराउने तर विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्ने<br>• कक्षा १ मा शतप्रतिशत बालविकास तथा शिक्षाको अनुभव लिएर आएका बालबालिका भर्ना गराउने<br>• बाल विकास तथा शिक्षालाई तोकिएको मापदण्डअनुसार सर्वाङ्गीण विकास, पोषण तथा स्वास्थ्य र शिक्षाको व्यवस्था मिलाउने<br>• विद्यार्थी मूल्याङ्कनलाई सिकाइसँग जोड्ने |

| | | |
|---|---|---|
| ३ | व्यवस्थापन | • सबै विद्यालयमा वि.व्य.स. र शि.अ.सं. गठन गर्ने<br>• सबै विद्यालयहरूमाविषय शिक्षण तालिका (रुटिङ),वार्षिक कार्यपात्रो, SIP, ASIP निर्माण र कार्यान्वयन गराउने<br>• सबै विद्यालयमा बालक्लबको व्यवस्था गरी क्रियाशिल गराउने<br>• गाउँपालिकाबाट विद्यालयहरूको सबै पक्ष (भौतिक, शैक्षिक र व्यवस्थापकीय) नियमित अनुगमन गर्ने |
| ४ | क्षमता विकास | • सबै शिक्षकलाई एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम दिने<br>• कक्षा १-५ मा कक्षाकोठामा शिक्षण सिकाइमा सहयोग गर्न सहजकर्ताको व्यवस्था गर्ने<br>• शिक्षकहरूको कार्यदक्षता अध्ययन गरी प्रोत्साहनको व्यवस्था गर्ने<br>• शिक्षकहरुलाई शिक्षक डायरी उपलब्ध गराई कार्यान्वयन गराउने<br>• नयाँ शिक्षकहरुलाई कम्तिमा ५ दिने सेवा प्रवेश तालिम संचालन गर्ने |
| ५ | मूल्याङ्कन | • कक्षा १-३ मा सिकाइ उपलब्धिमा आधारित निरन्तर मूल्याङ्कन गराउने यसैलाई आवधिक मूल्याङ्कनको साधनका रुपमा प्रयोगमा ल्याउने<br>• माथिल्ला कक्षाहरूमा निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कन दुबै प्रकारका मूल्याङ्कन प्रयोगमा ल्याउने।<br>• प्रयोगात्मक विषयहरूमा तोकिएबमोजिम मूल्याङ्कन गर्ने<br>• परियोजनाहरू लागु गर्दा आधार मूल्याङ्कन, मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गराउने।<br>• सबै विद्यालयमा आवधिक सामाजिक परीक्षण र लेखा परीक्षण गराउने<br>• विद्यालयमा गुनासो सुनुवाई संयन्त्र लागु गरी सुझाव पेटिकाको व्यवस्था गर्ने<br>• शिक्षक र विद्यार्थी पोशाकको अनिवार्य कार्यान्वयन गर्ने<br>• वर्षमा दुई पटक विद्यालयगत स्वमूल्याङ्कनगराउने |
| ६ | सुशासन | • सबै विद्यालयमा आवधिक सामाजिक परीक्षण र लेखा परीक्षण गराउने<br>• विद्यालयमा गुनासो सुनुवाई संयन्त्र लागु गरी सुझाव पेटिकाको व्यवस्था गर्ने<br>• शिक्षक र विद्यार्थी पोशाकको अनिवार्य कार्यान्वयन गर्ने<br>• वर्षमा दुई पटक विद्यालयगत स्वमूल्याङ्कन गराउने |

**तालिका नं.–५**

**२.१ सन्दर्भ र औचित्य**

प्रतापपुर गाउँपालिकाको शैक्षिक अवस्था : (विस्तृत विवरणका लागि अनुसूची १ मा हेर्नुहोला)

- जम्मा विद्यालय सङ्ख्या : (सामुदायिक ३१ संस्थागत २४) जम्मा ५५
- शिक्षक सङ्ख्या (सामुदायिक) : (महिला १०१ पुरुष १७६) जम्मा २७७
- शिक्षक सङ्ख्या(संस्थागत) : (महिला १४८ पुरुष १२८) जम्मा २७६
- कुल शिक्षक :(महिला २४९ पुरुष ३०४) जम्मा ५५३
- कुल प्रारम्भिक बालविकास : ५४ (छुट्टै कोठामा ४२ संयुक्त कक्षामा १२)
- बालविकास शिक्षक : ५५ जना

**कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालयको विवरण**

| विद्यालय को प्रकार | सञ्चालित कक्षाहरू | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | १–२ | १–३ | १–४ | १–५ | १–६ | १–७ | १–८ | १–९ | १–१० | १–११ | १–१२ | |
| आधारभूत विद्यालय | | | १ | | ७ | १ | १ | ७ | | | | | १७ |
| माध्यमिक विद्यालय | | | | | | | | | | ३ | | ३ | ६ |
| मदरसा | | | ४ | | १ | | | | | | १ | | ६ |
| धार्मिक विद्यालय | | | | १ | १ | | | | | | | | २ |
| संस्थागत विद्यालय | ३ | २ | २ | २ | ३ | २ | ३ | २ | | ३ | | २ | २४ |
| **जम्मा** | ३ | २ | ६ | ४ | १२ | ३ | ४ | ९ | ० | ६ | १ | ५ | **५५** |

**तालिका नं.–६**

**शिक्षक विवरण**

| विद्यालयको प्रकार | आधारभूत तह | | माध्यमिक तह | | जम्मा |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | |
| सामुदायिक विद्यालय | ४० | ६१ | ३८ | ९६ | २३५ |
| मदरसा | ११ | १६ | ० | ० | २७ |
| धार्मिक विद्यालय | १२ | ३ | ० | ० | १५ |
| संस्थागत विद्यालय | १४८ | १२८ | ०2 | ० | २७६ |
| **जम्मा** | **२११** | **२०८** | **३८** | **९६** | **५५३** |

**तालिका नं.–७**

**प्रारम्भिक बालविकास तथा शिक्षा**

| विद्यालयको प्रकार | छुट्टै कोठामा सञ्चालित | अन्य कक्षासँग संयुक्त गरी सञ्चालित | जम्मा |
|---|---|---|---|
| सामुदायिक विद्यालय | १७ | ६ | २३ |
| मदरसा | २ | ४ | ६ |
| धार्मिक विद्यालय | २ | ० | २ |
| संस्थागत विद्यालय | २१ | २ | २३ |
| **जम्मा** | **४२** | **१२** | **५४** |

**तालिका नं.–७**

**विद्यालयको भौतिक विवरण**

| विद्यालयको प्रकार | भवन सङ्ख्या | कक्षा कोठा सङ्ख्या | विज्ञान प्रयोगशाला | पुस्तकालय भएका विद्यालय | शौचालय भएका विद्यालय | छुट्टै छात्रा शौचालय भएका विद्यालय सङ्ख्या |
|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | १२३ | २९७ | ८ | १६ | २३ | २३ |
| मदरसा | १४ | ३७ | ० | १ | ५ | ५ |
| धार्मिक विद्यालय | ६ | २२ | ० | ० | २ | २ |
| संस्थागत विद्यालय | ४६ | २८४ | १० | ६ | २३ | २३ |
| **जम्मा** | **१८९** | **६४०** | **१८** | **२३** | **५३** | **५३** |

**तालिका नं. – ८**

**भौतिक आवश्यकताहरु**

**संस्थागत विद्यालयको माध्यमिक तहको महिला तथा पुरुष शिक्षक विवरण उपलब्ध नभएको**

| विद्यालयको प्रकार | थप कक्षाकोठा सङ्ख्या | थप फर्निचर सङ्ख्या (डेक्स बेन्च) | कक्षा १–३ कालागि भुइँ बसाइ व्यवस्थापन | शौचालय निर्माण गर्नुपर्ने |
|---|---|---|---|---|
| सामुदायिक विद्यालय | ४ | ४८० सेट | ५७ | ० |

| | | | | |
|---|---|---|---|---|
| मदरसा | ३ | ९५ | २ | १ |
| धार्मिक विद्यालय | ० | ० | ६ | ० |
| संस्थागत विद्यालय | ० | ० | ० | ० |
| **जम्मा** | **७** | **५७५** | **६५** | **१** |

**तालिका नं.–१०**

**प्रतापपुर गाउँपालिकामा शिक्षा योजनाको औचित्य**

प्रतापपुर गाउँपालिकाले स्थानीय तहको आवधिक योजना तथा कार्यक्रमलगायत शिक्षा ऐन, स्थानीय प्रशासन ऐन, सार्वजनिक खरिद नियमावली, सुशासन प्रवर्धन कार्यविधि तथा विपद् व्यवस्थापन सञ्चालनको कार्यविधिलगायत विभिन्न ऐन तथा कार्यविधि तयार गरेर कार्यान्वयनमा ल्याएको अवस्था छ। नेपालको संविधान २०७२ अनुसार आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालनको कार्यभार स्थानीय सरकारको जिम्मामा आएसँगै त्यसको कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (११) को खण्ड (ज) मा २३ बुँदामा अधिकार प्रदान गरेको छ। उक्त अधिकार क्षेत्रभित्र रही यस प्रतापपुर गाउँपालिकाको विद्यालयको शैक्षिक, भौतिक, तथा व्यावस्थापकीय पक्षको सुधार गरी शिक्षामा नयाँ आयाम प्रदान गर्नका लागि यो शिक्षा योजनाको औचित्य रहेको छ।

प्रतापपुर गाउँपालिकाले तयार गरेको नीति तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरेर शैक्षिक गुणस्तरसहितको बहुआयामिक सुधार गर्ने। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक पर्ने पूर्वाधार, सूचना प्रविधि, शैक्षिक सामग्री, प्रयोगशाला निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धि गराउने प्रतिबद्धता वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेको छ। "हामी पढाउँछौं हाम्री छोरीलाई" र "एक वडा एक नमूना आधारभूत विद्यालय निर्माण कार्यक्रम " जस्ता लोकप्रिय अभियान सुरु गरिने छ।

माथि उल्लिखित कार्यक्रमहरू व्यवस्थित र प्रभावकारी रूपले सञ्चालन गर्न, मानवीय स्रोतसाधनलाई परिचालन गर्न, निश्चित समयमा कार्यक्रमलाई लाभान्वित वर्गसम्म पुऱ्याउन र कार्यक्रमको मूल्याङ्कन गरी प्रतिविम्बनको आधारमा निरन्तर अघि बढ्न दीर्घकालीन योजनाबिना सम्भव हुँदैन। गाउँपालिकाले लिएको शैक्षिक अभियानलाई सार्थक बनाउनुपर्ने भएकाले यो शिक्षा योजना निर्माण गरिएको हो।

**योजनाको अवधि**

यस योजनाको अवधि ५ वर्षको हुनेछ। शैक्षिक सत्र २०७९/८० बाट प्रारम्भ भएर शैक्षिक वर्ष २०८३/८४ सम्म कार्यान्वयन हुन्छ।

२.२ **दीर्घकालीन राष्ट्रिय सोच**

आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने।

२.३ **स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य**

**दूरदृष्टि (Vision)**

हाम्रो इच्छा, प्रतापपुरमा प्रविधियुक्त बहुआयामिक शिक्षा।

**ध्येय (Mission)**

प्रतापपुरको पूर्वाधार–प्रतिस्पर्धी जनशक्ति र मर्यादित व्यवहार।

२.४ **लक्ष्य(Goal)**

प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारगरी क्षमतायुक्त, नैतिकवान्, स्वावलम्बी नागरिक तयार गर्नु प्रतापपुर गाउँपालिकाको लक्ष्य रहेको छ।

२.५ **उद्देश्यहरू**

- बालविकास कक्षालाई परिष्कृत बालमैत्री मनोरञ्जनात्मक सिकाइको केन्द्र बनाउनु

- कक्षा १-५ मा तोकिएको भाषिक सीप, गणितीय सीप र सामाजिक व्यवहारको सुनिश्चितता गर्नु
- आधारभूत तहमा बहुआयामिक शिक्षाका लागि आधार तयार गर्नु
- माध्यमिक तहमा विज्ञान प्रविधिमैत्री, गणितीय र व्यावसायिक शिक्षाको धार सञ्चालन गर्नु
- प्रत्येक माध्यमिक विद्यालयमा कम्तीमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षाको धार सञ्चालन गर्नु
- सामुदायिक सिकाइ केन्द्रमार्फत अनौपचारिक र जीवनोपयोगी सिकाइ सञ्चालन गर्नु
- आ-आफ्ना धर्म, संस्कृति र संस्कारको संरक्षण गर्दै चरित्रवान् नागरिक तयार गर्नु
- समावेशी शिक्षालाई राष्ट्रिय मापदण्डअनुसार सञ्चालन गर्नु

### २.६ रणनीतिहरू

- बालविकासमामन्टेसरी विधि कार्यान्वयन गर्ने (उद्देश्य नं १)
- बालविकास शिक्षकको सिफारिसमा कक्षा एकमा प्रवेश गराउने (उद्देश्य नं १)
- एकीकृत पाठ्यक्रमको निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कार्यान्वयन गर्ने (उद्देश्य नं २)
- बहुआयामिक शिक्षाको आधार तयार गर्न स्थानीय पाठ्यक्रमबाट सम्बोधन गर्ने (उद्देश्य नं ३, ७, ८)
- सबै माध्यमिक विद्यालयमा इन्टरनेट र ई-लाइब्रेरीमार्फत शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने (उद्देश्य नं ४)
- हरेक माध्यमिक विद्यालयले आफूले सञ्चालन गर्न सक्ने व्यावसायिक विषयका लागिगाउँपालिकामा माग गर्ने र गाउँपालिकाले आवश्यकताको आधारमा सम्बोधन र समन्वय गर्ने (उद्देश्य नं ५)
- अनौपचारिक र जीवनोपयोगी शिक्षा सञ्चालन गर्न कुनै साझेदार संस्थाले चाहेमा समुदाय सिकाइ केन्द्रमार्फत सञ्चालन गर्ने (उद्देश्य नं ६)
- प्रत्येक वडालाई क्लस्टर मानी घरधुरी सर्वेक्षण गर्ने (उद्देश्य नं १-७)
- शिक्षा सम्बन्धि सरोकारवालाहरूलाई नयाँ विषयको क्षमता विकास गर्ने। (उद्देश्य नं १-८)

### २.७ प्रमुख उपलब्धि सूचकहरू

**प्रतापपुर गाउँपालिकास्तरको प्रमुख सूचकहरू निम्नानुसार छन्(स्रोतः फ्ल्यास रिपोर्ट २०७७) :**

| क्र.सं. | सूचक | आधार वर्ष | विसं २०८३ को लक्ष्य |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर (GER) | ११३.९ | १०० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर (NER) | ८६.० | ९० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ८७.२ | ९० |
| ४ | कक्षा एकमा (NIR) | ९७.७ | ९९ |
| ५ | कक्षा एकमा (GIR) | १२४.३ | १११ |
| ६ | कक्षा १ देखि ५ को NER | ९८.२ | ९९ |
| ७ | कक्षा १ देखि ५ को GER | ११४.२ | ११० |
| ८ | कक्षा ६ देखि ८ को NER | ९६.७ | ९८ |
| ९ | कक्षा ६ देखि ८ को GER | १०३.७ | १०५ |
| १० | आधारभूत तहको NER | ९७.५ | ९८ |
| ११ | आधारभूत तहको GER | ११०.६ | १०९ |
| १२ | माध्यमिक तहको NER | ५४.७ | ६८ |
| १३ | माध्यमिक तहको GER | ६७.५ | ७८ |

| | | | |
|---|---|---|---|
| १४ | प्रारम्भिक बालविकास तहको GPI | ०.७७ | ०.९५ |
| १५ | कक्षा १ को GPI | ०.९८ | ०.९९ |
| १६ | कक्षा १-५को GPI | ०.९२ | ०.९५ |
| १७ | आधारभूत तहको GPI | ०.९९ | १.० |
| १८ | माध्यमिक तहको GPI | ०.९५ | ०.९७ |

**कक्षा स्थानान्तरण (विद्यार्थी प्रवाह)**

| क्र.सं. | सूचक | आधार वर्ष | विसं २०८३ को लक्ष्य |
|---|---|---|---|
| १ | कक्षा चढ्ने दर १ देखि ५ | ९०.७ | ९३.८ |
| २ | कक्षा चढ्ने दर ६ देखि ८ | ९२.८ | ९४ |
| ३ | कक्षा चढ्ने दर ९ देखि १० | ९४.६ | ९६ |
| ४ | कक्षा दोहोऱ्याउने दर १ देखि ५ | ६.४ | ४ |
| ५ | कक्षा दोहोऱ्याउने दर ६ देखि ८ | ४.५ | ३.५ |
| ६ | कक्षा दोहोऱ्याउने दर ९ देखि १० | २.९ | २.५ |
| ७ | कक्षा छाड्ने दर १ देखि ५ | २.९ | २ |
| ८ | कक्षा छाड्ने दर ६ देखि ८ | २.७ | २.५ |
| ९ | कक्षा छाड्ने दर ९ देखि १० | २.५ | २ |

**आन्तरिक सक्षमता (बचाउ दर)**

| क्र.सं. | सूचक | आधार वर्ष | विसं २०८३ को लक्ष्य |
|---|---|---|---|
| १ | कक्षा ५ सर्भाइबल दर | ९२.४ | ९२.४ |
| २ | कक्षा ८ सर्भाइबल दर | ८४.५ | ८५.५ |
| ३ | कक्षा १० सर्भाइबल दर | ६८ | ७५ |

## परिच्छेद ३ : शिक्षाका उपक्षेत्रहरू

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

**प्रारम्भिक बालविकासको परिचय**

चार वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ। आफ्नो उमेर समूहका बालबालिकासँग उन्मुक्त वातावरणमा ४ घन्टासम्म बालमनोविज्ञान बुझेका महिला सहयोगी कार्यकर्ताको रेखदेखमा विभिन्न सकारात्मक सीपहरू सिक्ने स्थानलाई बालविकास केन्द्र भनिन्छ ।बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका हुन सक्छन् । शारीरिक, मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई "बालविकास" भनिन्छ। यी चार पक्षमध्ये कुनै एक पक्षको अभावमा पूर्ण रूपमा बालविकास भएको मानिदैन। प्रारम्भिक बालविकास कक्षादेखि १२ सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ।

पाठ्यक्रम प्रारूप २०७६ को परिभाषा अनुसार प्रारम्भिक बालविकास र शिक्षा चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिनेछ। चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुनेछ। प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिनेछ। यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्नेछन् ।

प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरू निम्नानुसार हुनेछन् :

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता
२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास
३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन
४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन
५. सिर्जनात्मक सोचको विकास
६. भाषिक तथा सञ्चार सीपको विकास

**प्रारम्भिक बालविकाससम्बन्धी संवैधानिक तथा नीतिगत व्यवस्था**

विद्यालय क्षेत्र विकास योजना २०७३/०७४–२०७९/०८० ले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्न उद्देश्य राखेको छ :

- ५ वर्षमुनिका बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउनु।
- बालबालिकाहरूको ठिक उमेरमा आवश्यक वृद्धि विकास हुनु जरुरी छ । बालबालिकाको सर्वाङ्गीण विकासका लागि ३-४ वर्ष उमेरदेखिनै शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका साथसाथै स्वास्थ्य तथा पोषणको उचित हेरचाहको आवश्यकता पर्दछ । यस कुरालाई हृदयङ्गम गरी नेपाल सरकारले विद्यालय क्षेत्र विकास योजनामा बालबालिकाहरूलाई ३ वर्ष उमेरदेखि नै पूर्व प्राथमिक शिक्षामा प्रवेश गराउने र एक वर्षको अनुभव लिएर ४ वर्ष देखि १२ वर्षका बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा ८ सम्मको आधारभूत शिक्षाको संरचनाभित्र राखेको छ। प्रतापपुर गाउँपालिकाले पनि प्रारम्भिक बालविकास तथा शिक्षालाई प्रभावकारी बनाउने उद्देश्यले यस योजनामा निम्नबमोजिमका रणनीतिहरू तय गरेको छ :
    - बालविकासमा मन्टेसरी विधि कार्यान्वयन गर्ने र
    - बालविकास शिक्षकको सिफारिसमा कक्षा एकमा प्रवेश गराउने।

३.१.२ **वर्तमान अवस्था**

तथ्याङ्कअनुसार प्रतापपुर गाउँपालिकामा सञ्चालित बालविकास तथा शिक्षाको स्थिति निम्नानुसार छ :

| विद्यालयको प्रकार | छुट्टै कोठामा सञ्चालित | अन्य कक्षासँग संयुक्त गरी सञ्चालित | जम्मा |
|---|---|---|---|
| सामुदायिक विद्यालय | १७ | ६ | २३ |
| मदरसा | २ | ४ | ६ |
| धार्मिक विद्यालय | २ | - | २ |
| संस्थागत विद्यालय | २२ | २ | २४ |
| **जम्मा** | **४३** | **१२** | **५५** |

प्रारम्भिक बालविकास तथा शिक्षामा शिक्षण गर्ने शिक्षकहरूकालागि सङ्घमार्फत निकासा भएको रु ८,०००/- स्थानीय सरकारबाट रु ७,०००/- थपगरी मासिक वेतन जम्मा रु १५,०००/- प्रदान गर्ने गरेको छ।

हाल सामुदायिक विद्यालयमा सञ्चालित चार वर्ष उमेर समूहका बालबालिकाहरू : ४२९ जना मध्ये १९७ बालिका र २३२ जना बालकहरू छन् भने २जना अपाङ्गता भएका बालकहरूपनि छन् (श्रोत : विद्यालय सर्वेक्षण २०७८)।

**प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका सूचकहरू**

| क्रसं | सूचक | सूचाङ्क |
|---|---|---|
| १ | कुल भर्ना दर (GER) | ११३.९ |
| २ | खुद भर्ना दर (NER) | ८६.० |
| ३ | लैङ्गिक समता दर (GPI) | ०.७७ |
| ४ | सामुदायिक विद्यालयको मात्र लैङ्गिक समता दर (GPI) | ०.८५ |
| ५ | प्रा.बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा १ मा भर्ना दर | ८७.२ |
| ६ | महिला शिक्षक प्रतिशत | १००% |
| ७ | १० कक्षा वा सोभन्दा माथि योग्यता भएका शिक्षक प्रतिशत | १००% |

**वडागत सामुदायिकबालविकास तथा शिक्षा केन्द्र वितरण (सामुदायिक र मदरसा तर्फ मात्र)**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| केन्द्र सङ्ख्या | ३ | २ | ३ | ४ | ५ | ३ | ५ | २ | ४ |

**तालिम विवरण** : बालविकास सहजकर्ताहरुले सेवा प्रवेश तालिम लिएका छैनन्। पुनर्ताजगी तालिम लिएका छन्।

**अभिभावक शिक्षा** : विगत ३ वर्षदेखि अभिभावक शिक्षा सञ्चालन भएको छैन।

**समुदाय परिचालन** : समुदाय परिचालनको अवस्था न्यून छ। बालविकास केन्द्रमा समुदायको सहभागीता ज्यादै न्यून रहेको छ।

**समस्या तथा चुनौतिहरू**

- बढि र कम उमेरका २८ प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका छन्। संस्थागत विद्यालयहरूले भर्ना गरेका धेरै बालबालिकाहरू ५ वर्ष उमेरमा कक्षा १ मा पुगेका छैनन्।

- प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा १ मा भर्ना दर ८७.२ बाट ९०.० मा पुऱ्याउनुपर्नेछ।
- प्रा.बालविकास तथा शिक्षामा शिक्षण गर्ने सबै शिक्षकहरूको मन्टेसरी विधिबाट शिक्षण गर्न क्षमता विकास गर्नुपर्नेछ। यसको लागि आधारभूत तथा पुनर्ताजगी तालिम संचालन गर्नुपर्ने छ।
- तलबमान तोकेर वृत्तिविकासको सुनिश्चितता गर्नुपर्नेछ।
- समुदायको बालबालिका र केन्द्रमा भएका उमेरगत बालबालिकाको सङ्ख्या घरधुरी सर्वेक्षणमार्फत सुनिश्चित गर्नुपर्नेछ।
- पहिचान भएका बालबालिकाको संख्याअनुसार सहजकर्ताको दरवन्दी व्यवस्था गनुपर्नेछ।
- निरन्तर अनुगमन तथा मूल्याङ्कन गरी शिक्षकहरूलाई केन्द्रमा सहयोग गर्नुपर्नेछ।

३.१.३ **लक्ष्य**

सेवाक्षेत्रका ३ देखि ४ वर्ष उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षामा प्रवेश गराईकक्षा १ मा पढ्नका लागि तयारी गराउनु।

३.१.४ **उद्देश्य**

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु

३.१.५ **रणनीतिहरू**

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने।
- घरधुरी सर्वेक्षण गरी ३ र ४ वर्ष उमेरका बालबालिकाको किटान गर्ने र सोही संख्याको आधारमा बालविकास सहजकर्ताको व्यवस्था गर्ने।
- पहिचान भएका बालबालिकालाई बाल विकास केन्द्रमा भर्ना गर्न जनचेतनामूलक कार्यक्रम र अभिभावक शिक्षा संचालन गर्ने।
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने
- लागत सहभागिता वृद्धिका लागि साझेदार संस्थाहरूसँग समन्वय गर्ने
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने।
- प्रा.बालविकास तथा शिक्षामा शिक्षण गर्ने सबै शिक्षकहरूको मन्टेसरी विधिबाट शिक्षण गर्न आधारभूत तथा पुनर्ताजगी तालिम संचालन गर्ने ।

३.१.६ **उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

**प्रमुख नतिजा**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त हुने
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिमप्राप्त शिक्षक/सहजकर्ता तथा बालबालिकाले न्यूनतम मापदण्ड पूरा गरेका हुने
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने

- आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित बालविकास तथा शिक्षा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार हुने ।

**प्रारम्भिक बालविकास तथा शिक्षाको प्रमुख क्रियाकलाप र गन्तव्य**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण (मन्टेसरी ढाँचा) | ३१ | ३१ | ० | ० | ० | ० | मन्टेसरी ढाँचाको केन्द्र |
| अन्य कक्षासँग संयुक्त रूपमा सञ्चालन गरिएका १० ओटा बालविकास केन्द्रहरूलाई छुट्टै कक्षामा सञ्चालन गराउने | १० | १० | ० | ० | ० | ० | केन्द्र अनुगमन गरेर |
| वैकल्पिक रुपमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | ३ | ० | १ | ० | १ | १ | समुदायमा वैकल्पिक कक्षा |
| परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य | ३ | १ | २ | ० | ० | ० | निर्णय पुस्तिका |
| अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने (घर धुरी सर्वेक्षण) गराउने (घरधुरी सर्वेक्षण) | १ | १ | ० | ० | ० | ० | सर्वेक्षण प्रतिवेदन |
| सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था | ३१ | | ० | ० | ० | ३१ | शौचालय अवलोकन |
| बालबालिकाको अभिलेखीकरण | ३१ | ३१ | ० | ० | ० | ० | अभिलेख खाता |
| पोषणयुक्त दिवा खाजाको व्यवस्था | ३१ | ३१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | भर्पाइ अवलोकन |
| पाठ्यक्रम प्रबोधीकरण | ३१ | ३१ | ० | ० | ० | ० | तालिमको हाजिरी |
| पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | ३१ | ११ | २० | ० | ० | ० | केन्द्र अवलोकन |
| शिक्षकको योग्यता र क्षमता विकास | ३१ | ३१ | ० | ० | ० | ० | तालिमको हाजिरी कापी |
| बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | ३१ | ३१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्वास्थ्य केन्द्रको रेकर्ड हेर्ने |

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | ३१ | ३१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अवलोकन |
| अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने (घरधुरी सर्वेक्षण) गराउने (घरधुरी सर्वेक्षण) | १ | १ | ० | ० | ० | ० | सर्वेक्षण प्रतिवेदन |
| अभिभावक शिक्षा CLC मार्फत | १५५ जनालाई | ९ वटै वडामा | ० | ० | ० | ० | CLC को प्रतिवेदन |
| अभिभावक तथा समुदायका सदस्यमार्फत स्थानीय ज्ञान तथा सीपहरू बालबालिका लाई सिकाउने व्यवस्था CLC मार्फत -वडागत रूपमा) | २७ | वर्षको ३ पटक | वर्षको ३ पटक | वर्षको ३ पटक | वर्षको ३ पटक) | वर्षको ३ पटक | CLC को प्रतिवेदन |
| बालबालिकाका शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकताअनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | ३१ केन्द्र | १५ | १६ | ० | ० | ० | प्रतिवेदन तथा हाजिरी रजिष्टर (आवश्यकता अनुसार बीचमा पनि उपलब्ध गराउने ) |
| शिक्षक पेसागत विकास (स्रोतव्यक्तिमार्फत) | ३१ | ३१ | ० | ० | ० | ० | स्रोतव्यक्तिको प्रतिवेदन |
| परिवार, समुदाय, निजी | ३१ | ३१ | निरन्तर | | | | सम्झौत |
| परिवार, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | | | र | निरन्तर | निरन्तर | निरन्तर | पत्र |
| शैक्षिक संरचना व्यवस्थापन प्रणाली (घरधुरी सर्वेक्षण) | ९ वटै वडामा | ९ वटै वडामा | निरन्तर अपडेट | निरन्तर अपडेट | निरन्तर अपडेट | निरन्तर अपडेट | विद्यालयगत शैक्षिक सूचना रजिस्टर |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान र सीप आर्जन गरी घर परिवार तथा समुदायमा आफ्ना विचार अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने कक्षा १ देखि कक्षा ८ सम्मको आठ वर्षको अवधिलाई आधारभूत शिक्षा भनिन्छ। यसले बालबालिकाको मस्तिष्क विकासका साथै सर्वाङ्गीण विकासका दृष्टिले र माथिल्लो तहको शिक्षाको सक्रिय सदस्यको रूपमा चाहिने ज्ञान र सीप प्रदान गर्दछ। सबैका लागि शिक्षा (२०००-२०१५), सहश्राब्दी विकास लक्ष्य, दिगो विकासका लक्ष्यहरू, इनचोन घोषणा २०१५-२०३०, संयुक्त राष्ट्र सङ्घ, मानव अधिकारको विश्वव्यापी घोषणा–पत्रको धारा २६, शिक्षासम्बन्धी ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ। यस तहको अवधिलाई अन्तर्राष्ट्रिय स्तरमा समेत अनिवार्य र निःशुल्क गरिएको छ।

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा अधिकारसहितको स्थानीय शासनको परिकल्पना गरेको छ। सोअनुसार स्थानीय तहले सम्बन्धित क्षेत्रको वस्तुगत विवरण तयार गर्ने, स्रोत अनुमान गर्ने, आवधिक योजना तथा वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने, विकास कार्यहरूबाट प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। शिक्षा ऐन २०२८ ले प्रारम्भिक बालविकास देखि कक्षा - ८ सम्मको शिक्षालाई आधारभूत तहको शिक्षा मानेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा (२) को खण्ड (ज) अनुसार आधारभूत तथा माध्यामिक तहको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै विद्यालयको सम्पूर्ण शैक्षिक, आर्थिक, व्यवथापकीय तथा भौतिक पक्षको कार्यान्वयन, व्यवस्थापन तथा अभिलेखीकरण गर्ने काम स्थानीय तहअन्तर्गत शिक्षा युवा तथा खेलकुद शाखाले गर्दै आइरहेको छ ।

नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षाको रूपमा संविधानको धारा ३१ मा उल्लेख गरेसँगै सबै बालबालिकालाईआधारभूत शिक्षामा पहुँच सुनिश्चितता गर्नु राज्यको प्रमुख दायित्व हो । तसर्थ यस प्रतापपुर गाउँपालिकाभित्र रहेका बालबालिकाहरूलाई कम्तीमा सबैलाई अनिवार्य रूपमा आधारभूत तहसम्मको शिक्षा निःशुल्क प्रदान गरी साक्षर बनाउने मुख्य लक्ष्य रहेको छ साथै उनीहरूलाई जीवन निर्वाह गर्ने सक्ने बनाउनु आधारभूत शिक्षाको आजको आवश्यकता हो।

नेपालको संविधान २०७२ को धारा ३१ शिक्षासम्बन्धीहकको व्यवस्था गरिएको छ। धारा ३१ को उपधारा (१) मा आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ, साथै उपधारा (२) मा आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ भनिएको छ, त्यसै गरीनेपालको शिक्षासम्बन्धी हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, दिगो विकासको लक्ष्य को लक्ष्य नं. ४, १५ औंआवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन २०७७ मा आधारभूत शिक्षालाई प्राथामिकताका साथ उल्लेख गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क रूपमा कार्यान्वयनको लागि SSDP : 2073–080 मा बृहत् रूपमा कार्यक्रम समावेश गरिएको छ।

नीतिगत रूपमै आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क रूपमा उल्लेख गरिए पनि यसको कार्यान्वयनमा विभिन्न चुनौतीहरू सिर्जना भएका छन् , सबै बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन एउटा चुनौतिको रूपमा खडा भएको छ, बालबालिकाहरूलाई जसोतसो शिक्षाको मूलधारमा ल्याए पनि उनीहरूलाई टिकाइराख्नु अर्को चुनौतिका रूपमा खडा भएको छ। यस गाउँपालिकामा कक्षा १ मा भर्ना भएका बालबालिकाले आधारभूत तह पार गर्ने कक्षा १-५ मा ९०.७० र कक्षा ६-८ मा ९२.८० रहेको छ साथै विद्यालयको पहुँचबाहिर रहेका बालबालिका झन्डै १ प्रतिशत (अनुमानित) रहेको छ । यसबाट पनि के देखिन्छ भने बालबालिका विद्यालयमा टिकाइराख्नु र विद्यालयको पहुँचभन्दा टाढा रहेका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउनु आजको मुख्य चुनौती हो।

**आधारभूत शिक्षाको आवश्यकता**

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले ४ वर्षदेखि १२ वर्ष उमेर समूहका बालबालिकालाई आधारभूत तहको शिक्षा प्रदान गर्नुपर्ने उल्लेख गरेको छ। सोही उमेर समूहलाई लक्षित गरेर पाठ्यक्रम निर्माण र कार्यान्वयन भएको छ। पाठ्यक्रमले तोकेका सक्षमताहरू हासिल गराउन आधारभूत शिक्षाको आवश्यकता छ।

**आधारभूत शिक्षा (कक्षा १–८) का सक्षमताहरू**(साभारः विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६)

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ। यसको मूल उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको

सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुनेछन् :

- देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन
- भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
- सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
- तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सीप एवम् अभिवृत्ति विकास र प्रयोग
- वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
- मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग
- जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीप (Life skills) को विकास
- स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सीप (Soft skills) को प्रयोग
- नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
- दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

**संवैधानिक तथा नीतिगत व्यवस्था**

नेपालको संविधान २०७२ धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा प्राप्त गर्नुलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ।राज्यका ४ वर्षदेखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभूत तहको गुणस्तरीय शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्न पाउने हकको संरक्षण गर्न र सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्न राज्यले शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा गरेका प्रतिबद्धता र विद्यालय क्षेत्र विकास योजनाले समेटेका अवयवहरूको बारेमा स्थानीय सरकारले दीर्घकालीन र अल्पकालीन योजना तयार गरेर तत्सम्बन्धी आवश्यक नीति तयार गरेर प्रभावकारी कार्यान्वयन गर्नु नितान्त आवश्यक भएकाले यो योजना तयार गरिएको छ।

विद्यालय क्षेत्र विकास योजना २०७३/०७४–२०७९/०८० मा उल्लेख भएअनुसार शिक्षा क्षेत्रको कुल बजेटको ७०% बजेट शिक्षक तलबमा छुट्याइएको छ। यस योजनाले सबै बालबालिकालाई आधारभूत तहसम्मको गुणस्तरीय शिक्षाको पहुँचमा ल्याउन ३ खम्बे नीति अवलम्बन गरेको छ :

(१) सुरक्षित पूर्वाधार,
(२) विपद् जोखिम व्यवस्थापनको सुदृढीकरण र
(३) सरोकारवाला तथा समुदायको उत्थानशीलताको सुदृढीकरण।

शिक्षासम्बन्धी अध्ययन प्रतिवेदनले देखाएअनुसार अपाङ्गता भएका बालबालिकाको शिक्षामा न्यून पहुँच रहेको छ। साक्षरतामा क्षेत्रीय तथा लैङ्गिक विभेद उच्च रहेको छ। १६ वर्ष उमेर समूहको साक्षरता सहरी क्षेत्रमा ७७% र ग्रामीण क्षेत्रमा ५७% रहेको छ। यसो हुनुमा जिल्ला र स्थानीय तहको संस्थागत क्षमता र सहजकर्ताको गुणस्तर कमजोर हुनुलाई जिम्मेवार ठहर्‍याएको छ। शिक्षाको गुणस्तर कमजोर हुनुमा शिक्षण सिकाइको तत्व जिम्मेवार रहेको देखाएको छ (स्रोतः विद्यालय क्षेत्र विकास योजना *(MoE NIRT & AIR 2016)*.

विद्यालय क्षेत्र विकास योजना २०७३/०७४–२०७९/०८० ले आधारभूत शिक्षासम्बन्धीनिम्न उद्देश्यहरू राखेको छ :

- ४-१२ वर्ष उमेर समूहका सबै बालबालिकाका लागि गुणात्मक आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु ,
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीलाई माध्यमिक शिक्षामा प्रवेशको तयारी गराउनु ,
- सामाजिक-सांस्कृतिक विविधतामा सामञ्जस्य र राष्ट्रिय अर्थतन्त्रप्रति अभिमुख गरी बालबालिकामा जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु र
- वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रममार्फत औपचारिक शिक्षालाई सहयोग पुर्‍याउनु ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा ४ र ५मा आधारभूत तहको शिक्षाका बारेमा निम्नानुसार व्यवस्था गरिएको छ :

दफा ४.शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने :(साभारः अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५)

(१) प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

(२) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुनेछ।

(३) उपदफा (१) र (२) को प्रयोजनका लागि नेपाल सरकारले आवश्यक समन्वय र नेतृत्व गर्नेछ।

दफा ५. नागरिकको कर्तव्य :(साभारः अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५)

(१) आधारभूत तहको शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समूहका आफ्ना बालबालिकाहरूलाई नियमित विद्यालय पठाउनु अभिभावकको दायित्व हुनेछ।

माथि उल्लिखित कानुनी प्रावधानहरूअनुसार राज्यका ४ वर्षदेखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क रूपमा प्राप्त गर्न पाउने हक सुनिश्चित गर्नु राज्य र समाज दुबै पक्षको दायित्वभित्र पर्दछ। त्यसकारण स्थानीय तहले कुनै कसर नराखी विविध उपायहरूको अवलम्बन गरी आधारभूत तहको गुणस्तरीय शिक्षालाई सबै बालबालिकाको पहुँचमा पुऱ्याउनुपर्दछ।

**चुनौती तथा समस्याहरू**

- बालबालिकाको औसत सिकाइ उपलब्धि कम छ। यसमा सुधार गर्न शिक्षकको पेसागत विकास तथा मूल्याङ्कनलाई सिकाइसँग जोड्नुपर्ने आवश्यकता छ।
- सबै महिला पुरुषहरूले स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक विषयको आवश्यकताअनुसार अनौपचारिक शिक्षाको अवसर सिर्जना गर्नुपर्ने आवश्यकता छ।
- युवाहरूका लागिस्थानीय स्तरमा सान्दर्भिक रोजगारीको व्यवसायमूलक र प्राविधिक ज्ञानमूलक शिक्षाको अवसर सर्वसुलभ गर्नुपर्नेछ।
- आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात कम भएकाले विद्यार्थी संख्याको आधारमा विषयगत तथा तहगत शिक्षक व्यवस्थापन गर्नुपर्नेछ।

३.२.२ **वर्तमान अवस्था**

**स्थानीय तहमा आधारभूत शिक्षामा पहुँचको अवस्था**

यस प्रतापपुर गाउँपालिकामा सामुदायिक २३, धार्मिक २, मदरसा ६,र संस्थागत विद्यालय २४ गरी जम्मा ५५ वटा विद्यालय रहेकाछन् । फ्लास रिपोर्ट २०७८ अनुसार सामुदायिक, धार्मिक तथा मदरसातर्फ बालविकासदेखि आधारभूत तहसम्म दलित छात्रा ९०७ र छात्र ८३२, जनजाति छात्रा ५१३ र छात्र ४६३, मुस्लिम छात्रा ४४५ र छात्र ३९४, अपाङ्ग छात्रा ५ र छात्र ६ तथा अन्यमा छात्रा १७०१ र छात्र १५४३ गरी जम्मा ६८०९ जना विद्यार्थी रहेका छन् । जसमध्ये बालविकास तथा कक्षा १ मा भर्ना भएमध्ये १४.५० प्रतिशतले आधारभूत तह पूरा नगरी बिचैमा कक्षा छाड्ने गरेका छन् ।

यसले सम्बन्धित तह पूरा नगरी विद्यालयबाहिर रहेका बालबालिका धैरै देखिन्छन् । त्यसैगरी ४ देखि १२ वर्ष उमेर समूहका बालबालिकामध्ये १ प्रतिशत (अनुमानित) विद्यालयको पहुँचभन्दा बाहिर रहेका छन् । यसरी करिब ८४.५० प्रतिशतले आधारभूत तह तह पूरा गर्ने गरेका र करिब ९५ प्रतिशत विद्यालयको कुनै न कुनै कक्षामा भर्ना भएका छन् । कक्षा १-५ मा कक्षा दोहोऱ्याउने दर ६.४० छ भने कक्षा ६-८ मा कक्षा दोहोऱ्याउने दर ४.५० रहेको छ । समग्रमा आधारभूत तह शिक्षाको पहुँचभन्दा बाहिर अझै पनि केही बालबालिकाहरू रहेकाले उनीहरूलाई विभिन्न कार्यक्रममार्फत अनिवार्य रूपमा शिक्षाको मूलधारमा ल्याउनु आजको मुख्य आवश्यकता हो ।

प्रतापपुर गाउँपालिकाको आधारभूत तहमा शैक्षिक पहुँचको अवस्था निम्नानुसार छ :

| शैक्षिक वर्ष २०७८ को आधारभूत तहमा जम्मा विद्यार्थी सङ्ख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | दलित | | जनजाति | | मुस्लिम | | अन्य | | अपाङ्गता | |
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | १४४ | १३८ | ८४ | ५९ | ७६ | १०० | ३०० | २७८ | ० | १ |
| २ | १२८ | ११७ | ६१ | ४२ | ८५ | ४९ | २२४ | १९६ | ० | १ |
| ३ | १२६ | ११४ | ५१ | ६० | ८९ | ५३ | २२४ | १८६ | ० | १ |
| ४ | ११५ | ९४ | ५३ | ६१ | ५३ | ५३ | १९६ | १९३ | ० | ० |
| ५ | ११२ | १०१ | ६४ | ५८ | २४ | ३५ | १६० | १७५ | ० | ० |
| ६ | ९७ | ९८ | ४० | ३६ | ३२ | ३१ | १९६ | १७८ | ४ | २ |
| ७ | ८२ | ८२ | ७२ | ६७ | ५० | ४९ | १९८ | १५८ | ० | ० |
| ८ | १०३ | ८८ | ८८ | ८० | ३६ | २४ | २०३ | १७९ | १ | १ |
| जम्मा | ९०७ | ८३२ | ५१३ | ४६३ | ४४५ | ३९४ | १७०१ | १५४३ | ५ | ६ |

आधारभूत तहमा २०७८ सालमा (सामुदायिक विद्यालयमा) भर्ना भएका कुल विद्यार्थी

| छात्रा | छात्र | जम्मा |
|---|---|---|
| ३५६६ | ३२३२ | ६७९८ |

आधारभूत तहमा २०७८ सालमा (सामुदायिक विद्यालयमा) भर्ना भएका अपाङ्गता भएका विद्यार्थी

| छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|
| ५ | ६ | ११ | सामुदायिक विद्यालय तर्फ |
| ५ | ३ | ८ | विशेष तर्फ |

**२०७७ सालको परीक्षाको नतिजाबमोजिम सामुदायिक विद्यालयको कक्षागत सिकाइ उपलब्धि :**

| कक्षा | विद्यालयको प्रकारअनुसारको सि.उ. | | |
|---|---|---|---|
| | सरकारी विद्यालय | मदरसा | गुरुकुल |
| १ | ५८ | ५० | ५५ |
| २ | ५७ | ५२ | ५९ |
| ३ | ५७ | ५२ | ६२ |
| ४ | ५२ | ५२ | ६२ |
| ५ | ५४ | ५१ | ५२ |
| ६ | ५२ | ४४ | नभएको |
| ७ | ४७ | ४८ | नभएको |
| ८ | ५७ | ६० | नभएको |
| औसत | ५४ | ५१ | ५४ |

**आधारभूत तहको औसत सिकाइ उपलब्धि : ५४**

**नोट : प्रस्तुत सिकाइ उपलब्धि शैक्षिक गुणस्तर परिक्षण केन्द्रको सिकाइ उपलब्धि मापन औजार मार्फत नभई विद्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा उल्लेख गरिएको।**

**स्थानीय तहको आधारभूत तहमा संरचनागत व्यवस्था**

**विद्यालयहरूको भवन तथा कक्षाकोठा विवरण**

| विद्यालयको किसिम | भवन सङ्ख्या | कोठासङ्ख्या |
|---|---|---|
| प्राथमिक तह (कक्षा ५ सम्म सञ्चालित) | २१ | ४१ |
| आधारभूत तह (कक्षा ८ सम्म सञ्चालित) | ६० | १११ |
| मदरसा | ११ | २७ |
| गुरुकुल शिक्षा | ६ | २२ |
| संस्थागत विद्यालयहरू | ३१ | २०० |
| **कुल जम्मा** | १२९ | ४०१ |

**आधारभूत तहमा पुस्तकालय विवरणः**

| विद्यालय | विद्यालयमा पुस्तकालयको अवस्था | |
|---|---|---|
| | भएको | नभएको |
| प्राथमिक तह (कक्षा ५ सम्म सञ्चालित) | २ | ४ |

| | | |
|---|---|---|
| आधारभूत तह (कक्षा ८ सम्म सञ्चालित) | ९ | २ |
| मदरसा (कक्षा ८ सम्म सञ्चालित) | १ | ४ |
| गुरुकुल शिक्षा (कक्षा ८ सम्म सञ्चालित) | ० | २ |
| संस्थागत विद्यालयहरू (कक्षा ८ सम्म सञ्चालित) | ३ | १५ |
| कुल जम्मा | २७ | २७ |

**छात्राका लागि छुट्टै शौचालय नभएका विद्यालयका सङ्ख्या**

| | |
|---|---|
| मदरसा | १ |
| संस्थागत विद्यालय | ३ |
| जम्मा | ४ |

**विद्यालय विवरण**

| प्राथमिक तह (कक्षा १ देखि ५ सम्म चलेको विद्यालय) | आधारभूत (कक्षा १ देखि ८ सम्म चलेको विद्यालय) | माध्यमिक (कक्षा १ देखि १० सम्म चलेको विद्यालय) | माध्यमिक (कक्षा १ देखि १२ सम्म चलेको विद्यालय) | धार्मिक विद्यालय | | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | गुरुकुल | मदरसा | | |
| ८ | ९ | ३ | ३ | २ | ६ | २४ | ५५ |

**विद्यालय विवरण**

**स्थानीय तहको आधारभूत तहमा सेवा प्रवाहको अवस्था**

| विद्यालयको किसिम | १ | १–२ | १–३ | १–४ | १–५ | १–६ | १–७ | १–८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक | | | १ | | ४ | १ | | | ८ |
| आधारभूत | | | | | ३ | | १ | ७ | ९ |
| मदरसा | | | ३ | १ | १ | | | | ५ |
| गुरुकुल शिक्षा | | | | १ | १ | | | | २ |
| संस्थागत विद्याल (निजी विद्यालय) | ३ | २ | २ | २ | ३ | २ | ३ | २ | १९ |
| कुल जम्मा | ३ | २ | ६ | ४ | १२ | ३ | ४ | ९ | ४३ |

आधारभूत तहअन्तर्गतकासामुदायिक विद्यालयका शिक्षक विवरण

| शिक्षकले शिक्षण गरिरहेको तहगत विद्यालय | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्राथमिक तह | ७१ | ९८ | १६९ |
| नि.मा तह | १२ | ३९ | ५१ |
| **कुल जम्मा** | **८३** | **१३७** | **२२०** |

| सामुदायिक विद्यालयका पेसागत तालिमप्राप्त शिक्षक सङ्ख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक तह नि.मा.वि. तह | | नि.मा.वि. तह | | मा. वि. तह उ.मा.वि. तह | | उ.मा.वि. तह | | जम्मा तालिमप्राप्त शिक्षक | |
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ३१ | ३९ | २ | १० | १ | ११ | ० | ० | ३४ | ६० |

सूचकहरू

| क्र.सं. | सूचक | सूचाङ्क |
|---|---|---|
| ४ | कक्षा एकमा (NIR) | ९७.७ |
| ५ | कक्षा एकमा (GIR) | १२४.३ |
| ६ | कक्षा १ देखि ५ को NER | ९८.२ |
| ७ | कक्षा १ देखि ५ को GER | ११४.२ |
| ८ | कक्षा ६ देखि ८ को NER | ९६.७ |
| ९ | कक्षा ६ देखि ८ को GER | १०३.७ |
| १० | आधारभूत तहको NER | ९७.५ |
| ११ | आधारभूत तहको GER | ११०.६ |
| १५ | कक्षा १ को GPI | ०.९८ |
| १६ | कक्षा १-५को GPI | ०.९२ |
| १७ | आधारभुत तहको GPI | ०.९९ |

**कक्षा स्थानान्तरण (विद्यार्थी प्रवाह**

| क्र.सं. | सूचक | सूचाङ्क |
|---|---|---|
| १ | कक्षा चढ्ने दर १ देखि ५ | ९०.७ |

| | | |
|---|---|---|
| २ | कक्षा चढ्ने दर ६ देखि ८ | ९२.८ |
| ३ | कक्षा दोहोऱ्याउने दर १ देखि ५ | ६.४ |
| ४ | कक्षा दोहोऱ्याउने दर ६ देखि ८ | ४.५ |
| ५ | कक्षा छाड्ने दर १ देखि ५ | २.९ |
| ६ | कक्षा छाड्ने दर ६ देखि ८ | २.७ |

**आन्तरिक सक्षमता (बचाउ दर)**

| क्र.सं. | सूचक | सूचाङ्क |
|---|---|---|
| १ | कक्षा ५ सर्भाइबल दर | ९२.४ |
| २ | कक्षा ८ सर्भाइबल दर | ८४.५ |

### ३.२.३ लक्ष्य

सबै बालबालिकाहरूकालागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने

### ३.२.४ उद्देश्य

यस योजनाको अन्त्यसम्ममा आधारभूत तहको शैक्षिक अवस्था निम्नानुसार सुधार हुने अपेक्षा अवलम्बन गरिएको छ :

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन,
- सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित,
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्थाको सुनिश्चितता,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित ,
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार,
- विद्यालय पद्धतिमा विविधता अनुकूल, उत्थानशील र जवाफदेही,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित र अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन।

### ३.२.५ रणनीतिहरू

- विद्यालय नक्साङ्कन र समुदाय सर्वेक्षण गर्ने
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय निकायप्रति जवाफदेही बनाउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- सबै विद्यालयहरूमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता पूरा गराउने
- शिक्षण सिकाइ विधिमा आवश्यक सुधार गर्ने
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने

- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
- मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने
- विद्यार्थीलाई आवश्यक टेवा उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित विद्यार्थीको सिकाइ क्षमता विकास गर्ने
- शिक्षामा कामगर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
- अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको प्रशासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

३.२.६ **अपेक्षित उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

अनिवार्य तथा निःशुःल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**नतिजा**

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा सहभागी भएको हुने
- सबै विद्यालयले प्राथमिकताप्राप्त सक्षमता (**PMEC**) पूरा गरेको हुने
- न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने
- आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ भइरहेको हुने
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन भएको हुने
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएको हुने
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समतासूचकमा सुधार भएको हुने
- विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने
- सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुने
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने

**आधारभूत तह (कक्षा १–८)को प्रमुख क्रियाकलाप र लक्ष्य (Target)**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | ३१ विद्यालय | - | ३१ | - | - | - | विद्यालय समानुपातिक वितरणको नक्सा तयारी |
| मापदण्डअनुसार शिक्षक व्यवस्था | ३१ वटा विद्यालय | - | १५ | - | १६ | - | शिक्षक विद्यार्थीको अनुपात सबै विद्यालयमा समान |
| सबै बालबालिकालाई विद्यालय भर्ना | ९ वडा | - | ६ | ३ | - | - | समुदाय सर्वेक्षण सूचक NER १०० |
| विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | २७ | वर्षको ३ पटक | वर्षको ३ पटक | वर्षको ३ पटक | वर्षको ३ पटक) | वर्षको ३ पटक | CLC को प्रतिवेदन |
| • शौचालय छात्र १ छात्राको ४ | ३१ केन्द्र | १५ | १६ | ० | ० | ० | प्रतिवेदन तथा हाजिरी रजिष्टर (आवश्यकता अनुसार बीचमा पनि उपलब्ध गराउने ) |
| • पुस्तकालय २७ | ३१ | ३१ | ० | ० | ० | ० | स्रोतव्यक्तिको प्रतिवेदन |
| • कक्षा कोठा निर्माण ७ | ३१ | ३१ | निरन्तर | | | | सम्झौत |
| • फर्निचर (डेस्क बेन्च) ५७५ सेट | | | र | निरन्तर | निरन्तर | निरन्तर | पत्र |
| •कक्षा १-३मा भुँइ बसाइ व्यवस्थापन ६५ कक्षा | ३१ विद्यालय | २० | - | ११ | - | - | अवलोकन |
| (सबै विद्यालय भौतिक सम्पन्न भएको) | | | | | | | |
| विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | ३१ विद्यालय | ३१ | - | - | - | - | उपलब्धि परीक्षा प्रतिवेदन |
| शिक्षक क्षमता विकास | १६० शिक्षक | - | १६० | - | - | - | तालिम प्रतिवेदन |
| विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वियन | ३१ विद्यालय | - | - | ३१ | - | - | स्थलगत अनुगमन र क्षए समीक्षा |
| सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | ६ विद्यालय | १ | १ | १ | १ | २ | शिक्षा शाखा सूचना अभिलेख |
| शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना (Onsite Support) | २४ विद्यालय | - | - | ११ | १३ | - | सुपरीवेक्षण प्रतिवेदन |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध (कक्षा १-५मा) | ३१ विद्यालय | ३१ | - | - | - | - | भर्पाई |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | १० विद्यालय | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अवलोकन |
| पाठ्यपुस्तक व्यवस्था | ३१ विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | भर्पाई |
| सन्दर्भ सामग्रीको व्यवस्था | ३१ विद्यालय | ५ | ६ | ६ | १० | ४ | कक्षा अवलोकन |
| विपन्नका लागि ड्रेस, स्टेसनरीका लागि छात्रवृत्ति | ३०० जना | - | १०० | १०० | १०० | - | भर्पाई |
| सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | ३१ विद्यालय | ५ | ६ | ६ | ६ | ८ | भर्पाई र अवलोकन प्रतिवेदन |
| कक्षाकोठामा आधारित मूल्याङ्कन | ३१ विद्यालय | ३१ | - | - | - | - | CAS प्रतिवेदन |
| व्यवस्थित परीक्षा प्रणाली | ३१ विद्यालय | ३१ | - | - | - | - | परीक्षा अनुगमन र मार्कलेजर समीक्षा |
| शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | १ | - | - | १ | - | - | शिक्षा शाखाको सूचना प्रणाली |
| वि.व्य.स, शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास | २ पटक | - | - | १ | - | १ | तालिम प्रतिवेदन |
| अभिभावक अभिमुखीकरण (CLC) मार्फत | ५ पटक | १ | १ | १ | १ | १ | (CLC को प्रतिवेदन) |
| घरधुरी सर्वेक्षण र अद्यावधिक | ५ पटक | १ | १ | १ | १ | १ | शैक्षिक सूचना रजिस्टर |
| स्थानीय विज्ञहरूबाट बाल कथा लेखन कार्यशाला | १ पटक | १ | - | - | - | - | प्रतिवेदन |
| दलित महिला र अपाङ्ग छात्रवृत्ति (सबै विद्यालयमा) | ५ पटक | १ | १ | १ | १ | १ | भर्पाई |
| स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन | १ पटक | - | १ | - | - | - | स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

**माध्यमिक शिक्षाको परिचय**

नेपालमा विगत लामो समयदेखि अभ्यासमा रहेको माध्यमिक तह कक्षा ९-१० तथा कक्षा ११-१२ को उच्च माध्यमिक तह निकै महत्त्वपूर्ण र सबैको चासोको विषयको रुपमा रहेको छ। परिवर्तित सन्दर्भमा विद्यालय शिक्षाको कक्षा १-८ आधारभूत र कक्षा ९-१२ लाई माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ। माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन र एक सय पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारीसमेत स्थानीय तहलाई दिइएको छ। यद्यपि कक्षा ९-१० र कक्षा ११-१२का विद्यार्थीहरूले प्राप्त गर्नुपर्ने सक्षमताहरू (सिकाइ उपलब्धिहरू) भने अलगअलग निर्धारण गरिएका छन्। अलगअलग पाठ्यक्रम संरचनाहरू तयार गरिएको र विद्यार्थीहरूको स्तर निर्धारणको लागि एउटै राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत कक्षा १० को अन्त्यमा लिइने SEE प्रदेश स्तरबाट र कक्षा १२ को अन्त्यमा लिइने राष्ट्रिय बोर्ड परीक्षासङ्घीय स्तरबाट लिइने व्यवस्था मिलाइएको छ। माध्यमिक शिक्षालाई तपसिलबमोजिम तीन भागमा विभाजन गरिएको छ :

(१) साधारण शिक्षाअन्तर्गत नियमित र खुला तथा वैकल्पिक शिक्षा,
(२) प्राविधिक तथा व्यावसायिक शिक्षा र
(३) परम्परागत तथा धार्मिक शिक्षाअन्तर्गत संस्कृत शिक्षा, गुरुकुल, मदरसा, गुम्बा आदि।

माध्यमिक तहमा आत्मविश्वासी, नैतिकवान्, इमानदार, लोकतान्त्रिक आचरण भएका,राष्ट्रिय एकताभाव,बहुसांस्कृतिक मूल्य मान्यता ,विविधता राष्ट्रिय आदर्शमा गौरव गर्न सक्ने, शान्ति, मानवअधिकार, दिगो विकास ,पर्यावरणीय सन्तुलन,द्वन्द्व व्यवस्थापन र विपद् व्यवस्थापनप्रति सचेत र जिम्मेवार,सबै प्रकारकाश्रम र पेसाप्रति सम्मान गर्न सक्ने, सीपयुक्त ज्ञान र प्रविधियुक्त राष्ट्रिय,अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने,व्यक्तिगत ,सामाजिक र राष्ट्रिय रूपमा आइपर्ने समस्याहरूसँग जुध्नसक्ने, अरूको विचार र भावनाको सम्मान एवम् कदर गर्न सक्ने, सकारात्मक सोच, सृजनशील,समालोचनात्मक सोच र अभ्यास गर्न सक्ने असल र सक्षम नागरिक तयार गर्नु माध्यामिक शिक्षाका मूल उद्देश्यहरू रहेका छन्।

पाठ्यक्रम प्रारूप २०७६ ले माध्यमिक तहको उमेर १३ वर्ष देखि १६ वर्ष सम्मलाई तोकेको छ । उक्त उमेर समूहका बालबालिकाहरूले हासिल गर्नुपर्ने सक्षमताहरू सोही उमेरमा हासिल गराउनु माध्यमिक शिक्षाको मुख्य लक्ष्य हो । उल्लिखित सक्षमताहरू बालबालिकामा हासिल गराउनका निम्ति माध्यमिक शिक्षाको आवश्यकता परेको हो । माध्यमिक शिक्षाका सक्षमताहरू निम्नानुसार छन् ः

**माध्यमिक शिक्षा (कक्षा ९–१२) को सक्षमता** (साभार ः विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६)

सिकाइ र वास्तविकताबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सीप र क्षमतालाई अद्यावधिक गर्ने, नवीनतम ज्ञानको खोजी र प्रयोग गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने, नैतिक आचरण प्रदर्शन गर्ने, विविधतालाई सम्मान गर्ने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सीप र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सीपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने, सिर्जनशील, उद्यमशील एवम् सकारात्मक सोच भएको, उच्च आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतिहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नेतर्फ माध्यमिक शिक्षा केन्द्रित रहेको छ । यसका लागि माध्यमिक तहका विद्यार्थीमा निम्नानुसारका सक्षमता विकासको अपेक्षा गरिएको छ ः

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सीपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदानप्रदान
५. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सीपको खोजी गर्ने बानीको विकास
६. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सीपको प्रयोग
७. व्यावहारिक गणितीय ज्ञान र सीपको बोध र प्रयोग
८. वैज्ञानिक ज्ञान, तथ्य, सिद्धान्त र प्रविधिको समुचित प्रयोग
९. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सीप (Life Skills) को प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन
१०. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता
११. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
१२. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सीपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग
१३. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी
१४. प्राविधिक ज्ञान, सीप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग
१५. उच्च तहमा अध्ययनको आधार विकास

**संवैधानिक तथा नीतिगत व्यवस्था**

नेपालको संविधान २०७२ धारा ३१ मा प्रत्येक नेपाली नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्न पाउने मौलिक हकको रूपमा उल्लेख गरेको छ। १३ वर्ष देखि १६ वर्ष उमेर समूहका सबै बालबालिकाले माध्यमिकतहसम्मनिःशुल्क शिक्षा प्राप्त गर्न पाउने हकको संरक्षण गर्न र राज्यले शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा गरेका प्रतिबद्धता र विद्यालय क्षेत्र विकास योजनाले समेटेका अवयवहरूको बारेमा दीर्घकालीन र अल्पकालीन योजना तथा नीति तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कामका लागि संविधानले स्थानीय सरकारलाई तोकेको छ।

विद्यालय क्षेत्र विकास योजना २०७३/०७४–२०७९/०८० मा उल्लेख भएअनुसारसमाजको तल्लो पञ्चमक (Last Quintile) मा पर्ने खास गरी मधेसी तथा मुस्लिम समुदायका छात्राहरूको माध्यमिक शिक्षामा सहभागिता तुलनात्मक रूपले कम रहँदै आएको छ। यस परिदृश्यलाई दृष्टिगत गरी माध्यमिक शिक्षामा पहुँच, गुणस्तर र सान्दर्भिकताको अभिवृद्धि गर्न स्रोत वृद्धि गर्ने र प्राज्ञिक शिक्षाबाट प्रयोगात्मक शिक्षातर्फ स्थानान्तरण गराउने लक्ष्य छ। यसका लागि शिक्षामा प्राविधिक तथा व्यावसायिक धारलाई मान्यता प्रदान गरी निजी क्षेत्रसँग रणनीतिक साझेदारी गर्नुपर्ने अवधारणा ल्याएको छ। विद्यार्थीलाई कामको संसारमा प्रवेश गराउने, गुणस्तरमा सम्झौता नगर्ने, प्राविधिक तथा साधारण धारमा जाने विकल्प खुल्ला राख्ने र नागरिक दायित्व निर्वाह गर्न तयार गर्नेजस्ता सान्दर्भिक उद्देश्यहरू छन्।

राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवम् शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउनुपर्ने खाँचो औंल्याएको छ भने माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधीकृत विद्यालयहरूको प्रभावकारी व्यवस्थापन र सञ्चालन गर्ने नीति लिएको छ।

**चुनौतिहरू**

- शिक्षामा नयाँ अनुसन्धान र नयाँ सोचको अभाव छ जसको कारण गुणस्तरको मापदण्ड समाजको अपेक्षासँग सान्दर्भिक हुन सकेको छैन।
- विद्यालयप्रति समुदायको चासो नभएका कारण शिक्षकहरूलाई समुदायको शैक्षिक अपेक्षा पूरा गर्ने दायित्व नभएकोले शैक्षिक योजनाहरू कार्यान्वयनमा शैक्षिक प्रशासन कमजोर छ।
- समुदायमा भएका अपाङ्गता, पिछडा वर्ग, महिला, पुरुष, विभिन्न प्रकारका पीडित तथा लोपोन्मुख वर्गका जनसाङ्ख्यिकीको किटान नभएकोले पुरानै जनगणनालाई आधार मानेर योजनाहरू निर्माण गर्नुपर्ने बाध्यता छ। त्यसकारण पालिकास्तरीय घरधुरी सर्वेक्षण गरेर शैक्षिक सूचना रजिस्टर खडागर्नुपर्ने आवश्यकता छ।
- विपद् व्यवस्थापनका लागि विद्यालयगत अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्न संयन्त्रको पुनरसंरचना तयार गर्नुपर्नेछ।
- सबै विद्यालयहरूमा बालमैत्री र अपाङ्गमैत्री भौतिक अवस्थाको व्यवस्थाको तथ्याङ्क सङ्कलनगरी आवश्यक सुधार गर्नुपर्नेछ।
- शिक्षाका हरेक योजनाहरूको आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गरी त्यसको सुझावलाई कार्यान्वयन गरानुपर्ने अवस्था छ।
- तीन तहका सरकारहरूबिचको समन्वय पारदर्शी र विश्वसनीय ढाँचाको तयार भएको छैन, कार्यक्रमहरू एकद्वार प्रणालीमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ।
- स्थानीय स्तरमा खपत हुने प्राविधिक तथा व्यावसायिक जनशक्ति तयार गर्नुपर्ने आवश्यकता छ।
- स्थानीय स्तरमा ICT विज्ञ उत्पादन र टिकाउ गराउनुपर्ने आवश्यकता छ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई दरिलो र भरपर्दो बनाई नतिजाहरूको प्रतिविम्बन विद्यालयसम्म पुऱ्याउने व्यवस्था गर्नु जरुरी छ।
- गाउँपालिकास्तरमा परियोजना मूल्याङ्कनका लागि गाउँपालिकाको शिक्षा हेर्ने अधिकृतसमेत रहेको विज्ञहरूको एउटा स्वतन्त्र मूल्याङ्कन समितिमार्फत परियोजनाको प्रारम्भिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गराउनुपर्ने र त्यसको सुझाव सार्वजनिक गरी कार्यान्वयनमा लैजानुपर्नेछ।
- माथिका सबै कार्यहरू प्रभावकारी ढङ्गले कार्यान्वयनगर्न गाउँपालिकाको शिक्षा शाखामा प्राविधिक कर्मचारीको अभाव छ।

**अवसरहरू**

- शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने नियम कानुनहरू तयार गर्ने।
- शिक्षा शाखाले स्थानीय विज्ञहरूको टोली बनाईसमाजको अपेक्षा, समुदायमा भएका सीपयुक्त जनशक्ति र सम्भावनाहरूको खोजी गर्ने र सोअनुसारको योजना बनाउने।
- शैक्षिक सूचना प्रणालीलाई डिजिटल प्रणालीमा राख्ने र सूचनामा आधारित योजना तयारगरी कार्यान्वयन गर्ने।
- विपद् व्यवस्थापनका लागि उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउन वडागत संयन्त्र तयार गरेर क्षमता विकास गराउने।
- गाउँपालिकाको हरेक माध्यमिक विद्यालयहरूमा एउटा व्यावसायिक वा प्राविधिक धार सञ्चालन गर्ने।

- गाउँपालिकामा सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालन भएका परियोजनाहरूको प्रारम्भिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गर्ने र प्राप्त सुझावका आधारमा नयाँ परियोजना निर्माण गर्ने ।
- गाउँपालिकाको शिक्षा शाखामा आवश्यक जनशक्तिको व्यवस्था गर्ने ।

**३.३.२ वर्तमान अवस्था**

**प्रतापपुर गाउँपालिकाकोसामुदायिक माध्यमिक शिक्षामा पहुँच तथा गुणस्तरको अवस्था**

| शैक्षिक वर्ष २०७८को जम्मा विद्यार्थी सङ्ख्या | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | दलित | | जनजाति | | मुस्लिम | | अन्या | | अपाङ्गता | | जम्मा | |
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | ७९ | ९९ | १०२ | ८६ | २४ | ३१ | २१० | १६४ | ० | ० | ४१५ | ३८० |
| १० | ४७ | ६४ | ८३ | ९१ | २४ | २२ | १३६ | १४३ | ० | ० | २९० | ३२० |
| ११ | ४४ | ६५ | ९६ | ६८ | ३४ | ४० | १५० | १७२ | ० | ० | ३२४ | ३४५ |
| १२ | ३६ | ४८ | ७२ | ५६ | १५ | २२ | १२४ | १७७ | ० | ० | २४७ | ३०३ |
| जम्मा | २०६ | २७६ | ३५३ | ३०१ | ९७ | ११५ | ६२० | ६५६ | ० | ० | १२७६ | १३४८ |

**२०७७ सालको परीक्षाको नतिजाबमोजिम सामुदायिक विद्यालयको कक्षागत सिकाइ उपलब्धि**

| कक्षा | सामुदायिक विद्यालय | मदरसा | गुरुकुल |
|---|---|---|---|
| ९ | ५६.२५ | ६१.२५ | |
| १० | ४७.६२ | ५२.४१ | |
| ११ | ४८.४२ | | |
| १२ | ४१.३० | | |
| औसत | ४८.३६ | ५७.०८ | |

**स्थानीय तहको माध्यमिक तहमा संरचनागत व्यवस्था**

**विद्यालयहरूको भवन तथा कक्षाकोठा विवरण**

| विद्यालयको किसिम | भवन सङ्ख्या | कोठासङ्ख्या |
|---|---|---|
| माध्यमिक तह (कक्षा १० सम्म सञ्चालित) | २७ | ८२ |
| उच्च माध्यमिक तह (कक्षा १२ सम्म सञ्चालित) | १५ | ६३ |
| मदरसा (माध्यमिक तह) | ३ | १० |
| संस्थागत विद्यालयहरू | १५ | ८४ |
| कुल जम्मा | ६० | २३९ |

**स्थानीय तहको माध्यमिक तहमा सेवा प्रवाहको अवस्था**

**प्रतापपुर गाउँपालिकामा माध्यमिक विद्यालयहरूको वितरणको अवस्थ**

| वडा नं | विद्यालयको सङ्ख्या | | | जम्मा |
|---|---|---|---|---|
| | सामुदायिक | मदरसा | संस्थागत | |
| १ | ० | ० | १ | १ |
| २ | १ | ० | २ | ३ |
| ३ | १ | ० | ० | १ |
| ४ | ० | ० | ० | ० |
| ५ | १ | ० | ० | १ |
| ६ | १ | १ | ० | २ |
| ७ | १ | ० | ० | १ |
| ८ | ० | ० | ० | ० |
| ९ | १ | ० | २ | ३ |
| जम्मा | ६ | १ | ५ | १२ |

**पुस्तकालय विवरण**

| विद्यालय | विद्यालयमा पुस्तकालयको अवस्था | |
|---|---|---|
| | भएको | नभएको |
| माध्यमिक तह (कक्षा १-१० सम्म सञ्चालित) | ३ | ० |
| माध्यमिक तह (कक्षा १-१२ सम्म सञ्चालित) | ३ | ० |
| मदरसा | १ | ० |
| माध्यमिक तह सञ्चालित संस्थागत विद्यालयहरू | ५ | ० |
| कुल जम्मा | १२ | ० |

**विद्यालयमा शौचालयको विवरण**

| शौचालयको अवस्था | छात्राको लागि छुट्टै | छात्रको लागि |
|---|---|---|
| माध्यमिक तह (कक्षा १-१० सम्म सञ्चालित) | ४ | ४ |
| माध्यमिक तह (कक्षा १-१२ सम्म सञ्चालित) | २ | २ |
| मदरसा | १ | १ |
| माध्यमिक तह सञ्चालित संस्थागत विद्यालयहरू | ५ | ५ |
| **कुल जम्मा** | १२ | १२ |

**विद्यालय विवरण**

| माध्यमिक | माध्यमिक | धार्मिक विद्यालय | | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|---|---|
| (कक्षा १ देखि १० सम्म चलेको विद्यालय) | (कक्षा १ देखि १२ सम्म चलेको विद्यालय) | गुरुकुल मा.वि. | मदरसा मा.वि. | विद्यालय (कक्षा १ देखि १२ सम्म चलेको विद्यालय) | |
| ३ | ३ | ० | १ | ५ | १२ |

**माध्यमिक विद्यालयको सङ्ख्या :**

| विद्यालयको किसिम | सञ्चालित कक्षा | | | जम्मा |
|---|---|---|---|---|
| | ९–१० | ९–११ | ९–१२ | |
| माध्यमिक (१-१० कक्षा) | ० | ० | ० | ४ |
| माध्यमिक (१-१२ कक्षा) | ० | ० | ३ | २ |
| मदरसा | ० | १ | ० | १ |
| संस्थागत विद्यालय (निजी विद्यालय) | ३ | ० | २ | ५ |
| कुल विद्यालय सङ्ख्या | ६ | १ | ५ | १२ |

**सामुदायिक विद्यालयका (माध्यमिक तहको) शिक्षक आपूर्ति तथा व्यवस्थापन**

| शिक्षकले शिक्षण गरिरहेको तहगत विद्यालय | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| माध्यमिक (१-१० कक्षा) साधारण तर्फ | ६ | ३५ | ४१ |
| माध्यमिक तह (९-१२) प्राविधिक धार तर्फ प्रशिक्षक | | ८ | ८ |
| माध्यमिक तह (कक्षा ११ र १२) साधारण तर्फ | २ | ५ | ७ |
| कुल जम्मा | ८ | ४८ | ५६ |

**शिक्षकहरूको तलब स्रोत**

| माध्यमिक तह | | पारिश्रमिकको स्रोत | | | | | | उ.मा. वि. तह | | पारिश्रमिकको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | दरबन्दी | राहत | शिक्षण सिकाइ अनुदान | गा. पा. अनुदान | विद्यालयको आन्तरिकस्रोत | अन्य | पुरुष | महिला | दरबन्दी | राहत | ससर्त अनुदान | गा. पा. अनुदान | विद्यालयाको आन्तरिकस्रोत | अन्य |
| ३८ | ९ | १४ | ६ | ८ | ६ | १३ | - | ५ | २ | ३ | ४ | - | - | - | - |

**तालिमप्राप्त शिक्षकको विवरण**

| मा. तह | | उमा तह | | जम्मा तालिमप्राप्त शिक्षक | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ११ | ० | ० | १ | ११ |

**प्राविधिक धारमा पहुँच**

प्राविधिक धारको पठनपाठन श्री त्रिभुवन नमूना मा वि प्रतापपुर ९ बेलाटारीमा मात्र छ। यो विद्यालय प्रतापपुर गाउँपालिकाको उत्तर पूर्वी कुनामा पर्ने भएकाले सबै बालबालिकाका लागि साधारण र प्राविधिक तथा व्यावसायिक धारको शिक्षा रोज्ने अवसर प्राप्त छैन। प्राविधिक धारका लागि कोटा सिमित भएको कारण सबै बालबालिकाको

**माध्यमिक शिक्षामा समावेशिता**

विशेष शिक्षाको पठनपाठन श्री त्रिभुवन नमूना मा वि प्रतापपुर ९ बेलाटारीमा मात्र छ। यस विद्यालयमा सुनाइ र बोलाइसम्बन्धीसमस्या भएका बालबालिकाहरूका लागि मात्र अवसर छ। सबै खाले अपाङ्गता भएका बालबालिकाकालागि विशेष शिक्षाको अवसर प्राप्त छैन। औपचारिक रूपमा जातजाति, धर्म, लिङ्ग र धनी, गरिबबिचको भेदभाव नगर्ने मान्यता भए पनि जाति, लिङ्ग र धनीगरिबबिचमा लुप्त पाठ्यक्रमको प्रभावबाट स्व-स्फूर्त विभेद भएको पाइन्छ।

**समुदायको सहभागिता तथा साझेदारी**

प्रतापपुर गाउँपालिकाको सामुदायिक विद्यालयहरूमा अभिभावक तथा विद्यालय व्यवस्थापनका पदाधिकारीहरू विव्यसको गठन गर्दा र शिक्षक नियुक्ति गर्दाको अवस्थाबाहेक अरू कुनै पनि बेला विद्यालयले निमन्त्रणा गर्दा विद्यालयमा उपस्थिति ज्यादै न्यून रहेको छ। विद्यालयमा श्रमदान तथा सहयोग जुट्ने अवस्था पनि छैन। समुदायको लगानी भनेको उनीहरूका बालबालिकालाई विद्यालयमा भर्ना गरिदिने मात्र देखिन्छ।

**माध्यमिक तहका सूचकहरू**

**प्रतापपुर गाउँपालिकाले शिक्षा योजनाको अन्तिम वर्षका लागि राखेको लक्ष्य निम्नानुसार छ :**

| क्र.सं. | सूचक | प्रतापपुरको(आधार वर्ष २०७८) |
|---|---|---|
| १ | माध्यमिक तहको NER | ५४.७ |
| २ | माध्यमिक तहको GER | ६७.५ |
| ३ | माध्यमिक तहको GPI | ०.९५ |
| कक्षा स्थानान्तरण (विद्यार्थी प्रवाह) | | |
| १ | कक्षा चढ्ने दर ९ देखि १० | ९४.६ |
| २ | कक्षा दोहोर्‍याउने दर ९ देखि १० | २.९ |
| ३ | कक्षा छाड्ने दर ९ देखि १० | २.५ |
| ४ | कक्षा १० सर्भाइबल दर | ६८ |

**सिकाइ उपलब्धि सूचक** (**२०७७ को परीक्षा नतिजा अनुसार**)

| विद्यालयको प्रकार | सूचक | प्रतापपुर आधार वर्षको |
|---|---|---|
| सामुदायिक विद्यालयको | कक्षा ९–१०सिकाइ उपलब्धि | ५१.९४ |
| मदरसाको | कक्षा ९ सिकाइ उपलब्धि | ६१.७ |

३.३.३ **लक्ष्य**

मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने ।

३.३.४ **उद्देश्य**

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने
- प्रशासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने

३.३.५ **रणनीतिहरू**

- विद्यालयहरूको नक्शाङ्कन र समुदाय सर्वेक्षण गर्ने
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

- टाढा दुरीका कारण माध्यमिक (११ र १२ ) शिक्षाबाट वञ्चित रहेका बालबालिकाहरुका लागि यातायात(बस)को व्यवस्था गर्ने
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने
- माध्यमिक तहमा विद्यार्थीसंख्या, विषय र तहअनुसारको दक्ष शिक्षकको व्यवस्था गर्ने
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने
- हरेक माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमार्फत मुख्य विषयहरूको शिक्षण गर्ने
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने
- माध्यमिक तह संचालन भएका विद्यालयहरुमा विद्यालय स्वास्थ्य कार्यकर्ता (School Health Nurse) प्रति विद्यालय १ जनाका दरले व्यवस्था गर्ने
- प्रत्येक विद्यालयमा गुनासो सुनुवाई संयन्त्र निर्माण गर्ने तथा विद्यालयमा सुझाव पेटिका, सूचना पाटि , नागरिक वडापत्रको व्यवस्था र कार्यान्वयन गराउने
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने
- सक्षम र उत्प्रेरित प्र.अ.को व्यवस्था गर्ने
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**प्रमुख नतिजा**

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने
- माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी | १ पटक सबै | - | १ | - | - | - | नीति नियमका पुस्तकहरू |
| विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन घरधुरी सर्वेक्षण र अद्यावधिक गर्ने | ५ पटक | १ | १ | १ | १ | १ | शैक्षिक सूचना रजिस्टर |
| विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि ICT को प्रयोग | ७ वटा माविमा | ७ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | कक्षा अवलोकन |
| मापदण्डअनुसार शिक्षक व्यवस्था | ६ विद्यालय | - | - | - | - | - | शिक्षाको अभिलेख |
| सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | ७ | ७ | - | - | - | - | IEMIS |
| आवश्यकताअनुसार खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक सिकाईको प्रबन्ध मिलाउने (CLC मार्फत) | ४ | ४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रमाणपत्र |
| विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | ५ विद्यालय | २ | २ | १ | - | - | अवलोकन |

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | ७ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अभिलेख |
| शिक्षक क्षमता विकास | अङ्ग्रेजी, गणित र विज्ञान | ३ सिफ्ट | - | - | - | - | तालिम प्रतिवेदन |
| विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | ७ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अनुगमन |
| सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | ७ जना शिक्षकलाई तालिम | १ पटक | - | - | - | - | तालिम प्रतिवेदन |
| शिक्षक पेशागत सहायता प्रणालीको पुनर्संरचना | ७ विद्यालय | निरन्तर | - | - | - | - | विज्ञ समूहको प्रतिवेदन |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ७ विद्यालय | निरन्तर | - | - | - | - | स्वास्थ्य केन्द्रको अभिलेख |
| अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालयको अभिलेख |
| निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था | ७ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| कक्षाकोठामा आधारित मूल्याङ्कन | ७ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| व्यवस्थित परीक्षा प्रणाली | ७ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | परीक्षा समितिको निर्णय |
| शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | १ पटक | १ | - | - | - | - | शैक्षिक सूचना रजिस्टर |

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| वि.व्य.स., शि.अ.सं. का पदाधिकारीहरूको विद्यालय व्यवस्थापन सम्बन्धि क्षमता विकास तालिम | २ पटक | १ | - | | १ | - | तालिम प्रतिवेदन |
| गाउँ तथा वडा शिक्षा समितिलाई विद्यालय शिक्षा सुधार सम्बन्धि अर्न्तक्रिया | २ पटक | १ | | | १ | | |
| अभिभावक अभिमुखीकरण (CLC) मार्फत | निरन्तर | - | - | - | - | - | CLC को प्रतिवेदन |
| शिक्षकको कार्यसम्पादनको आधारमा मूल्याङ्कन गर्ने ( अनुदान शिक्षक समेत) | वार्षिक १ पटक | १ | १ | १ | १ | १ | अभिलेख |
| E-library | ७ विद्यालय | १ | १ | १ | १ | ३ | अवलोकन |
| माध्यमिक तहका विद्यार्थीहरुका लागि यातायातको व्यवस्था | गा.पा.स्तर निरन्तर | | १ | १ | १ | १ | यातायात सेवा |

**३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम**

**३.५.१ परिचय**

**प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको आवश्यकता र औचित्य**

माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा विभिन्न प्राविधिक विषयमा कक्षा ९-१२ सम्म शिक्षा दिने व्यवस्था भए तापनि त्योभन्दा बाहेक CTEVT बाट अनुमति /स्वीकृति लिई सञ्चालन भइरहेको शिक्षण संस्थाका रूपमा त्रिभुवन मा.वि. बेलाटारी रहेको छ। यद्यपि सीपमूलक र व्यावसायिक तालिमको अभावमा आज ठूलो जनशक्ति बेरोजगार भएको देखिन्छ। यसलाई निरुत्साहित पारी स्थानीय स्तरमा नै अर्थात् प्रतापपुर गाउँपालिका क्षेत्रभित्र नै एकातिर सीपयुक्त तालिम दिने संस्थाको विकास र स्तरोन्नति गर्न जरुरी भएको छ भने अर्कोतिर तिनको संरक्षण पनि गर्नुपर्ने अवस्था रहेको छ। यस सन्दर्भमा अन्य थुप्रै प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रको स्थापना र सुधार गर्दै प्रत्येक वडास्तरमा कम्तीमा एउटा प्राविधिक शिक्षालयको स्थापना गर्ने वा भइरहेका सरकारी स्तरका प्राविधिक तथा व्यावसायिक विद्यालयहरूलाई स्तरोन्नति गरी स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्राविधिक शिक्षालयको विकास गर्नु जरुरी देखिन्छ।

प्रतापपुर गाउँपालिकामा उखु र केरा औद्योगिक स्तरमा विकास भएको छ। त्यसै गरी तोरी, धान तथा गहुँको प्रचुर उत्पादन हुन्छ। अधिकांशजमिन सिँचाइको सुविधायुक्त छन्। पालिकाको सम्पूर्ण क्षेत्र विद्युतीकरण भइसकेको छ। त्यसकारण यस ठाउँमा तरकारी, उखु, केरा, तोरी, गहुँ तथा धान खेतीसम्बन्धी व्यावसायिक तथा प्राविधिक विषयका साथै विद्युतीय प्रविधिका बारेमा आधुनिक

ज्ञान सीपयुक्त जनशक्तिले प्रतापपुरको आर्थिक र सामाजिक उत्थान गर्न सकिने प्रचूर अवसर छ। त्यसकारण यस गाउँपालिकाले प्रत्येक माध्यमिक विद्यालयमा एउटा-एउटा प्राविधिक तथा व्यावसायिक धारको शिक्षा सञ्चालन गर्ने लक्ष्य लिएको छ।

**संवैधानिक तथा नीतिगत व्यवस्था**

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको सम्पूर्ण व्यवस्थापन स्थानीय तहलाई जिम्मा दिएको छ। त्यसै गरी शिक्षा ऐनले पनि माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धारको विषय सञ्चालन गर्न पाउने व्यवस्था गरेको छ।

दिगो विकास लक्ष्य ४ को III मा उल्लेख भएअनुसार नेपालले सबै महिला पुरुषलाई प्राविधिक, व्यावसायिक र परम्परागत शिक्षामा समान अवसर प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरेर देश विकासकालागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार गर्ने उद्देश्य लिएको छ।

विद्यालय क्षेत्र विकास योजना २०७३/०७४–२०७९/०८०ले पनि प्राविधिक तथा व्यावसायिक विषयको सुदृढीकरणका लागि प्राविधिक शिक्षक तयार गर्ने तथा विद्यार्थीहरूलाई प्राविधिक विषयमा आकर्षित गर्ने कार्यक्रम राखेको छ।

**३.५.२ वर्तमान अवस्था**

**प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा पहुँचको अवस्था**

यस प्रतापपुर गाउँपालिकामा एउटा विद्यालयमा मात्र साधारण र प्राविधिक धारको पढाइ सञ्चालन भएको छ। यस विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण निम्नानुसार छ :

त्रिभुवन मा वि बेलाटारी

विषय : इलेक्ट्रिकल इन्जिनियर

| कक्षा | कक्षा - ९ | कक्षा - १० | कक्षा - ११ | कक्षा - १२ | जम्मा |
|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | ४२ | २८ | १२ | ८ | ९० |
| शिक्षक सङ्ख्या | २ | २ | २ | २ | ८ |

**प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरू**

| क्रसं | सीप प्रदायक संस्थाको नाम र ठेगाना | सीप लिइरहेका सहभागीको सङ्ख्या | प्राविधिक विषय | कैफियत |
|---|---|---|---|---|
| १ | त्रिभुवन नमूना माध्यमिक विद्यालय बेलाटारी, प्रतापपुर ९ | ९० | इलेक्ट्रिकल इन्जिनियर | |
| २ | यस प्रतापपुर गाउँपालिकामा कम्प्युटर तालिम बाहेक अन्य तालिम प्रदान गर्ने छोटो अवधिका सीप प्रदायक संस्थाहरू नभएकोले पालिका अर्न्तगतका महिला तथा युवा सशक्तिकरणका तालिम समेत यस जिल्लाका अन्य पालिका तथा बाहिरी सेवाप्रदायकहरुबाट संचालन गरिएको छ। : | योजना निर्माणका क्रममा संचालनमा नरहेको र आगमी कार्यक्रमहरुबाट तथ्याङ्क अध्यावधीक गरिने छ। | | सीपमूलक तालिम (टेलरिङ, प्लम्बिङ, झोला स्विटर बुनाइ......) |

**प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरू**

**विषयगत आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपकाअवसरहरू**

यस गाउँपालिकामा उखु, केरा, तोरी, गहुँ तथा धानको परम्परागत खेती गर्दै आएको अवस्था छ। विद्युत र सिँचाइको पर्याप्त सुविधा छ। तरकारी खेती गरेर बजार व्यवस्थापन गर्न सकिने अवस्था छ। उल्लिखित खेतीहरूलाई आधुनिकीकरण गरेर विभिन्न औद्योगिक उत्पादन गर्न सकिन्छ (जस्तै : केराका परिकारहरू, अचार, मैदा, क्यान्डी, जुस, चकलेट, बेकरी, बिस्कुट, स्विटर, ढाका र फलफूका पाउडरहरू)। माछा, कुखुरा, टर्की, हाँस, गाई, भैँसी तथा बङ्गुरजस्ता पशु पालनका लागि पनि पर्याप्त अवसरहरू छन्।

प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप क्षेत्रका चुनौतिहरू

- विद्यार्थीको चाहनाअनुसारको विषयमा कक्षा सञ्चालन नभएको
- समुदायको पहुँचमा प्राविधिक तथा व्यावसायिक विषयको विद्यालयमा पढाइ सञ्चालन नभएको
- प्राविधिक तथा व्यावसायिक काम गर्ने स्थानहरूको व्यवस्था नभएको
- प्राविधिक तथा व्यावसायिक विषय पढाउन आवश्यक पर्ने यन्त्र उपकरणहरूको व्यवस्था नभएको
- प्राविधिक तथा व्यावसायिक विषय शिक्षण गर्ने शिक्षकको व्यवस्था नभएको
- प्राविधिक तथा व्यावसायिक अभ्यास गर्दा उत्पादित वस्तुको बजार व्यवस्था नभएको

**३.५.३ लक्ष्य**

उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल हुने गरी सीपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार ल्याउने।

**३.५.४ उद्देश्य**

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्ने
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने

**३.५.५ रणनीतिहरू**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको अवसर सृजना गर्ने
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनका निम्ति संस्थागत क्षमता बढाउने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, ऊर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तनलगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

### ३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

प्रमुख नतिजा

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने ।
- स्थानीय तहमा बहुप्राविधिक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने
- स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन हुने
- वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुने
- खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने

**प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिमका प्रमुख क्रियाकलाप र लक्ष्य(Target)**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | ७ वटा | १ | १ | १ | १ | ३ | शिक्षा शाखाको अभिलेख |
| प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | ७ वटा | १ | १ | १ | १ | ३ | विद्यालय अनुगमन |
| बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | १ | - | - | १ | - | - | अभिलेख |
| छोटो अवधिका सीपमूलक तालिम सञ्चालन | ५ वटा | १ | १ | १ | १ | १ | तालिम प्रतिवेदन |
| शिक्षक व्यवस्था | ७ जना | १ | १ | १ | १ | ३ | शिक्षक अभिलेख |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रवृत्ति कार्यक्रम | ७ | निरन्तर | - | - | - | - | भर्पाई |
| स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका लागि आवश्यक नीति तर्जुमा | १ पटक | १ | - | - | - | - | - |
| खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन | १ पटक | - | - | १ | - | - | भर्पाई |
| स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन कार्यक्रम (घरधुरी सर्वेक्षणबाट पहिचान गर्ने र CLC मार्फत प्रवर्द्धन गर्ने) | ९ वडामा | १ | १ | ४ | २ | १ | - |
| वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोगसम्बन्धी कार्यक्रम (घरधुरी सर्वेक्षणबाट पहिचान गर्ने र CLC मार्फत प्रवर्द्धन गर्ने) | ९ वडामा | ९ | - | - | - | - | CLC को प्रतिवेदन |
| उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | ५० जनालाई | २ | ५ | १० | १३ | २० | भर्पाई |
| आर्थिकरूपमा पिछडिएका प्रतिभावान् तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सूचना गर्न आवश्यक स्रोतको व्यवस्था (वडा कार्यालयमार्फत) | १ पटक | १ | - | - | - | - | CLC को प्रतिवेदन |

**३.६ पाठ्यक्रम र पाठ्यसामग्री** (स्टेम, अतिरिक्त/सहक्रियाकलाप,परम्परागत र मौलिक विषय, पूर्वीय दर्शन र शिक्षा, मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तथा राष्ट्रिय एवम् प्रदेश ढाँचा अनुकुलको पाठ्यसामग्री)

३.६.१ **परिचय**

पाठ्यक्रमबिनाको औपचारिक शिक्षा अन्यौलमा नै रहने हुन्छ। के पढाउने ? किन पढाउने ? कसरी पढाउने ? कहिले पढाउने ? र के प्राप्त गर्ने ? भन्ने जस्ता प्रश्न अनुत्तरित हुन्छन्। त्यसकारण पाठ्यक्रमबिना व्यवस्थित पठनपाठनको कल्पना पनि गर्न सकिँदैन। पाठ्यक्रमले उद्देश्य विषयवस्तु, शिक्षण प्रक्रिया, क्रम र क्षेत्र, मूल्याङ्कन प्रक्रियासमेत स्पष्ट पारिदिएको हुन्छ। शिक्षक र विद्यार्थीलाई पाठ्यक्रमले दिशानिर्देश गर्दछ। शिक्षाको स्तर पाठ्यक्रमले प्रस्ट पार्दछ।

समग्रमा पाठ्यक्रम निम्न उद्देश्यमा केन्द्रित हुन्छ

- अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्नु।
- सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्नु

**पाठ्यक्रम विकास, परिमार्जनको मान्यता तथा नीतिगत व्यवस्था**

विभिन्न अध्ययन अनुसन्धानहरूसँग सम्बद्ध सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तन र समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषणसमेतका आधारमा पाठ्यक्रमको विकास गर्ने र राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात गरेर १०/१० वर्षमा पाठ्यक्रमको समीक्षा र परिमार्जन गरेर पाठ्यक्रम विकास र परिमार्जन गर्नेगरिन्छ। विषय विज्ञले विद्यार्थी, शिक्षक, बालमनोविज्ञानर समाजको अपेक्षा तथा समयसापेक्ष आवश्यकताका आधारमा पाठ्यक्रम तर्जुमा गरी विषय समितिमा पेस गरेको खाकामा विषय समितिले अध्ययन गरेर सिफारिस गरेको पाठ्यक्रमलाई पाठ्यक्रम विकास समितिले पारित गरेपछि पाठ्यक्रमले अन्तिम रूप लिने नीतिगत व्यवस्था छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ का मुख्य केन्द्रित विषयवस्तुहरू

कक्षा १-३ मा अन्तरसम्बन्धित एकीकृत गरिएको, आधारभुत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, ज्ञान तथा सीपमा आधारित स्थानीय पाठ्यक्रम, अनिवार्य र ऐच्छिक विषयहरू समावेश भएको माध्यमिक शिक्षा, प्राविधिक धारको शिक्षा

**राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ प्रभावकारी कार्यान्वयनका चुनौतीतथा जोड दिनुपर्ने क्षेत्रहरू**

- एकीकृत ढाँचाको पाठ्यक्रम कार्यान्वयन गर्नमा शिक्षकहरू सबल भएका छैनन्। शिक्षकहरूलाई पाठ्यक्रम प्रबोधीकरण तालिम लिनुपर्ने अवस्था छ।
- शिक्षण सिकाइमा व्यवहार कुशल सीप एकीकृत गराउन शिक्षकमा समस्या छ। यसका लागिशिक्षकको क्षमता विकास गर्ने र कक्षाकोठामा सहयोग पुऱ्याउनुपर्ने आवश्यकता छ।
- कक्षाकोठामा मूल्याङ्कनलाई सिकाइसँग जोड्ने सीप शिक्षकहरूमा कमजोर देखिन्छ साथै निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गर्ने सीप पनि कमजोर छ। त्यसकारण निरन्तर मूल्याङ्कन र स्पेसिफिकेसन ग्रिट्सबमोजिम मूल्याङ्कन गर्ने क्षमता विकास गर्नुपर्ने आवश्यकता छ।
- विभिन्न विषयमा परियोजनाकार्य गराउने र प्रयोगात्मक कार्य गराउने कार्यमा शिक्षकहरूले कर्मकाण्डीय प्रक्रिया मात्र पूरा गरेको पाइन्छ। यसका लागि निरन्तर अनुगमन र सहयोगको व्यवस्था गर्नुपर्नेछ।
- विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन भएको अवस्था छैन। सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्ने जरुरी छ।

पाठ्यक्रमको स्थानियीकरण र सान्दर्भिकीकरणका सन्दर्भमा व्यवहार कुशल सीप, प्रारम्भिक कक्षामा मातृभाषामा शिक्षण सिकाइको अवसर तथा प्रयोगात्मक र परियोजनाकार्य गराउने नीतिगत व्यवस्थालाई शिक्षक सहायता प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गराइनेछ।

निरन्तर मूल्याङ्कन प्रणाली, आवधिक मूल्याङ्कन, प्रयोगात्मक परीक्षा र NARN, NASAलाई शिक्षक सहयोगको प्राविधिक संरचना र परीक्षा समितिमार्फत कार्यान्वयन अनुगमन र समीक्षा गर्ने कार्य गरिनेछ।

NEGRP अन्तर्गत प्राप्त शैक्षिक सामग्री तथा अन्य सामग्री र पुस्तकालयको प्रभावकारी प्रयोग गराउनेतर्फ जोड दिइनेछ।
शैक्षिक सत्रको सुरुको एक हप्ताभित्र सबै बालबालिकाको हातमा पाठ्यपुस्तक उपलब्ध गराइनेछ।

वार्षिक एक पटक बालकथा लेखन कार्यशालाको आयोजना गरी सन्दर्भ सामग्रीहरूको विकास तथा पुस्तकालय दिगो गर्ने कार्यमा जोड दिइनेछ।

३.६.२ **वर्तमान अवस्था**

**पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र कार्यान्वयन**

- प्रतापपुर गाउँपालिकाका सबै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीले भर्ना भएका दिन सङ्घीय सरकारमार्फत प्राप्त भएका निःशुल्क पाठ्यपुस्तक पाएका छन्।
- सबै सामुदायिक विद्यालयहरूमा पाठ्यक्रम विकास शाखाले सिफारिस गरेका पाठ्यपुस्तकहरू पढाइ भएका छन्।

**पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लगि गरिएका प्रयत्नहरूः**

पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि प्रतापपुर गाउँपालिकास्तरीय एउटा विज्ञ समूह गठन गरी शिक्षकहरूलाई सहयोग उपलब्ध गराएको छ। शिक्षा शाखाबाट अनुगमन र मूल्याङ्कन गर्ने गरिएको छ। कोभिड १९ का कारण अनलाइनमार्फत पाठ्यक्रम प्रबोधीकरण गरियो । यद्यपि शिक्षकहरू एकीकृत पाठ्यक्रम र निरन्तर मूल्याङ्कनमा अभ्यस्त भएका छैनन्।

**पाठ्यक्रम, पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका चुनौतीतथा अवसरहरू**

- एकीकृत ढाँचाको पाठ्यक्रम कार्यान्वयन गर्नमा शिक्षकहरू सबल भएका छैनन् । शिक्षकहरूबाट पाठ्यक्रम प्रवोधीकरण तालिमको माग भएको छ ।
- शिक्षण सिकाइमा व्यवहार कुशल सीप एकीकृत गराउन शिक्षकमा समस्या छ। यसका लागि शिक्षकहरूले सहयोगको अपेक्षा गरेका छन्।
- कक्षाकोठामा मूल्याङ्कनलाई सिकाइसँग जोड्ने सीप शिक्षकहरूमा कमजोर देखिन्छ साथै निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गर्ने सीप पनि कमजोर छ। पाठ्यक्रम र पाठ्यपुस्तकको सहज उपलब्धताको अवस्था छ। शिक्षक सहायता कार्यक्रममा बजेट निर्धारण गर्ने अवसर पनि छ।
- विभिन्न विषयमा परियोजनाकार्य गराउने र प्रयोगात्मक कार्य गराउने कार्यमा शिक्षकहरूले कर्मकाण्डीय प्रक्रिया मात्र पूरा गरेको पाइन्छ। यसका लागि विज्ञ समूह र शिक्षक सहायता कार्यक्रमलाई प्रभावकारी गराउन सकिन्छ ।
- विद्यालयहरूमा स्थानीय पाठ्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन भएको अवस्था छैन । सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण गराउनुपर्ने नीतिगत व्यवस्था छ।
- भाषा तथा घरको बातावरणका कारण कक्षाकोठामा सबै विद्यार्थीहरूमा पाठ्यक्रमको अपेक्षाबमोजिमको ज्ञान, सीप र अभिवृत्ति हासिल गराउन सकिएको छैन। यसका लागि एकीकृत पाठ्यक्रमले कक्षाकोठामा टेवा प्रदान गर्ने र सुधारात्मक शिक्षण गर्ने प्रावधान राखेको छ।

**पाठ्यक्रम र पाठ्यपुस्तक  सुधारका लागि पृष्ठपोषणको व्यवस्था**

विज्ञ समूह र शिक्षक सहयोग समितिमार्फत पाठ्यक्रम र पाठ्यपुस्तकमा सुधार गर्नुपर्ने सुझावहरू सङ्कलन गरी पाठ्यक्रम विकास केन्द्रमा पेस गर्ने कार्यक्रम योजनामा समावेश गरिनेछ।

३.६.३ **लक्ष्य**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सीप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने

३.६.४ **उद्देश्य**

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेशअनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु
- सिकारुका सिकाइ समस्याको समाधानमा निरन्तर उन्मुख भई आवधिक तथा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

**३.६.५ रणनीतिहरू**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिने
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने
- शिक्षकको पेसागत सक्षमता विकास गरिने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधानकेन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा,  बहुभाषा प्रयोग गरिने
- विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने

**३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने

प्रमुख नतिजा

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने
- सिकाइ दैनिक जीवनसँग सम्बन्धित हुने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण  भएको हुने
- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने

**पाठ्यक्रम र पाठ्यसामग्री (स्टेम, अतिरिक्त/सहक्रियाकलाप, परम्परागत र मौलिक विषय, पूर्वीय दर्शन र शिक्षा, मातृभाषा, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री एवम् राष्ट्रिय तथा प्रदेश ढाँचाअनुकुलको पाठ्यसामग्री) सम्बन्धी प्रमुख क्रियाकलाप र लक्ष्य(Target)**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| पाठ्यक्रम अभिमुखीकरण (सबै शिक्षकहरूलाई) | २ पटक | १ | - | १ | - | - | तालिम प्रतिवेदन |
| शिक्षक तालिम कक्षा (१-३का सबै शिक्षकलाई NEGRP सम्बन्धी तालिम र माथिल्लो कक्षामा अङ्ग्रेजी, गणित र विज्ञान विषयको तालिम) | १ पटक | १ | - | - | - | - | तालिम प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षक पेसागत सहयोग (विज्ञ समूह र शिक्षक सहायता समूह द्वारा) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | मार्कलेजर |
| आवधिक विद्यार्थी मूल्याङ्कन | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | मार्कलेजर |
| डिजिटल सामग्रीको प्रयोग (कक्षा शिक्षणमा) | ७ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अनुगमन प्रतिवेदन |
| सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | कम्प्युटर रेकर्ड |
| सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | कम्प्युटर रेकर्ड |
| निःशुल्क पाठ्यपुस्तक | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | भर्पाई |
| बहुपाठ्यपुस्तक | ३१ विद्यालय | - | ३१ | - | - | - | पुस्तकालय अनुगमन |
| स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | ३१ विद्यालय | - | ३१ | - | - | - | कक्षा अनुगमन |
| माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग | आवश्यकता अनुसार | - | - | - | - | - | अनुगमन |
| सुपरीवेक्षण तथा अनुगमन | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सुपरीवेक्षण प्रतिवेदन |
| परीक्षा सञ्चालन वार्षिक ३ पटक | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | मार्कलेजर |
| NARN, NASA परीक्षा सञ्चालन वार्षिक एक पटक | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | मार्कलेजर |

### ३.७ शिक्षक व्यवस्थापन र विकास

#### ३.७.१ परिचय

**शिक्षक विकास र व्यवस्थापनको आवश्यकता र महत्त्व**

संसारमा ज्ञान, सीप र प्रविधिको तीव्र विकास भइरहेको छ। बालबालिकाहरूमा नयाँनयाँ ज्ञान, सीप र प्रविधिमा सक्षम बनाउनु शिक्षाको उद्देश्य रहेको हुन्छ। त्यसकारण निरन्तर रूपमा शिक्षक व्यवस्थापन र विकासको आवश्यकता हुन्छ।

**विद्यमान नीतिगत व्यवस्था तथा अभ्यास**

शिक्षक सेवा आयोगले प्रत्येक २ वर्षमा योग्य र तालिमप्राप्त व्यक्तिहरूलाई विषयगत लाइसेन्स प्रदान गर्छ। खाली दरबन्दीमा पदपूर्तिका लागियोग्य व्यक्तिको छनौट गरेर नियुक्तिका लागिसिफारिस गरेको व्यक्तिलाई स्थानीय तहले नियुक्ति गर्दछ। बिचबिचमा अस्थायी शिक्षक नियुक्ति गर्नुपरेको अवस्थामा स्थानीयस्तरमा नियुक्ति गर्न सकिने प्रावधान पनि छ।

**शिक्षक नियुक्ति, वृत्तिविकास, पेसागत विकास तथा सहयोग**

वर्तमान कानुनअनुसार शिक्षकको वृत्तिविकास, नियुक्ति र पेसागत विकासको जिम्मेवारी स्थानीय तहले गर्ने नीतिगत व्यवस्था छ।

**विद्यमान चुनौतीतथा अवसरहरू**

कोभिड १९ का कारण शिक्षकहरूलाई पेसागत विकासमा निरन्तर सहयोग उपलब्ध गराउन सकिरहेको छैन । भर्खरै विद्यालयहरू सुचारु भएको अवस्था छ । अस्थायी शिक्षकको नियुक्ति गर्नुपर्दा समुदायका विभिन्न व्यक्ति समूहको चर्को दबावको सामना गर्नुपर्ने अवस्था छ । शैक्षिक गुणस्तरको बारेमा समुदाय अनभिज्ञ छन् । राजनीतिक दलहरूबाट शिक्षकलाई काम लगाउने र संरक्षण दिने परिपाटीको अन्त्य भएको छैन । शिक्षकको मर्यादा गर्ने संस्कार पनि छैन । यद्यपि माथिका सबै चुनौतिको सामना गर्न विद्यमान कानुनले स्थानीय सरकारलाई अधिकार दिएको छ । क्रमशःवस्तुगत अवस्थामा ल्याउनुपर्दछ ।

३.७.२ **वर्तमान अवस्था**

स्थानीय तहमा शिक्षकको व्यवस्थापन र विकासको अवस्था

सामुदायिक विद्यालयको आधारभूत तहमा जम्मा सञ्चालित कक्षा – १३७

सामुदायिक विद्यालयको आधारभूत तहमा जम्मा सञ्चालित कक्षा – २१

| सामुदायिक विद्यालयमा कार्यरत शिक्षक | महिला | पुरुष | जम्मा | सामुदायिक विद्यालयको विद्यार्थी | | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| आधारभूत तह | ८३ | १३७ | २२० | आधारभूत तह | ६७९८ | १ : ३०.९० |
| माध्यमिक तह | ८ | ४० | ४८ | माध्यमिक तह | २६२४ | १ : ५४.७ |
| कुल जम्मा | ९१ | १७७ | २६८ | कुल जम्मा | ९४२२ | १ : ३५.२ |

सामुदायिक विद्यालयमा कार्यरत २६८ जना मौजुदा शिक्षकहरूले १५८ ओटाकक्षाहरू सञ्चालन गरिरहेका छन् । (सेक्सन नछुट्टिएका)

शिक्षक विद्यार्थी अनुपात आधारभूत तहमा १ः३१ र माध्यमिक तहमा १ः३५ छ ।

महिला शिक्षक ३४% छन् ।

**शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति**

शिक्षकको पेसाप्रतिको आकर्षण उच्च देखिएतापनि वृत्तिविकास र पदोन्नतिको व्यवस्था समयानुकुल नभएको अवस्था छ । शिक्षकहरू सङ्घीय सरकारअन्तर्गत रहेर काम गरेका हुन् जस्तो भान हुन्छ । संविधानले माध्यमिक तहसम्मको शिक्षाको लागि स्थानीय तहलाई जिम्मेवार बनाएको भए पनि कार्यविधिअनुसार शिक्षकको नियुक्ति, सरुवा, बढुवा र वेतनका बारेमा स्थानीय तह माध्यमकारूपमा काम गरिरहेका छन् जस्तो देखिन्छ ।

**शिक्षक तयारी**

शिक्षकलाई पाठ्यक्रम पूर्ण रूपले कार्यान्वयन गर्न तयारी गराउन नसकिएको अवस्था छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र एकीकृत पाठ्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सक्षम बनाउनुपर्ने आवश्यकता छ ।

**शिक्षण सिकाइ क्रियाकलाप**

शिक्षकको शिक्षण सिकाइ क्रियाकलाप परम्परागत ढाँचाको छ । शिक्षकले बालबालिकाको सिकाइलाई दैनिक जीवनसँग जोड्न, व्यवहार कुशल सीपलाई एकीकृत गरी शिक्षण गर्न तथा व्यावसायिक शिक्षामा परियोजनाकार्य गराएर शिक्षण गर्न सकिरहेका छैनन् ।

**शिक्षक क्षमता विकास कार्यक्रम**

शिक्षकहरूलाई एकीकृत ढाँचाको पाठ्यक्रमअनुसार कक्षाकोठामा सहजीकरण गर्न सक्ने बनाउन कक्षाकोठामा क्लिनिकल सुपरीवेक्षण गरेर शिक्षकलाई आवश्यक पर्ने शैक्षणिक सहयोग तथा टेवा प्रदान गर्नका लागिगाउँपालिका स्तरीय

शिक्षक सहयोगका लागि एउटा प्राविधिक समिति बनाएर परिचालन गराउनुपर्नेछ।

**शिक्षक पेसागत सहयोग पद्धति**

माध्यमिक तहमा विज्ञ समूह गठन गरेर सहयोग गर्ने संयन्त्र तयार भएको छ, तर आधारभूत तहमा कक्षाकोठामा पेसागत सहयोग उपलब्ध गरिएको छैन।

**शिक्षक उत्तरदायित्व**

आधारभूत तहमा र माध्यमिक तहमा विद्यार्थीको सिकाइ उपलब्धि स्तरलाई हेर्दा शिक्षकको उत्तरदायित्व पूरा भएको पाइँदैन। यसो हुनुको पहिलो कारण कोभिड १९को महामारीमा लामो समय विद्यालय बन्द हुनु र दोस्रो कारण वर्तमान अवस्थाको नयाँ पाठ्यक्रम प्रारूप, एकीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र निरन्तर मूल्याङ्कनको मापदण्ड र शिक्षा पद्धतिअनुसार शिक्षकले शिक्षण गर्न नसक्नाले गर्दा हो।

**शिक्षकको आपूर्ति र वितरण**

सामुदायिक विद्यालयहरूको हालको तथ्याङ्कअनुसार शिक्षक विद्यार्थी अनुपात १ः३५ र विद्यालय शिक्षक अनुपात आधारभूत तहमा १ः९ र माध्यमिक तहमा १ः८ छ। यसमा राहत, अनुदान र स्थानीय स्रोतका शिक्षकहरू समावेश भएका छन्। त्यसकारण गाउँशिक्षा समितिले वस्तुगत स्थितिको अध्ययन गरी शिक्षक दरबन्दी मिलान र विद्यालय गाभ्ने वा कक्षा घटाउनेसम्बन्धी सिफारिस गरेपछि सबै दरबन्दीमा स्थायी शिक्षकको पदपूर्ति गर्नुपर्ने अवस्था छ।

**३.७.३ लक्ष्य**

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने

**३.७.४ उद्देश्यहरू**

- सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नु
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु
- विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु
- सुपरीवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु

**३.७.५ रणनीतिहरू**

- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने

- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने
- शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने
- शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने

**३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने

**प्रमुख नतिजा**

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने शिक्षकको वृत्तिविकासका लागि परादर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने

**शिक्षक व्यवस्थापन र विकाससम्बन्धी प्रमुख क्रियाकलाप र लक्ष्य(Target)**

| कार्यक्रम | लक्ष्य | कार्यान्वियन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| शिक्षक नियुक्ति र सरुवा (शैक्षिक सत्रको अन्त्यमा) | ५ पटक | १ | १ | १ | १ | १ | निर्णय |
| अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्तशिक्षकहरूकोव्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | १ पटक | १ | - | - | - | - | निर्देशिका पुस्तिका |
| अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | १ | - | - | - | - | १ | तालिम प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | १ पटक | १ | - | - | - | - | मापदण्डको परिपत्र |
| कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने (वार्षिक एक पटक कोचिङ कक्षा) | ३१ विद्यालय | १ | १ | १ | १ | १ | प्रतिवेदन |
| उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | ३१ विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | विद्यालयको निर्णय |
| अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था (आवास तथा छात्रवृत्ति) | १ | नियमित | नियमित | नियमित | नियमित | नियमित | अभिलेख |
| पुस्तकालय र पुस्तक कुना | ३१ विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | अनुगमन प्रतिवेदन |
| सूचना प्रविधि प्रयोगशाला क्रियाशील | ७ विद्यालय | ६ | - | १ | - | - | अनुगमन |
| विज्ञान प्रयोशाला | ७ विद्यालय | ३ | ४ | निरन्तर | निरन्तर | निरन्तर | अनुगमन |
| प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | ७ विद्यालय | १ | १ | १ | २ | २ | अनुगमन |
| उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | ३१ विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | विद्यालयको निर्णय |
| शिक्षण तथा सिकाइ सामग्री विकास (शैक्षिक सत्रको सुरुमा सबै विद्यालयमा कार्यशाला सञ्चालन गर्ने) | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| इन्टरनेट सेवाको व्यवस्था | २४ विद्यालय | ७ | ५ | ५ | ५ | २ | केन्द्रमा सूचना प्रवाह |
| शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | २४ विद्यालय | ७ | ५ | ५ | ५ | २ | सुपरीवेक्षण प्रतिवेदन |
| निरन्तर विद्यार्थी मूल्याङ्कन | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अनुगमन प्रतिवेदन |
| निरन्तर विद्यार्थी मूल्याङ्कन | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अनुगमन प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षाको नतिजा विश्लेषण (वार्षिक एक पटक) | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सुपरीवेक्षण प्रतिवेदन |
| विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास (वार्षिक एक पटक) | ५ | १ | १ | १ | १ | १ | तालिम प्रतिवेदन |
| शिक्षक पेसागत सहयोग | ३१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| असल अभ्यासको अवलोकन भ्रमण (घुम्ती बैठक) | ३१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण (घुम्ती बैठक) | ३१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| विज्ञ समूहको गठन | १ | १ | - | - | - | - | निर्णय |
| सहपाठी कक्षा अवलोकन (प्रत्येक विद्यालयमा वार्षिक २ पटक) | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| छोटो अवधिको शिक्षक तालिम (वार्षिक १ पटक) | ५ | १ | १ | १ | १ | १ | प्रतिवेदन |
| विद्यालय तहमा शिक्षकको पेसागत विकास | ३१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| कार्यसम्पादन मूल्याङ्कन (वार्षिक २ पटक) अस्थायी, करार र अनुदान शिक्षकको समेत | १० | २ | २ | २ | २ | २ | गोप्य रेकर्ड |
| प्रधानाध्यापकको व्यवस्था | ३१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण (वार्षिक) | १ पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापनसमेत)

### ३.८.१ परिचय

**विद्यालय व्यवस्थापनको आवश्यकता र औचित्य**

विद्यालय समुदायको सार्वजनिक शैक्षिक थलो हो। विद्यालयलाई समुदायिक लाभको पक्षमा सञ्चालन गर्नुपर्दछ। यसका लागि गाउँपालिकाको कार्यालयले ऐन नियमको तर्जुमा गरी कार्यान्वयन गराउनुपर्दछ। सङ्घीय, प्रादेशिक र स्थानीय ऐनमा तोकिएबमोजिम योजना, सङ्गठन, निर्देशन, समन्वय, अनुगमन, मूल्याङ्कन, सूचना/सञ्चारलगायत मानवीय अन्तरसम्बन्ध र निर्णयहरू गर्न गराउन विद्यालय व्यवस्थापनको आवश्यकता पर्दछ।

**नीतिगत व्यवस्था**

विद्यालय सञ्चालनकालागि प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन २०७७ मा विद्यालय सञ्चालन र खारेज गर्ने, विद्यालय व्यवस्थापन समिति, गाउँशिक्षा समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र काम, कर्तव्य र अधिकार तोकेको छ। प्रत्येक विद्यालयमा प्रधानाध्यापकको व्यवस्था गरिएको छ। प्रतापपुर गाउँपालिकाको सार्वजनिक खरिद ऐन २०७७ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ मापनि विद्यालयहरूले पालना गर्नुपर्ने नियम तोकेको छ।

**चुनौतीर अवसरहरू**

विद्यालयको व्यवस्थापनसम्बन्धी कानुन तथा नीति नियम तयार भएको छ। नीतिअनुसार कार्यान्वयन गर्ने संरचना पनि

छ। यति हुँदाहुँदै पनि कार्यान्वयन गर्ने दक्ष जनशक्ति, स्रोत साधन, सरोकार निकायसँगको समन्वय र सीपहरूको कमीले गर्दा कार्यान्वयन पक्ष फितलो भएको अनुभूति भएको छ।

३.८.२ **वर्तमान अवस्था**

**स्थानीय तहमा विद्यालय व्यवस्थापनको अवस्था**

कोभिड १९ महामारीका कारण लामो समय विद्यालय बन्द भएर भर्खरै मात्र सुचारु भएको छ। कोभिडका समयमा सबै विद्यालयले अनलाइन कक्षा सञ्चालन गर्न नसकेका कारण विद्यार्थीहरूको सक्षमतामा एक रूपता छैन। प्रशासनिक कामहरू नियमित सञ्चालन गरिएको छ।

**विद्यालय व्यवस्थापनबाट विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा परेको प्रभाव**

विद्यालय व्यवस्थापनसम्बन्धी सम्पूर्ण काम स्थानीय स्तरबाटै हुने नीतिगत व्यवस्था भएबाट सूचना सञ्चार, समस्या समाधान, निर्णय प्रक्रिया र आर्थिक तथा प्राविधिक सहयोग छिटोछरितो र प्रभावकारी भएको छ। यस प्रतापपुर गाउँपालिकाका अधिकांश विद्यालय व्यवस्थापन समितिहरुमा भौतिक र आर्थिक पक्षमा बढि छलफल तथा सुधारका प्रयासहरु भएता पनि शैक्षिक सुधारका पक्षमा तुलनात्मक रुपमा कम छलफल हुने गरेको छ।

प्रभावकारी विद्यालय व्यवस्थापनका लागि गरिएका प्रयासहरू

- ऐन कानुनहरू पारित गरिएको
- विषयगत विज्ञ समूहको गठन गरिएको
- एउटा विद्यालयमा स्थायी प्रधानाध्यापकको नियुक्ति गरिएको
- सबै विद्यालयमा वि व्य स र शि अ सं गठन भएको
- सबै विद्यालयमा विद्यालय सुधार योजना र वार्षिक रणनीतिक कार्यान्वयन योजना निर्माण भएको
- सबै विद्यालयमा नियमित सामाजिक परीक्षण गरिएको
- बैङ्कमार्फत आर्थिक कारोबारको व्यवस्था भएको
- गाउँपालिका र शिक्षा शाखाको तर्फबाट अनुगमन गरिएको
- शक्षक र विद्यार्थीहरूलाई प्रोत्साहनको व्यवस्था गरिएको
- विद्यार्थीहरूलाई नियमित खाजा वितरण गरिएको
- छात्रवृत्तिको रकम विद्यार्थीको अभिभावकको उपस्थितिमा वितरण गरिएको
- भर्ना भएकै दिन विद्यार्थीको हातमा पाठ्यपुस्तक पुऱ्याइएको

३.८.३ **लक्ष्य**

सबै विद्यालयहरू बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्षम हुने

३.८.४ **उद्देश्य**

- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु
- गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्नु
- विद्यालयको शासकीय प्रबन्धलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु
- विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु
- योग्य प्रधानाध्यापकको छनौट तथा नियुक्ति गर्नु
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु
- विद्यालय व्यवस्थापनलाई समावेशी, समन्वयपूर्ण र जवाफदेही बनाउनु
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नु
- विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनु

### ३.८.५ रणनीतिहरू

- विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने
- विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गरिने
- शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्ति
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेलामार्फत सार्वजनिक गरिने
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परीक्षण गरिने
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गरिने
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने

### ३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम हुने

**प्रमुख नतिजा**

- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने
- विद्यालयमा गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार हुने
- विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुने
- विद्यालयहरूको सक्षमतामा सुधार भई रूपान्तरणको गतिलाई तीव्रता प्रदान गरेको हुने
- योग्य प्रधानाध्यापकको छनौट तथा नियुक्ति हुने
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुने
- विद्यालय व्यवस्थापन समावेशी, समन्वयपूर्ण र जवाफदेही हुने
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुने
- विद्यालयको सेवा प्रवाह प्रभावकारी हुने

**प्रमुख क्रियाकलाप र लक्ष्य(Target)**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विद्यालय सुधार योजना तयारी तथा अद्यावधिक | ३१ विद्यालय | ३१ | - | - | - | - | SIP Book |
| वार्षिक शैक्षिक कार्य योजनाको निर्माण | ३१ विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | अनुगमन |
| विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना | ३१ विद्यालय | १ | - | - | - | - | योजना पुस्तिका |
| विद्यालय नक्साङ्कन समुदाय सर्वेक्षण समेत | ३१ विद्यालय | ३१ | - | - | - | - | शैक्षिक सूचना रजिस्टर |

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विद्यालय सुधार योजना तयारी तथा अद्यावधिक | ३१ विद्यालय | ३१ | - | - | - | - | SIP Book |
| वार्षिक शैक्षिक कार्य योजनाको निर्माण | ३१ विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | अनुगमन |
| विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना | ३१ विद्यालय | १ | - | - | - | - | योजना पुस्तिका |
| विद्यालय नक्साङ्कन समुदाय सर्वेक्षण समेत | ३१ विद्यालय | ३१ | - | - | - | - | शैक्षिक सूचना रजिस्टर |
| विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना | १ पटक | १ | - | - | - | - | निर्णय |
| शिक्षक दरबन्दी मिलान | १ पटक | १ | - | - | - | - | निर्णय |
| प्रधानाध्यापक नियुक्ति | ३१ विद्यालय | १ | - | - | - | ३० | नियुक्ति पत्र |
| विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी | ३१ विद्यालय | ३१ | - | - | - | - | विनियम पुस्तिका |
| वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन (वार्षिक २ पटक) | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | शिक्षक प्रोत्साहन निर्णय |
| अभिभावक भेला (वार्षिक १ पटक) | ३१ विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| विद्यालयको लेखा तथा सामाजिक परीक्षण | ३१ विद्यालय | - | - | - | - | - | प्रतिवेदन |
| गाउँपालिका स्तरमा शिक्षा क्लष्टर गठन तथा विपद् जोखिम न्युनीकरण तथा प्रतिकार्य योजना निर्माण | १ पटक | १ | | | | | विपद मा शिक्षा कार्य योजना |
| विद्यालय स्तरमा विपद् व्यवस्थापन योजना निर्माण | ३१ विद्यालय | - | - | - | - | - | योजनाको पुस्तक |
| विद्यालयका गतिविधिहरू सार्वजनिक | ३१ विद्यालय | - | - | - | - | - | सामाजिक परीक्षण प्रतिवेदन |
| क्षमता विकास र प्रोत्साहनका कार्यक्रम (वार्षिक १ पटक) | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | शिक्षक प्रोत्साहन निर्णय |

**प्रमुख क्रियाकलाप र लक्ष्य(Target)**

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.९.१ परिचय

**निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको आवश्यकता र औचित्य**

यस गाउँपालिकाभित्रका सबै बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन औपचारिक शिक्षाले मात्र सम्भव नभएको अवस्थामा वैकल्पिक मार्गहरू प्रशस्त गर्नुपर्ने आवश्यकता छ। खुला शिक्षाको नीतिसमेत अवलम्बन गरिएको परिप्रेक्ष्यमा विद्यालय छाड्ने बालबलिकाहरूलाई र विद्यालयमा भर्ना नभएका बालबालिकाहरूलाई उनीहरूको पायक पर्ने स्थानमा रुचि र आवश्यकताअनुकूलको पाठ्यसामग्रीमा अभ्यास गराएर विद्यालय शिक्षाको मूलधारमा ल्याउनुपर्ने आवश्यकता छ। २०७२ साल असार ३१ गते नवलपरासी जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको थियो। तथापि प्रतापपुर गाउँपालिकामा एकातर्फ युवा तथा प्रौढहरू निरक्षर पनि छन् भने अर्कोतर्फ आधुनिक युगमा प्रविधिको प्रयोगबिना जीवनयापन गर्न गाह्रो देखिन्छ। दैनिक जीवन चलाउनका लागि सूचना सञ्चार तथा व्यवसायमा आइपर्ने कामको प्रयोजनमा जान्नुपर्ने ज्ञान रसीपका लागि पनि अनौपचारिक शिक्षाको अनिवार्य आवश्यकता भएको छ।

**निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको विकासक्रम तथा नीतिगत व्यवस्था**

सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग २०१८ ले अनौपचारिक शिक्षामार्फत पौढहरूलाई शिक्षा दिनुपर्ने कुरा सङ्केत गरेको छ। सेती परियोजनाबाट सामुदायिक सिकाइ केन्द्रको अवधारणा सुरु भएको छ भने सबैका लागिशिक्षा कार्यत्रमले समुदाय अध्ययन केन्द्रहरू स्थापना गरेको थियो। हाल आएर राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षामा प्रवेश गराउने नीति लिएको छ। सामुदायिक अध्ययन केन्द्रलाई जीवनपर्यन्त सिकाइका लागिसामुदायिक अध्ययन केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रमा परिणत गरिएको छ। विद्यालय क्षेत्र विकास योजनाले औपचारिक शिक्षाले समेट्न नसकेका नागरिकहरूलाई खुला सिकाइको माध्यमबाट शिक्षा दिएर समकक्षी निर्धारण गर्नेसमेतको व्यवस्था गरेको छ।

### ३.९.२ वर्तमान अवस्था

**स्थानीय तहमा निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको अवस्था**

प्रतापपुर गाउँपालिकामा ४ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालित छन्। निरन्तर सिकाइका लागिकेएर नेपाल र बेस नेपालको सहयोगमा यस प्रतापपुर गाउँपालिकाको धर्मौली, पर्सौनी र पिपरपाती गरी ३ स्थानमा विद्यालयबाहिर रहेका बालिकाहरूलाई पुनःविद्यालयमा फर्काउनका लागि एक बर्षे वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन भइरहेको छ। जसअनुसार ३ वटा वैकल्पिक सिकाइ केन्द्रमा ५७जना बालिकाहरू अध्ययन गरिरहेका छन्।

**चुनौतिहरू तथा अवसरहरू**

- अनौपचारिक शिक्षाको नीति तथा मापदण्ड तयार गर्नुपर्नेछ।
- समुदायमा सञ्चालित अनौपचारिक शिक्षा कार्यत्रमहरूको सर्वेक्षण र नियमन गराउनुपर्ने अवस्था छ।
- अनौपचारिक शिक्षा सञ्चालन गर्न चाहने साझेदार संस्थाहरूको पहिचान गरी सामुदायिक सिकाइ केन्द्रसँग समन्वय अनुगमन मूल्याङ्कन गर्नुपर्नेछ।
- गाउँपालिकाबाट समेत विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई शिक्षाको मूल धारमा ल्याउन बैकल्पिक तथा द्रुत सिकाई (Accelerated Learning ) कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ।

### ३.९.३ लक्ष्य

सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरिकको जीवनस्तरमा सुधार हुने

### ३.९.४ उद्देश्य

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
- औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गर्ने
- आजीवन सिकाइ संस्कृतिसापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने
- स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्ने

### ३.९.५ रणनीतिहरू

- सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पनर्वितरण गरिने
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडलहरू र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गरिने
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने

### ३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

**प्रमुख नतिजा**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने
- सिकारुको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकसित हुने
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने
- बैकल्पिक तथा खुल्ला सिकाई कार्यक्रम मार्फत विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालय भर्ना गर्ने
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक हुने
- स्थानीय तह पूर्ण साक्षर घोषणा हुने

**निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको प्रमुख क्रियाकलाप र लक्ष्य(Target)**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| घरधुरी सर्वेक्षण गरेर निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | १ पटक | १ | - | - | - | - | शैक्षिक सूचना रजिस्टर |
| साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चाल नगर्ने सामुदायिक सिकाइ केन्द्रलाई सक्रिय गराउने | ४ वटालाई | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सा अ केन्द्रको प्रतिवेदन |

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | ४ वटा | - | - | - | ४ | - | अनुगमन |
| सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण (व्यवस्थापन तालिम दिने) | ४ वटा | निरन्तर | निरन्तर | ४ | निरन्तर | निरन्तर | तालिम प्रतिवेदन |
| सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य (साझेदार संस्थाको पहिचान र करारनामा) | आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | करार |
| मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास (गुरुकुल विद्यालय मार्फत गराउने) | २ वटा विद्यालय | निरन्तर | निरन्तर | २ | निरन्तर | निरन्तर | सामग्री तयारी |
| सूचना तथा सञ्चार प्रविधिको प्रयोग (सामुदायिक सिकाइ केन्द्र मार्फत एफ एम सञ्चालन गराउने) | १ | - | - | - | - | १ | |
| सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण गर्ने (वार्षिक १ पटक) | ५ | १ | १ | १ | १ | १ | सिकाइ सामग्री |
| संस्थागत प्रबन्ध (गाउँपालिका शिक्षा शाखा, अनौपचारिक शिक्षा सञ्चालक समिति, CLC, र वडा शिक्षा समितिको सञ्जाल तयार गर्ने) | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अभिलेख |
| अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, र धार्मिक प्रकृतिका विद्यालयहरूलाई अनुदान | ५ पटक | १ | १ | १ | १ | १ | भर्पाई |
| पूर्णसाक्षर पालिका घोषणा | १ | - | - | - | - | १ | निर्णय |

**३.१० गुणस्तरीय सार्वजनिक शिक्षा**

३.१०.१ **परिचय**

**गुणस्तरीय सार्वजनिक शिक्षाको आवश्यकता र औचित्य**

बालबालिकाको सिकाइबाट जीवनपद्धतिमा सुधार ल्याउनुपर्दछ। सिकाइले उसको पहिचान स्थापित गर्नुपर्दछ र स्थानीय प्रविधि र व्यवसायमा सिकाइको प्रतिविम्ब देखिने हुनुपर्दछ। समाजले शिक्षाबाट बेरोजगार जनशक्ति उत्पादन भएको आभास गरेको अहिलेको अवस्थामा गुणस्तरीय सार्वजनिक शिक्षाको नितान्त आवश्यकता भएको छ।

**गुणस्तरीय सार्वजनिक शिक्षाका लागि नीतिगत तथा संरचनागत व्यवस्था**

नेपाल सरकारले दिगो विकास लक्ष्य (सन २०१६–०३०)४ (i) मा प्राथमिक र माध्यमिक तहका सबै छात्रछात्राले निःशुल्क, सान्दर्भिक र प्रभावकारी समतामूलक गुणस्तरीय शिक्षा प्राप्त गराउने प्रतिबद्धता जाहेर गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकताअनुरूपको मानव संसाधन विकास गर्ने लक्ष्य राखेको छ।

विद्यालय क्षेत्र सुधार योजना २०७३/०७४–२०७९/०८० ले सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण-सिकाइ सामग्री, विधि, मूल्याङ्कन र परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्ने उद्देश्य लिएको छ।

३.१०.२ **वर्तमान अवस्था**

**स्थानीय तहमा सार्वजनिक शिक्षाको गुणस्तरको अवस्था**

| क्र.सं | सूचक | प्रतापपुर आधार वर्षको |
|---|---|---|
| १ | कक्षा १–५को सि उ | ५५.४७ |
| २ | कक्षा ६–८ को सि उ | ५१.६८ |
| ३ | कक्षा ९–१० को सि उ | ५१.९४ |
| मदरसाको | | |
| १ | कक्षा १–५ को सि उ | ५५.५९ |
| २ | कक्षा ६–८ को सि उ | ५०.६३ |
| ३ | कक्षा ९ को सि उ | ६१.७ |

**नोट** : माथि उल्लेखित सिकाई उपलब्धि शैक्षिक गुणस्तर परिक्षण केन्द्रको तथ्याङ्क नभई विद्यालय स्तरबाट प्राप्त सिकाई उपलब्धिलाई औषतमा प्रस्तुत गरिएको हो।

उल्लेखित सिकाइ उपलब्धिबाहेक प्राविधिक तथा व्यावसायिक विषयमा प्रयोगात्मक नम्बर र CTEVT बाट प्रदान गरिने प्रमाणपत्रको आधारमा गुणस्तर मापन गर्ने प्रचलन छ। यसबाहेक उत्पादित जनशक्तिहरूले प्राप्त गरेको व्यवसाय र रोजगारीको मापन गर्ने व्यवस्था छैन। अर्थात्उत्पादित जनशक्तिमध्ये कति प्रतिशतले स्थानीय स्तरमा कस्ताकस्ता रोजगारीको अवसर प्राप्त गरेका छन्? भनेर सर्वेक्षण गर्ने र त्यसको आधारमा प्राविधिक तथा व्यावसायिक विषयका अवसरहरू खुलाउने प्रयास गरिएको छैन। अधिकांश शैक्षिक जनशक्ति रोजगारीको खोजीमा विदेश पलायन भएको अवस्था छ।

**गुणस्तरीय शिक्षाका लागि गरिएका प्रयासहरू**

- आधारभूत तथा प्राथमिक शिक्षा दोस्रो (२०५६) देखिनै शैक्षिक सस्थाहरूको क्षमता विकास र गुणस्तरीय शिक्षामा जोड दिँदै आएको छ।

- सबैका लागि शिक्षा कार्यक्रममा गुणस्तरीय शिक्षाका लागि निर्माणात्मक मूल्याङ्कन, स्थानीय विषय तथा प्रयोगात्मक विषयहरू पाठ्यक्रममा समावेश गरेको छ।
- विद्यालय क्षेत्रविकास योजना तथा राष्ट्रिय शिक्षा नीतिले गुणस्तरका लागि माध्यमिक तहदेखिनै व्यावसायिक तथा प्राविधिक धारमा सिकाइ अवसरमा जोड दिएको छ।

**चुनौती तथा अवसरहरू**

- प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच सर्वसुलभ नहुनु
- उत्पादित विषयगत जनशक्ति श्रम बजारमा नबिक्नु
- शिक्षित जनशक्तिहरूश्रमका लागि बिदेसिनु
- विद्यालयहरूमा व्यावसायिक तथा प्राविधिक विषयका विज्ञ शिक्षक अभाव हुनु

स्थानीय स्तरको सान्दर्भिक व्यावसायिक तथा प्राविधिक सोरोजगारमूलक जनशक्ति उत्पादन गरेर समाजको आवश्यकता पूरा गर्ने अवसरलाई उपयोगमा ल्याउनुपर्ने आवश्यकता छ।

३.१०.३ **लक्ष्य**

सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने

३.१०.४ **उद्देश्य**

- सबै बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित हुने
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा पहुँच पुग्ने
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध हुने
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी सिकाइप्रति उत्तरदायी प्रणालीको विकास तथा कार्यान्वयन हुने
- दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने

३.१०.५ **रणनीतिहरू**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक तथा शैक्षिक जनशक्ति व्यवस्थापन गरिने
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने
- शिक्षण पेसामा उच्च योग्यता र सीप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सीप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने
- सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित

उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने

**३.१०.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुने

**प्रमुख नतिजा**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने
- शक्षण पेसामा उच्च योग्यता र सीप भएका मेधावी व्यक्तिहरू प्रवेश हुने
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा आएको हुने
- आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन भएको हुने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सीप अभिवृद्धि भएको हुने
- बालबालिकाहरूले आवश्यकताअनुसार मातृभाषामा शिक्षा प्राप्त गर्ने अवस्था सृजना हुने
- शिक्षण संस्थाहरूको भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढ भएको हुने
- सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन भएको हुन

**गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य(Target**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| विद्यालयगत योजना निर्माण गरेर शैक्षिक वातावरण सुदृढीकरण गर्ने | ३१ विद्यालय | ३१ | - | - | - | - | योजना तयारी र कार्यान्वयन |
| क्षमता विकास कार्यक्रमकक्षा १-३का सबै शिक्षक र माध्यमिक ४-१० का अङ्ग्रेजी, विज्ञान र गणित शिक्षकलाई तालिम | १ पटक | कक्षा १-३का शिक्षक | कक्षा ४-७का शिक्षक | कक्षा ८-१० का शिक्षक | - | - | तालिम प्रतिवेदन |
| शिक्षक दरबन्दी व्यवस्थापन | १ पटक | १ | - | - | - | - | अभिलेख |
| अतिरिक्त क्रियाकलाप सञ्चालन | ३१ विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | तथ्याङ्क |

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| शिक्षक पेसागत सहयोग | ३१ विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | प्रतिवेदन |
| प्रशंसा तथा प्रोत्साहन कार्यक्रम | ५ पटक | १ | १ | १ | १ | १ | भर्पाई |
| सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम | ३१ विद्यालय | ६ | २ | ३ | ४ | १६ | अनुगमन प्रतिवेदन |
| परीक्षण तथा अनुसन्धान | १ पटक | १ | - | - | - | - | प्रतिवेदन |
| सरोकारवालाबिच निरन्तर अन्तरक्रिया | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रतिवेदन |
| कार्यसम्पादन परीक्षण वार्षिक २ पटक | १० | २ | २ | २ | २ | २ | गोप्य रेकर्ड |
| आवधिक समीक्षा तथा प्रतिवेदन | ५ पटक | १ | १ | १ | १ | १ | प्रतिवेदन |

### ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा

### ३.११.१ परिचय

**शैक्षिक समता र समावेशिताको आवश्यकता तथा औचित्य**

प्रतापपुर गाउँपालिका विविध जात, धर्म, सम्प्रदाय र अपाङ्गता भएका नागरिकहरू वसोवास गरेको साझा थलो हो। सबै खाले बालबालिकाका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु गाउँपालिका र समुदायको दायित्व हो भने गुणस्तरीय शिक्षाको अवसर प्राप्त गर्ने बालबालिकाको नैसर्गिक अधिकार हो। त्यसकारण समावेशी शिक्षाको नितान्त आवश्यकता छ।

**संवैधानिक तथा नीतिगत व्यवस्था**

अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धिको घोषणापत्र (1948) मा अधिकारमा आधारित भेदभावरहित शिक्षाको सुनिश्चितता गर्ने प्रतिबद्धता जनाएको छ। यसलाई नेपालको संविधान २०७२को धारा ३१मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने कुरा उल्लेख गरेको छ। यसलाई लैङ्गिक समानता ऐन २०६५ले पनि सम्बोधन गरेको छ। सबैका लागि शिक्षाले पनि सामाजिक समावेशी शिक्षाको सबैलाई समान अवसर उपलब्ध गराउने उद्देश्य राखेको छ। विद्यालय क्षेत्र सुधार योजनामा सबैलाई समावेशी शिक्षाको सुनिश्चितता गर्ने लक्ष्य राखेको छ। स्थानीय सरकार सञ्चालन कार्यविधिमा सबै बालबालिकालाई निःशुल्क र अनिवार्य शिक्षाको पहुँचमा ल्याउने कुरा उल्लेख गरिएको छ।विद्यालय क्षेत्र विकास योजना २०७३ ले समूहसमूहका बिचमा हुने विभेदलाई न्यूनीकरण गरी सबैका लागि समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्ने लक्ष्य लिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ को उद्देश्यमा आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहमा पनि शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ।

**चुनौतीतथा अवसर**

- दलित, महिला, अपाङ्ग तथा पिछडिएका वर्गहरूमा औपचारिक रूपमा भेदभाव नदेखाइए तापनि स्वतस्फूर्त लुप्त पाठ्यक्रमको प्रभाव देखापर्दछ। यसलाई सशक्तीकरण र आचार संहिता निर्माण र प्रयोगको वातावरण सिर्जन गर्नुपर्नेछ।
- सबै खाले अपाङ्गताका लागि शिक्षणको संरचना भएको अवस्था छैन। अपाङ्गताको कारण शिक्षाको अवसर प्राप्त गर्न नसकेका बालबालिकाको किटान गरी आवश्यक संरचना र सामग्री तयार गरेर अवसर प्रदान गर्नुपर्नेछ।
- गाउँपालिका स्तरमा विभिन्न शारिरीक अशक्तता, बाबु आमा गुमाएका, विपन्न र अन्य आर्थिक, तथा सामाजिक प्रभावले जोखिममा रहेका बालबालिकाहरुको एकिन तथ्याङ्क छैन यसका लागि गाउँपालिका स्तरबाट घरधुरी सर्वेक्षण गरी लक्षित

वर्गका लागि उपयुक्त कार्यक्रम प्रोत्साहनका कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

- पिछडा वर्गका अभिभावकहरूमा लुकेको कमजोर आत्मबललाई स्वास्थ्य सरसफाइ र भावनालाई उठाउन अभिभावक शिक्षामार्फत सामाजिक क्रियाकलापमा समान सहभागिता सुनिश्चित गर्नुपर्ने खाँचो छ।

३.११.२ **वर्तमान अवस्था**

**स्थानीय तहमा विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौगोलिक विविधता**

आफ्नो जमिन नभएका घर परिवार १०.२% , उज्यालोका लागि मट्टीतेल बाल्ने परिवार २.७%, घरमा चर्पी नभएका ६.२% (स्रोत :गाउँपालिकाको पार्स्व चित्र)

माथिको आँकडालाई हेर्दा अति गरिब र विपन्न परिवारहरू पनि यस गाउँपालिकामा बसोवास गर्दछन् । यस्ता विपन्न परिवारका बालबालिकाहरू शिक्षामा भन्दा ज्याला मजदुरीमा आकर्षित हुन्छन् र सानै उमेरमा बालिकाहरू विवाह गरेर जान्छन् । यिनीहरूले सामाजिक विभेद भएको अनुभव गर्दैनन् । सम्भ्रान्त वर्गले सीमित ज्यालामा यिनीहरूलाई काममा लगाइरहेका हुन्छन् । सांस्कृतिक कार्यहरूमा सदासयतापूर्ण व्यवहार भएको पाइन्छ। तराईको भूभाग भएको हुनाले भौगोलिक एकरूपता छ।

**शिक्षा क्षेत्रमा समता र समावेशिताको अवस्था**

त्रिभुवन नमूना मावि बेलाटारीमा सुनाइ तथा बोलाइमा समस्या भएका बालबालिकालाई शिक्षा दिने एउटा विशेष शिक्षाको कक्षा सञ्चालन भएको छ जसमा अध्ययनरत बालबालिकाको विवरण निम्नानुसार छ :

| क्रसं | सहयोगको विवरण | छात्रा | छात्र | जम्मा | कुल |
|---|---|---|---|---|---|
| १ | (क) श्रेणीको सेवा (आवास, खान बस्ने सुविधासहित) | ४ | २ | ६ | ८ जना |
| २ | (ख) श्रेणीको सेवा (घरबाटै आउने जाने) | १ | १ | २ | |

माथिको विवरणबाहेक अरू विविध जात, धर्म, सम्प्रदाय र अपाङ्गता भएका सबै बालबालिकाहरू एकीकृत कक्षामा सहअस्तित्वका साथ अध्ययन गरिरहेको अवस्था छ।

शैक्षिक समता र समावेशिताका लागि गरिएका प्रयासहरू र सिकाइ

- अपाङ्ग,दलित, छात्रा र गरिब तथा विपन्न छात्रवृत्तिको व्यवस्था छ।
- दृष्टि तथा सुनाइसम्बन्धी समस्या भएका विद्यार्थीलाई अघिल्लो बेन्चमा राख्ने व्यवस्था छ।
- भाषाको समस्या भएका बालबालिकालाई मातृभाषामा बुझाएर सिकाउने व्यवस्था छ।
- विद्यालयको खाजालगायत हरेक क्रियाकलापमा भेदभाव नगर्ने आचारसंहिताको पालना गराइएको छ।

**सिकाइ :**

विद्यालयमा भयरहित सिकाइको वातावरण सिर्जना गर्न कठिन हुँदैन।

३.११.३ **लक्ष्य**

शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने

३.११.४ **उद्देश्य**

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चित रहेकाव्यक्तिहरूको पहुँच शिक्षामा पुर्‍याउने
- लक्ष्यित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यताअनुकूल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने कुराको सुनिश्चितता गर्ने

३.११.५ **रणनीतिहरू**

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने

- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्ष्यित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने
- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गरिने
- आवश्यकताअनुसार पोसाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्ययवहार र  हेपाइ नहुने वातावरणको सृजना गरिने
- विद्यालयमा अभिभावको सहभागिता बढाइने
- शिक्षण गर्ने सीपयुक्त जनशक्तिको व्यवस्था गरिने
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने

### ३.११.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने

**प्रमुख नतिजा**

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा  सामाजिक कारणले वञ्चित रहेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने
- लक्ष्यित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यताअनुकूल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हने
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि हुने
- सबै विद्यालयहरू बालमैत्री हुने

**प्रमुख क्रियाकलाप र लक्ष्य(Target)**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| बालबालिकाहरूको अवस्था पहिचान (घरधुरी सर्वेक्षण) | १ पटक | १ | - | - | - | - | शैक्षिक सूचना रजिस्टर |
| विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउन जनसहभागिता (वडा कार्यालयमार्फत गराउने) | | १ | - | - | - | - | वडाको रिपोर्ट |
| छात्रवृत्ति कार्यक्रम | ३१ विद्यालय | निरन्तर | - | - | - | - | भर्पाई |
| अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक पूर्वाधार | ३१ विद्यालय | - | - | - | - | ३१ | अवलोकन |
| प्रोत्साहन कार्यक्रम (सबै विद्यालयमा) | ५ | १ | १ | १ | १ | १ | भर्पाई |
| सिकाइ सामग्री व्यवस्था | ३१ विद्यालय | - | - | - | - | ३१ | भर्पाई |
| क्षमता विकास | - | - | - | - | - | - | निरन्तर रुपमा |

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| सूचना तथा सञ्चार प्रविधिको प्रयोग | १ | १ | - | - | - | - | अनुगमन |
| पाठ्यक्रमको स्थानीयकरण (स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन) | ३१ | ३१ | - | - | - | - | पाठ्यक्रम पुस्तिका |

३.१२ **शिक्षामा सूचना प्रविधि**

३.१२.१ **परिचय**

**विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको आवश्यकता र औचित्य**

सूचना प्रविधिले विश्वलाई एउटै गाउँका रूपमा परिणत गरिदिएको छ। यसको उच्चतम प्रयोग गरेर लाभ लिनु आजको आवश्यकता हो। शिक्षा क्षेत्रमा व्यवस्थापकीय र शिक्षण सिकाइको पक्षमा सूचना र सञ्चारको प्रयोगबाट छिटोछरितो र प्रभावकारी बनाउन अत्यन्त प्रभावकारी भूमिका खेल्ने कुरामा दुईमत छैन।

**नीतिगत व्यवस्था**

राष्ट्रिय शिक्षा नीति २०७६ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्ने र अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System IEMIS) को सुदृढीकरण गर्ने रणनीति लिएको छ। विद्यालय क्षेत्र सुधार योजना २०७३ अनुसार शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगम्बन्धी ज्ञान आवश्यक छ भन्ने कुरामा शिक्षा मन्त्रालय दृढ रहेको कुरा उल्लेख गरेको छ। प्रतापपुर गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट आ व २०७८/०७९मा पनि शिक्षालाई नवीनतम प्रविधिसँग जोड्न "उपाध्यक्ष एक वडा एक नमुना विद्यालय निर्माण कार्यक्रम" समावेश गरेको छ।

**चुनौती तथा अवसरहरू**

- समूदायका सबै परिवारहरूको विद्युतीय प्रविधिमा पहुँच छैन।
- गाउँमा इन्टरनेटका टावरहरू छन् तर सबै विद्यालयहरूमा इन्टरनेट सुविधा छैन।
- माध्यमिक विद्यालयहरूमा ICT प्रयोगशाला छ तर केही शिक्षकहरूमात्र शिक्षण सिकाइमा विद्युतीय साधन प्रयोग गर्न सक्छन्।
- सबै विद्यालयमा इन्टरनेट जडान गर्ने गाउँपालिकाको लक्ष्य छ। तर विद्यालयहरूमा IEMIS र विद्युतीय आर्थिक कारोबार गर्न सक्ने जनशक्ति छैन।

३.१२.२ **वर्तमान अवस्था**

**स्थानीय तहमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार र प्रयोगको अवस्था**

६ वटा माध्यमिक र २ वटा आधारभूत तहका सामुदायिक विद्यालयहरूमा ICT प्रयोगशाला तयार भएको छ। यद्यपि शिक्षण सिकाइमा यसको प्रयोग भएको अवस्था छैन। माथिका विद्यालयहरूले स्थानीय विषयको सट्टामाकक्षा ६ देखिमाथि विद्यार्थीलाई कम्प्युटर कक्षा सञ्चालन गरेका छन्।

शिक्षा तथा मानव संसाधन विकास केन्द्रले निर्माण तथा विकास गरेका Digital Material हरूकोप्रयोग कुनै पनि विद्यालयकोशिक्षण सिकाइमाभइरहेको छैन।

**अवसरहरू**

६ वटा माध्यमिक र २ वटा आधारभूत तहका सामुदायिक विद्यालयहरूमा ICT प्रयोगशाला तयार भएको छ। स्थानीय स्तरमा कम्प्युटर तालिम दिन सक्ने व्यक्ति/संस्थाहरू छन्। सबै विद्यालयमा इन्टरनेट जडान गर्ने गाउँपालिकाको लक्ष्य छ।

चुनौति

- आधारभूत विद्यालयहरूमा IEMIS तथ्याङ्क व्यवस्थापन र विद्युतीय आर्थिक कारोबार गर्न सक्ने जनशक्ति छैन।
- सबै विद्यालयहरूमा इन्टरनेट सुविधा छैन।
- विद्यालयहरूमा कम्प्युटरबाट शिक्षण गर्न मिल्ने संरचना छैन।
- सामुदायिक सिकाइ केन्द्रहरूमा विद्युतीय साधन र इन्टरनेट सुविधा छैन।

३.१२.३ **लक्ष्य**

सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रबर्द्धन हुने।

३.१२.४ **उद्देश्य**

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने

३.१२.५ **रणनीतिहरू**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने
- सबै शिक्षकहरूको क्षमता विकास गरिने
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गराउने
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने
- सामूदायिक अध्ययन केन्द्रहरूमा Digital LearningCenter स्थापना गरिने

३.१२.६ **उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने

**प्रमुख नतिजा**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने

**प्रमुख क्रियाकलाप र लक्ष्य(Target)**

| कार्यक्रम | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विद्यालयमा ICT संरचना विस्तार | २५ विद्यालय | ७ | ३ | ५ | ५ | ५ | अनुगमन |
| प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ३१ | ७ | ४ | ४ | १० | ६ | सञ्चार सञ्जाल |
| विद्युतीय साधन प्रयोग गरी शिक्षण गर्न शिक्षकहरूको क्षमता विकास | ३१ | ७ | ४ | ४ | १० | ६ | अवलोकन |
| प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | १५ | - | - | ७ | - | ८ | |
| IEMIS व्यवस्थापन | ३१ | ७ | ४ | ४ | १० | ६ | विद्युतीय तथ्याङ्क |
| सामुदायिक अध्ययन केन्द्रहरूको क्षमता विकास | ४ वटा | - | - | ४ | - | - | सञ्चार सञ्जाल |

## परिच्छेद ४: संस्थागत संरचना र क्षमताविकास (प्रदेश र सङ्घीय तहसँगको अन्तरसम्बन्ध)

### ४.१ परिचय

**योजना कार्यान्वयनमा संस्थागत संरचना र क्षमता विकासको आवश्यकता र औचित्य**

राष्ट्रिय शिक्षा नीति २०७६ ले निर्धारण गरेका नीतिगत व्यवस्था र विद्यालय क्षेत्र विकास योजना २०७३ को अपेक्षित उपलब्धि हासिल गर्न लागि सङ्घीय, प्रादेशिक र स्थानीय सरकारलगायत विद्यालयस्तरका विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरू समेतको संयुक्त प्रयासको खाँचो पर्दछ। त्यसकारण तीनै तहका संरचनागत सरोकारवालाहरूको क्षमता विकास हुनु जरुरी छ।

**शिक्षा क्षेत्र व्यवस्थापनमा स्थानीय तहको एकल अधिकार तथा उत्तरदायित्व**

- योजना निर्माण र कार्यान्वयन
- नीति नियमको निर्माण र कार्यान्वयन
- विद्यालयसँगको समन्वय र सहकार्य
- सामाजिक परिचालन र निर्णय

**तीन तहका सरकारको संयुक्त अधिकार तथा उत्तरदायित्व**

शिक्षा क्षेत्रका निम्न विषयहरूमा ३ तहका सरकारको संयुक्त अधिकार र उत्तरदायित्व रहेको हुन्छ :

- शिक्षक व्यवस्थापन र पेसागत विकास
- संस्थागत क्षमता विकास
- विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा
- अनुगमन तथा मूल्याङ्कन
- परीक्षा तथा प्रमाणीकरण
- शिक्षामा सूचना तथा सञ्चारको प्रयोग
- विद्यालयस्तरमा स्वास्थ्य र पोषण

## नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना



## ४.२ वर्तमान अवस्था

### स्थानीय तहमा शिक्षाको वर्तमान संस्थागत संरचना




### शिक्षा, युवा तथा खेलकुद शाखाको संरचनात्मक संगठन

प्रतापपुर गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, नियमन गर्न तथा युवा, खेदकुद तथा अतिरिक्त क्रियाकलापको समन्वय गर्न गाउँपालिकामा शिक्षा सेवा छैठौं /सातौं/आठौं तहका एकजना अधिकृतको नेतृत्वमा शिक्षा, युवा तथा खेलकुद शाखा रहनेछ। यस शाखा मातहत देहायका इकाईहरु रहने गरी दरबन्दी संरचना प्रस्ताव गरिएको छ।

### शिक्षा, युवा तथा खेलकुद शाखाको नयाँ प्रस्तावित कर्मचारी संरचना



**१. आधारभूत तथा माध्यमिक शिक्षा इकाई**

स्थानीय सरकारका शिक्षा सम्बन्धी एकल अधिकारका विषयमा नीति, कानूनहरुको तर्जुमा गरी कार्यान्वयन गर्न तथा शिक्षा सम्बन्धी साझा अधिकारका विषयमा आवश्यक समन्वय गर्न गाउँपालिकामा आधारभूत तथा माध्यमिक शिक्षा इकाई रहनेछ। जसका काम कर्तव्य देहायअनुसार प्रस्ताव गरिएको छ।

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयनर नियमन
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार
- आधारभूत तह ९ कक्षा ८० को परीक्षा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- पुस्तकालय एवं पत्रपत्रिका
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन।

**२. युवा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई**

युवा लक्षित कार्यक्रम, खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन गर्न गाउँपालिकामा युवा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई रहनेछ। जसका काम कर्तव्य देहायअनुसार प्रस्ताव गरिएको छ।

- युवा जागरण, सशक्तिकरण र परिचालन
- युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास
- स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास
- खेलकूदको विकास र प्रवर्द्धन
- खेलकूद प्रतियोगीता आयोजना र सहभागीता
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय

**क्षमता विकासको अवस्था**

विद्यालय क्षेत्र विकास योजना २०७३ बाट कार्यान्वयन भएको र राष्ट्रिय शिक्षा नीति २०७६ मा लागु गरिएको अवस्थामा कोभिड १९ को महामारीका कारण नयाँ नीति तथा कार्यक्रमको बारेमा भर्च्युयल तालिम तथा फोनबाट कार्यक्रमहरू कार्यान्वयन गरिँदै आएको भए तापनि विद्यालयहरू र स्थानीयसरोकारवालाहरू नयाँ नीति तथा कार्यक्रमका बारेमा अलमलमा परेको अवस्था छ। यस योजनाको निर्माणमा भएगरेका छलफलले केही मार्गनिर्देश गरेको भए तापनि तीनै तहका सरकारहरूबिच समान बुझाइ गराउनुपर्ने अनुभूति गरिएको छ।

**अवसरहरू**

- शिक्षासम्बन्धीनीति कार्यक्रम सञ्चालन गर्न स्थानीय तहमा संस्थागत संरचना तयार भएको
- स्थानीय तहमा शिक्षा ऐन र ऐनले निर्दिष्ट गरेका मुख्मुख्य नीति नियमहरू तयार भएको

- विद्यालय क्षेत्र विकास योजना र राष्ट्रिय शिक्षा नीतिले निर्दिष्ट गरेका कार्यक्रमको जानकारी भएको

**चुनौती**

- सङ्घ र प्रदेशलाई स्थानीय तहको कार्यक्रम सञ्चालनमा भएको बाधाको स्पष्ट बुझाइ गराउनुपर्ने
- स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक कर्मचारी थप गर्नुपर्ने
- तालिम दिने जनशक्ति तयार गर्नुपर्ने
- राष्ट्रिय शिक्षा नीतिले निर्दिष्ट गरेका धेरै कार्यक्रमहरू एकै पटक कार्यान्वयन गर्न प्रणाली तयार गर्नुपर्ने
- गुणस्तरीय शिक्षाका लागि आवश्यक जनशक्ति व्यवस्था गर्ने स्रोत किटान हुनुपर्ने

**४.३ लक्ष्य**

स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्द्धन गर्ने

**४.४ उद्देश्य**

- स्थानीय तहको अधिकार क्षेत्रअनुसार संस्थागत संरचना बनाउने
- तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने

**४.५ रणनीतिहरू**

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ।
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गरिनेछ।
- कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिनेछ।
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिनेछ।

**४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि :**

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने

**प्रमुख नतिजा**

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल क्रियाकलाप हुने

**कार्यक्रम तथा लक्ष्य**

| कार्यक्रम | लक्ष्य | मिति देखि | मिति सम्म | जिम्मेवारी | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गर्ने | पहिलो वर्ष | २०७९ वैशाख | २०७९ असार | प्रमुख प्रशासकीय अधिकृत | कानुन र मापदण्ड तयारी |

| कार्यक्रम | लक्ष्य | मिति देखि | मिति सम्म | जिम्मेवारी | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पहिलो वर्ष | २०७९ वैशाख | २०७९ असार | शिक्षा अधिकृत | संस्थागत कार्य सम्पादन पूरा भएको |
| प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | वार्षिक २ पटक | २०७९ ज्येष्ठ ७ | २०७९ चैत्र २३ | अधिकृत तथा प्र अ | सही तथ्याङ विकास भएको |
| कार्यसम्पादन करार गरी सबैलाईनतिजाप्रति जिम्मेवार बनाउने | वर्षको एकपटक | शैक्षिक सत्रको प्रारम्भमा | – | प्र.अ. तथा अधिकृत | कार्यसम्पादन रेकर्ड अद्यावधिक भएको |
| शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | निरन्तर | वर्षभरि | – | प्र अ | विद्यार्थीमा पाठ्यक्रमले तोकेको सि उ पूरा भएको |
| स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | निरन्तर | २०७९ वैशाख | – | शिक्षा युवा तथा खेलकुद शाखा | कक्षा कोठामा पाठ्यक्रम अनुकुल शिक्षण सिकाइ भएको |
| स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | निरन्तर | २०७९ वैशाख | – | शिक्षा युवा तथा खेलकुद शाखा | कक्षा कोठामा पाठ्यक्रम अनुकुल शिक्षण सिकाइ भएको |
| अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | CLC कार्यविधि अनुसार | २०७९ कार्तिक | २०७९ माघ | CLC शिक्षा शाखा | CLC मार्फत अनौपचारिक शिक्षा सञ्चालन भएको |
| विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | प्रथम वर्ष | निरन्तर | निरन्तर | गा.पा. सामाजिक विकास शाखा | गैसस, स्वास्थ्य संस्था समुदाय र शिक्षकहरू सम्मिलित संयन्त्र बनेको |

# परिच्छेद ५: लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

### आर्थिक तथा सामाजिक विकासका लागि लगानी

देश विकासको लागि "शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो"भनिन्छ। दिगो विकासका लागि राष्ट्रले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नुपर्दछ। नेपालले विभिन्न कालखण्डमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षामा लगानी वृद्धि गर्ने लक्ष्य लिएको छ।

### शिक्षामा लगानीको प्रवृत्ति

शिक्षामा राष्ट्रिय बजेटको २०% सम्म लगानी पुऱ्याउने लक्ष्य राखेको भए तापनि अहिलेसम्म उक्त लक्ष्य पूरा भएको पाइँदैन। अहिलेको विद्यालय क्षेत्र विकास योजनाको अन्त्यसम्ममा लगानी वृद्धि हुने आशा गर्न सकिन्छ।

### संवैधानिक तथा नीतिगत व्यवस्था

संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गराउने, माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने र अपाङ्ग, महिला, जात तथा वर्ग विभेद नहुने गरी शिक्षालाई मौलिक हकका रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्न राज्यको दायित्व हुने कुरा प्रस्ट पारेको छ। शिक्षा ऐन, नियम, राष्ट्रिय शिक्षा नीति -२०७६ र विद्यालय क्षेत्र विकास योजना - २०७३ ले पनि यसै कुरालाई पछ्याएको छ।

### चुनौति

- कोभिड १९को कारणले कार्यक्रम कार्यान्वयनमा बाधा हुनु
- लगानी तथा स्रोत व्यवस्थापनमा तीन तहको सरकारको दायित्व अझै नीतिगत स्पष्ट नहुनु
- माथिल्लो तहबाट निकासा हुने बजेट ठिकठिक समयमा विद्यालयसम्म पुगेर कार्यसम्पादन नहुनु

### अवसर

- सङ्घीय व्यवस्थाअनुरूपको शासकीय स्वरूपको संरचना तयार भएको छ।
- राष्ट्रिय शिक्षा नीति -२०७६ र विद्यालय क्षेत्र विकास योजना - २०७३ ले अपेक्षा गरेका नयाँ शिक्षा योजना तयार भएको छ।
- कोभिड १९ को महामारी कमभई विद्यालयहरू सञ्चालन भएका छन्।

## ५.२ वर्तमान अवस्था

| क्रसं | सङ्घमार्फत आ व २०७७/०७८ मा निकासाको शीर्षक | रकम रु |
|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान ( विशेष शिक्षा परिषदअन्तर्गतका शिक्षक / कर्मचारीहरूसमेत) | ७,०३,००,००० |
| २ | आधारभूत तथा माध्यमिक तहमा स्वीकृत तथा अनुदानमा कार्यरत शिक्षकको थप तलब भत्ता | ० |
| ३ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषदअन्तरगतका शिक्षक र कर्मचारी, प्राविधिक धारका प्रशिक्षकसमेत) | १,९६,००,००० |
| ४ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ६२,६४,०० |
| ५ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | ३५,३१,००० |
| ६ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | ४३,०७,०० |
| ७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | २२,४६,०० |
| ८ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १८,३६,००० |

| | | |
|---|---|---|
| ९ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमसमेत) | ३९,१७,००० |
| १० | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १२,६९५,०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | १,१४,००,००० |
| १२ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७९,७८,०० |
| १३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याडव्यवस्थापन (शैक्षिक कार्यक्रम) | ३१,२६,०० |
| १४ | COVID-19 बाट भएको शैक्षिक क्षति न्यूनीकरण तथा विद्यार्थीको सिकाइ प्रवद्र्धन कार्यक्रम | ३,००,००० |
| जम्मा | | १४,७२,००,००० |

| क्रसं | प्रदेशमार्फत आ व २०७८/०७९ मा निकासाको शीर्षक | रकम रु |
|---|---|---|
| १ | मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम | ६०,००,००० |
| जम्मा | ६०,००,००० | |

| क्रसं | गा पा मार्फत आ व २०७७/०७८ मा निकासाको शीर्षक | रकम रु |
|---|---|---|
| १ | प्र.अ. प्रोत्साहन भत्ता (प्रा.वि., नि.मा.वि., मा.वि.) | १,९५,६०० |
| २ | शिक्षक समिति बैठक भत्ता | ६५,४०० |
| ३ | गाउँपालिका स्तरीय तथ्यांक छपाई, संकलन र टेबुलेसन कार्यक्रम | ५०,००० |
| ४ | शिक्षक सहयोग अनुदान (आधारभूत र मा.वि.) | ३३,१५,००० |
| ५ | गाउँपलिका स्तरीय IEMIS CD निर्माण तालिम | १,००,००० |
| ६ | विद्यालयका शिक्षकको लागि कम्प्युटरतालिम | ६,२१,००० |
| ७ | कार्यरत बालविकास स.का. र कर्मचारीहरुको प्रोत्साहन भत्ता | १५,६०,००० |
| ८ | गाउँपालिका अनुदानको शिक्षक छनोटखर्च | ५०,००० |
| ९ | गाउँपालिका स्तरीय आधारभूत तह खेलकुद प्रतियोगिताको लागि सञ्चालन र ब्यबस्थापन | ५,००,००० |
| १० | गाउँपालिका स्तरीय आधारभूत तह परीक्षा सञ्चालन खर्च | २,८४,४०० |
| ११ | गाउँपालिका स्तरीय कक्षा ५ र ८ को नतिजा विश्लेषण | ८०,००० |
| १२ | प्र.अ. बैठक खाजा खर्च | ६३,००० |
| १३ | गाउँपालिका स्तरीय वक्तृत्वकला प्रतियोगिता (प्रा. वि., आधारभूत, तथा मा.वि.) | १,००,००० |
| १४ | गाउँपालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता ( प्रा.वि., आधारभूत, तथा मा.वि.) | १,३०,००० |

| | | |
|---|---|---|
| १५ | प्र.अ.,वडाअध्यक्ष र गा.पा. पदाधिकारिबिच अन्तरक्रिया | ५०,००० |
| १६ | प्रत्येक वडामा वि.व्य.स.,सी.स. संघ, सा.ले.प., प्र.अ. र वडा समितिका पदाधिकारीहरुसंगको अन्तरक्रिया | १,००,००० |
| १७ | मसलन्द तथा अफिसको दैनिक खाजा खर्च | ३५,००० |
| १८ | शैक्षिक क्यालेन्डरनिर्माण र निर्माण समितिको बैठक भत्ता | ५०,००० |
| १९ | शिक्षकहरूको बिषयगत समितिको बैठक खर्च | ३३,६०० |
| २० | अनुगमन मूल्यांकन खर्च | ५०,००० |
| २१ | अंग्रेजी माध्यममा सञ्चालित प्रा.वि. विद्यालयको लागि शिक्षक अनुदान | ३,१२,००० |
| २२ | परिक्षा व्यवस्थापन अनुदान | ३,३५,००० |
| | जम्मा | ८०,८०,००० |

**शिक्षामा घरपरिवार र निजी लगानी**

**शिक्षामा घर परिवारको लगानी :**

विद्यालय शिक्षामा अभिभावक सहयोग सन्दर्भमा विद्यार्थी भर्ना गर्दा विद्यालयलाई आर्थिक सहयोग गर्नेबाहेक अन्य प्रत्यक्ष लगानी देखिएको छैन। निशुल्क शिक्षा प्रत्याभुत गर्न बालबालिकालागि उपलब्ध गराईने व्यक्तिगत सिकाई सामग्रीमा पाठ्यपुस्तक बाहेकको अन्य सामग्री जस्तै, झोला, कापी ,कलम , पोषाक जस्ता सामग्री सम्बन्धित विद्यार्थीको परिवारले नै जुटाएको अवस्था छ।

**निजी लगानी :**

प्रतापपुर गाउँपालिका अर्न्तगत संचालित विद्यालयहरु तथा अन्य क्रियाकलापहरुमा निजि क्षेत्रको लगानी न्युन भएको अवस्था छ। तथापी कतिपय सामुदायिक विद्यालयहरुको स्थापना तथा थप भवन निर्माण तथा क्षेत्र विस्तारका लागि विभिन्न सामाजिक अगुवाहरुबाट जग्गा प्राप्त भएका छन्। त्यसैगरी प्रतापपुर गाउँपालिका वडा नं. १ मा स्थापना भएको ब्रह्मबाबा आधारभूत विद्यालयमा एक जना शिक्षकको पारिश्रमिक बेहोर्नुका साथै विद्यालयमा रङ्गरोगन गर्नमा सहयोग गर्नुभएको छ।

**शिक्षाका विभिन्न उपक्षेत्रमा विभिन्न सरोकारवालाहरूबाट भएको लगानीको अवस्था**

**गाउँपालिकाको निम्न उपक्षेत्रहरुमा विभिन्न सरोकारवालाहरुको लगानी भएको अवस्था छ।**

| उपक्षेत्र | लगानीको अवस्था |
|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | संघीय अनुदान , प्रदेशबाट प्राप्त अनुदान र गाउँपालिकाको लगानी रहेको |
| आधारभूत तह (कक्षा १-८) | संघीय अनुदान , प्रदेशबाट प्राप्त अनुदान र गाउँपालिकाको लगानी रहेको |
| माध्यमिक तह (कक्षा ९-१२) | संघीय अनुदान, प्रदेशबाट प्राप्त अनुदान र गाउँपालिकाको लगानी रहेको र विद्यालयहरुमा बालमैत्री वातावरण निर्माण गर्न गैर सरकारी संस्थाहरुबाट शौचालय मर्मत संभार तथा सरसफाई सामग्रीका लागि सामान्य सहयोग भएको |

| | |
|---|---|
| प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT ) मार्फत त्रिभुवन मा. वि. बेलाटारीमा प्राविधिक धार संचालन गर्नका लागि आवश्यक प्रशिक्षक तथा प्राविधिक शिक्षा संचालन गर्न अनुदान सहयोग प्राप्त भइरहेको छ। |
| पाठ्यक्रम र पाठ्यसामग्री | प्रारम्भिक कक्षा पढाई कार्यक्रमबाट शैक्षिक सामग्री ( कक्षा १,२ र ३ को सन्दर्भ सामग्री) प्राप्त भएको छ। |
| शिक्षक व्यवस्थापन र विकास | स्थायी दरबन्दिका शिक्षकहरुका लागि |
| निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा | निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, केएर नेपाल र बेस नेपालको सहयोगमा प्रतापपुर गाउँपालिकाको धर्मौली, पर्सौनी र पिपरपाती गरी ३ स्थानमा विद्यालयबाहिर रहेका ५७ जना बालिकाहरूलाई एक बर्षे वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन भइरहेको छ |
| आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा | संघीय सरकारबाट प्राप्त छात्रवृत्ती नियमअनुसार वितरण भैरहेको। साथै केहि संघसंस्थाले आफ्नो कार्यक्रममार्फत विद्यालय पोषाक तथा स्टेशनरी सहयोग गरेको तर अभिलेखमा नरहेको। |
| शिक्षामा सूचना प्रविधि | |

**५.३ लक्ष्य**

शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने

**५.४ उद्देश्य**

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
- उपलब्ध स्रोतको आधारमा कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

**५.५ रणनीतिहरू**

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने

- आफ्नो तहभित्रका लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने

**५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

**प्रमुख नतिजा**

**उपलब्ध स्रोतको अनुमान र विश्लेषण**

अपेक्षा र नीतिका आधारमा अनुमान

आ व २०७८/०७९मा विभिन्न स्रोतबाट प्राप्त बजेटको आधारमा बार्षिक निम्न बमोजिमको बजेट अनुमान गरीएको छ :

| क्रसं | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | प्रतापपुर गाउँपालिकाबाट निकाशा हुने | १५२००१७० | |
| २ | प्रदेश मार्फत निकशा हुने | ६०००००० | |
| ३ | सङ्गबाट प्राप्त हुने | १२०००००० | |
| कुल | | १४१२००१७० | |

**प्रस्तावित कार्यक्रम को लागि नया शिक्षा योजना** (२०७९/०८०–२०८३/०८४) **सम्मको बजेटको स्रोत अनुमान**

| क्रसं | शिर्षक | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रतापपुर गाउँपालिकाबाट प्राप्त हुने बजेट | १५२००१७० | १७०७३००० | १८०००००० | २५०००००० | २५०००००० | १००२७३१७० |
| २ | प्रदेश सरकार मार्फत पाप्त हुने अनुमानित बजेट | ६०००००० | ६०००००० | ७०००००० | ७०००००० | ८०००००० | ३४०००००० |
| ३ | संघिय सरकारबाट प्राप्त हुने शिक्षक कर्मचारीको तलब भत्ता बापत प्राप्त हुने अनुमानित बजेट | ९१४६१६५० | ९९११३३०० | १११२७९२५० | १०८२७७०९५ | १२४८७३७२५ | ५३५०००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | कार्यक्रमको लागी प्रस्ताव गरीएको बजेट बमोजिम संघिय सरकार र अन्य निजि तथा गैर सरकारी साझेदार बाट प्राप्त हुने बजेट | २०००००००० | २५०००००० | २८०००००० | २५०००००० | २८८००००० | १२६८००००० |
| कुल जम्मा | | १३२६६१८०० | १४७१८६५०० | १६४२७४२५० | १६५२७७०९५ | १८६६७३७२५ | ७९६०७३१७० |

**प्रस्तावित बजेटमा नपुग स्रोत पुरागर्ने उपाय :**

यस प्रतापपुर गाउँपालिकाको शिक्षा योजना अनुसार माध्यमिक शिक्षा सम्मका लागि पाँच वर्षको बजेट जम्मा रु. ७९६,०७३,१७० अनुमान गरिएको छाजसलाई संघीय सरकार , प्रदेश सरकार तथा गाउँपालिकाको वार्षिक बजेट बाट प्रस्तावित क्रियाकलापहरु सम्पन्न गर्ने अपेक्षा राखिएको र अपुग रकम अन्य निजी तथा गैरसरकारी संघसंस्थाको सहयोगमा पुरा गर्ने अपेक्षा राखिएको छ।

**प्रमुख क्रियाकलाप र लक्ष्य:** (विस्तृत विवरण अनुसुचि ३ मा हेर्नुहोला)

सङ्घीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका

**नयाँ शिक्षा योजना** (२०७८ -०८३) **को ५ वर्षको अनुमानित बजेट**

| कार्यक्रम | आर्थिक लक्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | जम्मा |
| प्रारम्भिक बालविकास तथा शिक्षा | ११९७६८०० | ६१२६८०० | २७२६८०० | २९२६८०० | २९२६८०० | २६६८४००० |
| आधारभुत तह (कक्षा १-८) | ७९६१०००० | ८२५००००० | १०५९२०००० | १०६२४५६०० | ११६४७४७६० | ४९०७५०३६० |
| माध्यमिक तह (कक्षा ९-१२) | २३६२०००० | ४५१०४५०० | ४३५४७४५० | ४४३९९६९५ | ४५७९२१६५ | २०२४६३८१० |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम | ४१५०००० | ३५७५००० | ३८५०००० | ४२७५००० | १०३५०००० | २६२००००० |
| पाठ्यक्रम र पाठ्यसामग्री (स्टेम,अतिरिक्त/सहक्रियाकलाप, परम्परागत र मौलिक विषय, पूर्वीय दर्शन र शिक्ष, मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तथा राष्ट्रिय तथा प्रदेश ढाँचा अनुकुलको पाठ्यसामग्री) | १४७५००० | १९७५००० | १३२५००० | १२२५००० | १२२५००० | ७२२५००० |
| शिक्षक व्यवस्थापन र विकास | ३८८०००० | ४०९०००० | २७९०००० | २५९०००० | २४९०००० | १५८४०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालय व्यवस्थापन (प्र अ व्यवस्थापन समेत) | ७२५००० | २००००० | २००००० | २००००० | २००००० | १५२५००० |
| निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | ३१९०००० | ४४०००० | ४९०००० | ४४०००० | ३०४०००० | ७६००००० |
| गुणस्तरीय सार्वजनिक शिक्षा | १५७५००० | ११५०००० | १२००००० | ११५०००० | १७५०००० | ६८२५००० |
| आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा | २१२५००० | १६००००० | १६००००० | १६००००० | १८००००० | ८७२५००० |
| शिक्षामा सूचना प्रविधि | १७५००० | १७५००० | ५७५००० | १७५००० | ५७५००० | १६७५००० |
| संस्थागत संरचना र क्षमताविकास | १६०००० | २५०००० | ५०००० | ५०००० | ५०००० | ५६०००० |
| कुल जम्मा | १३२६६१८०० | १४७१८६३०० | १६४२७४२५० | १६५२७७०९५ | १८६६७३७२५ | ७९६०७३१७० |

सङ्घीय सरकारबाट शिक्षक तथा कर्मचारीको तलबभत्ता बापत प्राप्त हुने अनुमानित बजेटको खाका

| शिर्षक | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | ६५०००००० | ६५०००००० | ७००००००० | ७५०००००० | ८००००००० | ३५५०००००० |
| आधारभुत तह (कक्षा १-८) | ७४०००००० | ७६५००००० | ७९५००००० | ७९५००००० | ८०२००००० | ३८९७००००० |
| माध्यमिक तह कक्षा (९-१२) | १९६००००० | १२००००० | १२५०००० | १७०००००० | १८०००००० | ५७०५०००० |
| जम्मा | १००१००००० | ८४२००००० | ८७७५०००० | १०४०००००० | १०६२००००० | ४८२२५०००० |

| क्रसं | प्रदेश मार्फत प्राप्त हुने अनुमानित बजेटको खाका | रकम रु |
|---|---|---|
| १ | मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम | ६०,००,००० |
| | जम्मा | ६०,००,००० |

**प्रतापपुर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आ।व। २०७८/०७९ को बजेट**

| क्रसं | गा पा मार्फत प्राप्त हुने अनुमानित बजेटको खाका | रकम रु |
|---|---|---|
| १ | शिक्षक सहयोग अनुदान मा.वि.तहमा कार्यरत शिक्षकको लागि | १,९५०,०० |
| २ | शिक्षक सहयोग अनुदान नि.मा.वि.(अधारभूत)तहमा कार्यरत शिक्षकको लागि | २,३४,००० |
| ३ | अंग्रेजी माध्यममा संचालित प्रा.वि.विद्यालयको लागि शिक्षक शिक्षक अनुदान | ४,१६,००० |

| | | |
|---|---|---|
| ४ | मा.वि.,नि.मा.वि. र प्रा.वि.का गा.पा.शिक्षकलाई पोसाकको लागि अनुदान | १,७०,००० |
| ५ | प्र.अ.प्रोत्साहन भत्ता (प्रा.वि.५००,नि.मा.वि.७०० र मा.वि.१०००) | १,९५,६०० |
| ६ | सामुदायिक सिकाइ केन्द्रमा कार्यरत कर्मचारीलाइ भत्ता | १,०४,००० |
| ७ | कार्यरत वालविकास स.का.र कर्मचारीहरुको प्रोत्साहन भत्ता | ५,४६,००० |
| ८ | शिक्षणमा ICT को प्रयोग सम्बन्धि शिक्षक शिक्षण तालिम | १,००,००० |
| ९ | स्थानिय शिक्षा पार्श्व चित्र निर्माण | १,००,००० |
| १० | शैक्षिक योजना निर्माण | ३,००,००० |
| ११ | स्थानीय पाठ्यक्रम निर्माण | ४,००,००० |
| १२ | विद्यालय व्यबस्थापन तालिम | १,००,००० |
| १३ | शिक्षक नवप्रवर्दन तथा प्रविधि मैत्री कार्यक्रम | २,००,००० |
| १४ | गाउँपालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता आधार भूत र मा.वि. | १,००,००० |
| १५ | गाउँपालिका स्तरीय वादविवाद प्रतियोगिता कार्यक्रम मा.वि. | ७५,००० |
| १६ | गाउँपालिका स्तरीय तथ्यांक छपाई,संकलन र टेबुलेशन कार्यक्रम | ५०,००० |
| १७ | शैक्षिक क्यालेण्डर निर्माण र निर्माण समितको बैठक भत्ता खर्च समेत | १,००,००० |
| १८ | गाउँपालिका स्तरीय कक्षा ५ र ८ को नतिजा विश्लेशण कार्यशाला | १,००,००० |
| १९ | हिसाव दौड प्रतियोगिता आधारभूत तह | ५०,००० |
| २० | प्र.अ. हरुको शैक्षिक अवलोकन भ्रमण | ६,००,००० |

| | | |
|---|---|---|
| २१ | IEMIS कार्यशाला संचालन | १,००,००० |
| २२ | शैक्षिक सामाग्री तथा बिज्ञान पर्दशनी मेला संचालन तथा पुरस्कार | १,००,००० |
| २३ | सामुदायिक र संस्थागत बिद्यालय दुवै तर्फ प्रा.वि., नि.मा.वि. र मा.वि. तर्फ सवीत्कृष्ट विद्यालयलाई पुरस्कार | १,००,००० |
| २४ | आवश्यकताको आधारमा १० वटा सामुदायिक र धार्मिक विद्यालयलाई कम्प्युटर र प्रिन्टर खरिदको लागि प्रति विद्यालय रु एक लाख अनुदान | १,००,००० |
| २५ | गाउँपालिका स्तरीय आधारभूत तह खेलकुद प्रतियोगिता संचालन गर्ने तथा सहभागी हुनेलाई अनुदान लाई अनुदान | ६,००,००० |
| २६ | गाउँपालिका स्तरीय आधारभूत तह (प्रा.वि. र नि.मा.वि. तर्फ) खेलकुद प्रतियोगिताका प्रथम, द्वितीय र तृतीय विजेता विद्यालयहरुलाई पुरस्कार (२५०००+१५०००+१००००= ५००००) | १,००,००० |
| २७ | गाउँपालिका स्तरीय आधारभूत तह परीक्षा संचालन खर्च (केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक र कार्यलय सहयोगी) | २,००,००० |
| २८ | परीक्षा व्यवस्थापन अनुदान (प्रा.वि.१०,नि.मा.वि.१५ र मा.वि.२० हजार) | ३,३५,००० |
| २९ | गाउँपालिका स्तरीय कक्षा -५ को परीक्षा संचालन तथा ब्यबस्थापन खर्च | ३,००,००० |
| ३० | गा.पा.अनुदानको शिक्षक छनौट खर्च | १,००,००० |
| जम्मा | | १६,४५,००० |

# परिच्छेद ६: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ६.१ परिचय

**योजना कार्यान्वयनको प्रबन्ध :**

प्रतापपुर गाउँपालिकाको पञ्चवर्षिय शिक्षा योजना मिति २०७८ फागुन १५ गते सम्ममा योजना निर्माण समितिले तयार गरी शिक्षा साखामा पेश गर्नेछ । शिक्षा शाखाले २०७८ चैत १ गते सम्म गाउँपालिकामा पेश गर्नेछ । उक्त योजना गाउँपालिका वाट मिति २०७८ चैत्र १६ गते सम्म गाउँ पालिकाको कार्यालय बाट स्वीकृत भई मिति २०७९ साल साउन १ गते बाट यो योजना कार्यान्वयन गर्ने प्रवन्ध गरीएको छ। योजनालाई प्रभावकारी कार्यान्वयन गर्नकालागी पालिकाबाट एउट निर्देशिका तयार गरीने छ।

- गाउँपालिका स्तरको कार्यक्रम कार्यान्वयन समिति बनाइने छ।
- उपरोक्त समितिले निर्देशिका बमोजिम बजेट तथा कार्यक्रमको त्रैमाशिक र बार्षिक समिक्षा गरी बजेट निकासा गर्न निर्णय गर्ने छ।
- **अनुगमन तथा मूल्याङ्कनको आवश्यकता र औचित्य :**
- मूल्याङ्कन भनेको अपेक्षित परिवर्तन र वास्तविक परिवर्तनको विश्लेषण गर्ने प्रक्रिया हो। कार्यक्रमबाट मूल्याङ्कन हटायो भने क्रियाकलाप लक्ष विहिन हुन्छ। मूल्याङ्कनले कार्यक्रमलाई अझ राम्रो पार्न दिशा निर्देस गर्दछ। लगानीको उपलब्धि मापन गर्नेकाम मूल्याङ्कनले गर्दछ। मूल्याङ्कनले कार्यक्रमको डिजायन गर्न, सुधार गर्न, प्रभावकारी गराउन र पुनरावलोकन गर्न सहयोग गर्दछ। जवाफदेहिताकोलागी, योजनाको विस्वसनीयता वृद्धि गर्न, तुलना गर्न र योजनालाई सुधार गर्न पनि मूल्याङ्कन अयिवार्य हुन्छ। त्यस्कारण मूल्याङ्कन कार्यक्रमको अभिन्न अङ्ग हो।
- नीतिगत व्यवस्था
- राष्ट्रिय शिक्षा नीति २०७६ ले शैक्षिक कार्यक्रमको प्ररम्भिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गर्नु पर्ने प्रावधान राखेको छ। त्यसैगरी विद्यालय क्षेत्र विकास योजना २०७३ले पनि कार्यक्रमको मध्यावधिक र अन्तिम मूल्याङ्कन गर्ने तथा विद्यार्थीको आवधिक र निरन्तर मूल्याङ्कन गर्नुकासाथै शिक्षकहरूको पनि कार्यसम्पादन मूल्याङ्कन गर्ने नीति लिएको छ।

## ६.२ वर्तमान अवस्था

**स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कनको अभ्यास :**

बर्तमान अवस्थामा भौतिक निर्माण तर्फको अनुगमन मूल्याङ्कन खासगरी प्राविधिक शाखा मार्फत गराइन्छ। यसबाहेक गाउपालिका स्तरीय अनुगमन टोली मार्फत भौतिक तथा शैक्षिक कार्यक्रमको अनुगमन गरी पृष्टपोषण दिने गरिन्छ। शैक्षिक कार्यक्रमको सम्बन्धमा शिक्षा साखाबाट आवश्यकताका आधारमा अनुगमन मूल्याङ्कन र पृष्टपोषण गर्ने व्यवस्था गरिएको छ। समुदाय स्तरमा बार्षिक एक पटक समग्र कार्यक्रमको सामाजिक परीक्ष गरेर पृष्टपोषण दिने व्यवस्था छ। विद्यालय स्तरमा प्रधानाध्यापकले कक्षा शिक्षण तथा विद्यालयको समग्र कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पृष्टपोषण गरी त्यसको प्रतिवेदन शिक्षा साखामा पेश गर्ने अभ्यास गरीएको छ।

**चुनौती तथा अवसरहरू**

**अवसरहरू :**

- समुदाय स्तरमा योजना निर्माण, योजना स्विकृत तथा खर्च स्विकृत र अनुगमन मुल्याङ्कनको सुभिदा भएको छ।
- समुदायको सहभागितामा योजना निर्माण तथा कार्यन्वयनको अवसर प्राप्त भएको छ।
- कार्यक्रमहरूको सूचना सञ्चारमा छिटो छरितो र विस्वसनीयता वृद्धि भएकोछ।

**चुनौतिहरू :**

- गाउपालिकामा कर्मचारीको अभाव
- समुदायमा सिपयुक्त जनशक्तिको अभाव
- प्रधानाध्यापकको छुट्टै पद नभएर निमित्तले काम चलाउनु पर्ने
- शिक्षक तथा कर्मचारीको सरुवा हुदा कार्यक्रम अलपत्रमा पर्ने
- समुदायको सहभागिताको अभाव

## ६.३ लक्ष्य

शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने।

### ६.४ उद्देश्य

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने
- स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्ने
- आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने
- विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने

### ६.५ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिने छ
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने छ
- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने छ
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिने छ
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ
- पुरस्कार र दण्ड प्रणालीको विकास गरिने छ

### ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**प्रमुख नतिजाः**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

**कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणको कार्ययोजन**

| कार्यक्रम (के गर्ने ?) | कहिले गर्ने ? | कसले गर्ने ? | कसको सहयोग लिने ? | कैफियत |
|---|---|---|---|---|
| अनुगमन पद्धति विकास तथा कार्यान्वयन | १. पहिलो वर्षान्त<br>२. तेस्रो वर्षान्त<br>३. पाँचौं वर्षान्त | गापा शिक्षा शाखा वा तोकेको कार्यदल | गा पा को विज्ञको सहयोगमा | |
| अनुगमन प्रणालीका लागि सूचक तयारी र अद्यावधिक | १. पहिलो वर्षान्त<br>२. तेस्रो वर्षान्त<br>३. पाँचौं वर्षान्त | गापा शिक्षा शाखा वा तोकेको कार्यदल | गा पा को विज्ञको सहयोगमा | |
| अनुगमन | १. दोस्रो मध्यवर्ष<br>२. चौथो वर्षारम्भ | गापा शिक्षा शाखा वा तोकेको कार्यदल | गा पा वा गापाले तोकेको व्यक्तिको सहयोगमा | |
| त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | शैक्षिक सत्रको त्रैमासिक मसान्त | शिक्षा शाखा तथा प्रअ | शिक्षा शाखा | |
| स्थिति प्रतिवेदन तयारी | वार्षिक चैत्र मसान्त | शिक्षा शाखा तथा विद्यालयले | शिक्षा शाखा | |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | शैक्षिक सत्रको सुरुमा | परीक्षा समिति | शिक्षा शाखा | |
| विद्यालयको कार्यसम्पादन परीक्षण | वर्षान्त | स्वः मूल्याङ्कन | शिक्षा शाखा | |
| संस्थागत क्षमता विकास | पहिलो र दोस्रो वर्षारम्भ | शिक्षा शाखा वा तोकेको व्यक्ति | शिक्षा शाखा | |
| सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | आर्थिक वर्षको पहिलो महिना | विद्यालयले | PTA, Social Audit Committee | |
| विद्यालयको लेखा परीक्षण | आर्थिक वर्षको तीन महिनाभित्र | विद्यालयले | शिक्षा शाखा | |
| अध्ययन तथा अनुसन्धान | ५ वर्षपछि | गाउँ शिक्षा समितिले तोकेको कार्यदल | गा पा | |

# परिच्छेद ७:मुख्यमुख्य क्रियाकलाप र उपलब्धि सूचक

**मुख्यमुख्य क्रियाकलापहरू**

**प्रतापपुर गाउँपालिकामा नयाँ शिक्षा योजना** (२०७८-२०८३) **अन्तर्गत निम्नानुसारका क्रियाकलापहरू निरन्तर सञ्चालन गरिने छ :**

- प्रारम्भिक बालविकास र शिक्षा
- आधारभुत तह (कक्षा १-८)
- माध्यमिक तह (कक्षा ९-१२)
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम
- पाठ्यक्रम र पाठ्यसामग्री
- शिक्षक व्यवस्थापन र विकास
- विद्यालय व्यवस्थापन
- निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा :
- गुणस्तरीय सार्वजनिक शिक्षा
- आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा
- शिक्षामा सूचना प्रविधि
- संस्थागत संरचना र क्षमताविकास (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध)
- लगानी र स्रोत व्यवस्थापन
- कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

**उपलब्धि सूचकहरूः**

**प्रतापपुर गाउँपालिकामा नयाँ शिक्षा योजना** (२०७८-२०८३) **कार्यान्वयन भए पछि निम्नानुसारका उपलब्धि सूचकहरू देखा पर्ने अपेक्षा गरीएको छ :**

- ३-४ बर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको
- ५-१२ बर्ष उमेरका सबै बालबालिकाहरूको अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको
- १२-१६ बर्ष उमेर समूहका बालबालिकाहरूको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको
- उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको
- सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएको
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त भएको
- सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय सार्बजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको
- शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको
- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको
- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल भएको र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भइरहेको।

## अनुसूची –१
## प्रतापपुर शैक्षिक सूचना विश्लेषण –२०७८
### जम्मा ५५ ओटा विद्यालयमा पुगेर मोवाइलबाट सङ्कलन गरिएको सूचनाको समष्टिगत विवरण :

| आधारभुत | प्राथमिक | माध्यमिक | उच्च माध्यमिक | बोर्डिङ | धार्मिक विद्यालय | मदर्सा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ११ | ६ | ४ | २ | २४ | २ | ६ | ५५ |

**कक्षा संचालन (ECD)**

| कक्षा संचालन (ECD) | भएको | नभएको |
|---|---|---|
| आधारभुत | ११ | |
| प्रथमिक | ७ | |
| माध्यमिक | ४ | |
| उच्च माध्यमिक | २ | |
| वोडिङ | २१ | २ |
| धार्मिक विद्यालय | २ | |
| मदरसा | ४ | २ |
| जम्मा | ५१ | |

**विद्यालयले कति कक्षा सम्म कक्षा संचालन गरेको छ ? कृपया कक्षा उल्लेख गर्नुहोस।**

| विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | ७ | · | १० | ११ | १२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत विद्यालय | | | | | ३ | | १ | ७ | | | | ११ |
| संस्थागत विद्यालय | ३ | २ | २ | २ | ३ | २ | ३ | २ | ३ | | २ | २३ |
| उच्च माध्यमिक विद्यालय | | | | | | | | | | | २ | २ |
| मदर्सा | | | ३ | १ | १ | | | | | १ | | ६ |
| प्राथमिक विद्यालय | | | १ | | ४ | १ | | | | | | ६ |
| धार्मिक विद्यालय (पशुपति शिक्षा मन्दिर) | | | | १ | १ | | | | | | | २ |
| माध्यमिक विद्यालय | | | | | | | | | ३ | | १ | ४ |
| **कुल जम्मा** | ३ | २ | ६ | ४ | १२ | ३ | ४ | ९ | ६ | १ | ५ | ५५ |

| कूल शिक्षक संख्या | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| आधारभूत विद्यालय | ८४ | ३२ | ५२ |
| संस्थागत विद्यालय | २७६ | १५० | १२६ |
| उच्च माध्यमिक विद्यालय | ५९ | १२ | ४७ |
| मदर्सा | २७ | ११ | १६ |
| प्राथमिक विद्यालय | १८ | ८ | १० |
| धार्मिक विद्यालय (पशुपति शिक्षा मन्दिर) | १५ | ३ | १२ |
| माध्यमिक विद्यालय | ७५ | २६ | ४९ |
| **कुल जम्मा** | **५५४** | **२४२** | **३१२** |

| विद्यालयको भवन संख्या | |
|---|---|
| आधारभूत विद्यालय | ६० |
| संस्थागत विद्यालय | ४६ |
| उच्च माध्यमिक विद्यालय | १५ |
| मदर्सा | १४ |
| प्राथमिक विद्यालय | २१ |
| धार्मिक विद्यालय (पशुपति शिक्षा मन्दिर) | ६ |
| माध्यमिक विद्यालय | २७ |
| कुल जम्मा | १८९ |

| कक्षा कोठा संख्या | |
|---|---|
| आधारभूत विद्यालय | १११ |
| संस्थागत विद्यालय | २८४ |
| उच्च माध्यमिक विद्यालय | ६३ |
| मदर्सा | ३७ |
| प्राथमिक विद्यालय | ४१ |
| धार्मिक विद्यालय (पशुपति शिक्षा मन्दिर) | २२ |
| माध्यमिक विद्यालय | ८२ |
| **कुल जम्मा** | **६४०** |

| | शिक्षक तथा प्रशासनिक प्रयोजनको कोठा संख्या | विज्ञान प्रयोगशाला कोठा संख्या | कम्प्युटर कोठा संख्या |
|---|---|---|---|
| आधारभूत विद्यालय | १३ | २ | ६ |
| संस्थागत विद्यालय | ३८ | १० | १२ |
| उच्च माध्यमिक विद्यालय | ७ | ४ | २ |

| | | | |
|---|---|---|---|
| मदर्सा | ६ | ० | ० |
| प्राथमिक विद्यालय | ७ | ० | ० |
| धार्मिक विद्यालय (पशुपति शिक्षा मन्दिर) | २ | ० | ० |
| माध्यमिक विद्यालय | १० | २ | ५ |
| **कुल जम्मा** | **८३** | **१८** | **२५** |

| विद्यालयमा पुस्तकालय छ वा छैन | छ | छैन |
|---|---|---|
| आधारभूत विद्यालय | ९ | २ |
| संस्थागत विद्यालय | ८ | १५ |
| उच्च माध्यमिक विद्यालय | २ | |
| मदर्सा | २ | ४ |
| प्राथमिक विद्यालय | २ | ४ |
| धार्मिक विद्यालय (पशुपति शिक्षा मन्दिर) | | २ |
| माध्यमिक विद्यालय | ४ | |
| **कुल जम्मा** | **२७** | **२७** |

| इदि विद्यालयमा पुस्तकालय कोठा छ भनेकोठाको संख्या | |
|---|---|
| आधारभूत विद्यालय | ८ |
| संस्थागत विद्यालय | ६ |
| उच्च माध्यमिक विद्यालय | २ |
| मदर्सा | १ |
| प्राथमिक विद्यालय | २ |
| धार्मिक विद्यालय (पशुपति शिक्षा मन्दिर) | |
| माध्यमिक विद्यालय | ४ |
| **कुल जम्मा** | **२३** |

| विद्यालयमा शौचालय भएमा छात्राको लागि छुटै व्यवस्था छ वा छैन | छ | छैन | जम्मा |
|---|---|---|---|
| आधारभूत विद्यालय | ११ | | ११ |
| संस्थागत विद्यालय | २० | ४ | २३ |
| उच्च माध्यमिक विद्यालय | २ | | २ |
| मदर्सा | ५ | १ | ६ |
| प्राथमिक विद्यालय | ६ | | ६ |
| धार्मिक विद्यालय (पशुपति शिक्षा मन्दिर) | २ | | २ |
| माध्यमिक विद्यालय | ४ | | ४ |
| कुल जम्मा | ५० | ५ | ५५ |

## अनुसूची –२
## प्रतापपुर गाउँपालिका, शिक्षायुवा तथा खेलकुद शाखा
## विद्यालयमा कार्यरत शिक्षक विवरण

| क्र.सं | विद्यालयको नाम | ठेगाना | प्रा शिक्षक | | पारिश्रमिकको श्रोत | | | | | | निमा शिक्षक | | पारिश्रमिकको श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पु | म | दरवन्दि | राहत | शसर्त अनुदान | गा पा | स्थानिय श्रोत | अन्य | पु | म | दर वन्दि | राहत | शसर्त अनुदान | गा पा | स्थानिय श्रोत | अन्य |
| १ | लक्ष्मीपुरा नि.मा.वि. | प्रतापपुर-१ | ४ | ४ | ४ | २ | ० | ० | २ | ० | २ | ० | ० | ० | ० | २ | ० | ० |
| २ | ब्रह्मबाबा नि.मा.वि | प्रतापपुर-१ | २ | ४ | ४ | ० | ० | ० | २ | ० | २ | २ | ० | १ | ० | १ | २ | ० |
| ३ | आदर्श मा.वि.सेमरी | प्रतापपुर-२ | ४ | ६ | ३ | ० | २ | ० | ० | ५ | ४ | ३ | ५ | २ | | | | |
| ४ | जनता प्रा.वि.घोडहा | प्रतापपुर-२ | ३ | ३ | ३ | २ | | १ | | | | | | | | | | |
| ५ | महेन्द्र मा.वि.सोमनी | प्रतापपुर-३ | ६ | १ | ४ | ३ | | | | | ४ | १ | | ४ | १ | | | |
| ६ | विरेन्द्र नि.मा.वि. | प्रतापपुर-३ | ३ | ३ | ५ | १ | | | | | ० | १ | | | | १ | | |
| ७ | श्री सावित्री नि.मा.वि. | प्रतापपुर-४ | ३ | १ | ३ | १ | | | | | २ | | | | | २ | | |
| ८ | जनजागृति नि.मा.वि | प्रतापपुर-४ | ४ | १ | ३ | १ | १ | | | | १ | २ | | | १ | २ | | |
| ९ | जनता नि.मा.वि. | प्रतापपुर-४ | १ | २ | २ | १ | | | | | १ | | | | | १ | | |
| १० | गणेश प्रा.वि.बडकी | प्रतापपुर-५ | १ | २ | २ | १ | | | | | | | | | | | | |
| ११ | गणेश मा.वि.बसहिया | प्रतापपुर-५ | ५ | ५ | ६ | ३ | | | १ | | ३ | २ | | ५ | | | | |
| १२ | जनता प्रा.वि.धर्मौली | प्रतापपुर-५ | २ | १ | ३ | | | | | | | | | | | | | |
| १३ | जनजागृति मा.वि | प्रतापपुर-६ | ७ | २ | ९ | | | | | | ४ | | ४ | | | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | गणेशमान प्रा.वि. | प्रतापपुर-६ | १ | १ | १ | १ | | | | | | | | | | | | |
| १५ | जीवनज्योति प्रा.वि | प्रतापपुर-७ | २ | १ | २ | १ | | | | | | | | | | | | |
| १६ | गणेश मा.वि. | प्रतापपुर-७ | ६ | २ | ६ | | | | २ | | २ | | | २ | | | | |
| १७ | ज्ञानमन्दिर प्रा.वि. | प्रतापपुर-७ | ३ | १ | २ | २ | | | | | | | | | | | | |
| १८ | बी.पी.स्मृति प्रा.वि | प्रतापपुर-८ | १ | १ | १ | १ | | | | | | | | | | | | |
| १९ | डम्बरबहादुर नि.मा.वि | प्रतापपुर-८ | ५ | ४ | ७ | १ | | | १ | | ३ | १ | | ४ | | | | |
| २० | ज्ञानज्योति प्रा.वि. | प्रतापपुर-९ | १ | २ | २ | १ | | | | | | | | | | | | |
| २१ | कोटही प्रा.वि.माधवपुर | प्रतापपुर-९ | ३ | २ | २ | १ | | १ | | १ | | | | | | | | |
| २२ | बाल्मिकी नि.मा.वि | प्रतापपुर-९ | २ | ३ | ३ | १ | | | | १ | ३ | | १ | | १ | १ | | |
| २३ | त्रिभुवन मा.वि. | प्रतापपुर-९ | ६ | ५ | ९ | १ | १ | | | | ७ | १ | ८ | | | | | |
| | धार्मिक विद्यालय | | | | | | | | | | | | | | | | | |
| २४ | मदरसा अरबिया अलहे सुन्नत कमरुल उलुम | प्रतापपुर-४ | २ | १ | | | | २ | १ | | | | | | | | | |
| २५ | मदरसा अजिजिया अहले सुन्नत अनावरुल ओलम | प्रतापपुर-५ | १ | २ | | | | | | ३ | | | | | | | | |
| २६ | मदरसा रहमतीया दारुल उलुम श्रीरामपुर | प्रतापपुर-५ | २ | १ | | | | | | ३ | | | | | | | | |
| २७ | मदरसा मदीनतुल ओलम हरपुर | प्रतापपुर-६ | ५ | १ | | | | | | ६ | २ | १ | | | | | | ३ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | मदरसा दारुल किताब वस्सुनह | प्रतापपुर-७ | ३ | २ | | | | १ | | ४ | | | | | | | | |
| २९ | मदरसा अरबिया अलहे सोमनी | प्रतापपुर-३ | २ | १ | | | | | | ३ | | | | | | | | |
| ३० | पशुपति शिक्षा मन्दिर | प्रतापपुर-१ | १ | ६ | | | | | | ७ | | | | | | | | |
| ३१ | पशुपति शिक्षा मन्दिर | प्रतापपुर-७ | ७ | | | | | | | ७ | | | | | | | | |
| | | जम्मा | ९८ | ७१ | ८६ | २५ | ४ | ५ | ९ | ४० | ४० | १४ | १८ | १८ | ३ | १० | २ | ३ |

**प्रतापपुर गाँउपालिका, शिक्षायुवा तथा खेलकुद शाखा**
**विद्यालयमा कार्यरत शिक्षक विवरण**

| क्र.सं | विद्यालयको नाम | माध्यमिक शिक्षक | | पारिश्रमिकको श्रोत | | | | | | उ मा शिक्षक | | पारिश्रमिकको श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | म | दर वन्दि | राहत | शसर्त अनुदान | गा पा | स्थानिय श्रोत | अन्य | पु | म | दरवन्दि | राहत | शसर्त अनुदान | गा पा | स्थानिय श्रोत | अन्य |
| १ | लक्ष्मीपुरा नि.मा.वि. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ब्रह्मबाबा नि.मा.वि | | | | | | | | | | | | | | | | |
| ३ | आदर्श मा.वि.सेमरी | ५ | १ | ३ | २ | १ | | | | ३ | २ | | २ | | | | ३ |
| ४ | जनता प्रा.वि.घोडहा | | | | | | | | | | | | | | | | |
| ५ | महेन्द्र मा.वि.सोमनी | ४ | | | | ३ | | १ | | | | | | | | | |
| ६ | विरेन्द्र नि.मा.वि. | | | | | | | | | | | | | | | | |
| ७ | श्री सावित्री नि.मा.वि. | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | जनजागृति नि.मा.वि | | | | | | | | | | | | | | | | |
| ९ | जनता नि.मा.वि. | | | | | | | | | | | | | | | | |
| १० | गणेश प्रा.वि.बडकी | | | | | | | | | | | | | | | | |
| ११ | गणेश मा.वि.बसहिया | २ | १ | | | ३ | | | | | | | | | | | |
| १२ | जनता प्रा.वि.धर्मौली | | | | | | | | | | | | | | | | |
| १३ | जनजागृति मा.वि | ४ | | २ | २ | | | | | २ | | | २ | | | | |
| १४ | गणेशमान प्रा.वि. | | | | | | | | | | | | | | | | |
| १५ | जीवनज्योति प्रा.वि | | | | | | | | | | | | | | | | |
| १६ | गणेश मा.वि. | २ | | | | २ | | | | | | | | | | | |
| १७ | ज्ञानमन्दिर प्रा.वि. | | | | | | | | | | | | | | | | |
| १८ | बी.पी.स्मृति प्रा.वि | | | | | | | | | | | | | | | | |
| १९ | डम्बरबहादुर नि.मा.वि | | | | | | | | | | | | | | | | |
| २० | ज्ञानज्योति प्रा.वि. | | | | | | | | | | | | | | | | |
| २१ | कोटही प्रा.वि.माधवपुर | | | | | | | | | | | | | | | | |
| २२ | बाल्मिकी नि.मा.वि | | | | | | | | | | | | | | | | |
| २३ | त्रिभुवन मा.वि. | १५ | ३ | ६ | | | | | १२ | | | | | | | | |
| | **धार्मिक विद्यालय** | | | | | | | | | | | | | | | | |
| २४ | मदरसा अरबिया अलहे सुन्नत कमरुल उलुम | | | | | | | | | | | | | | | | |
| २५ | मदरसा अजिजिया अहलेसुन्नत अनावरुल ओलम | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | मदरसा रहमतीया दारुल उलुम श्रीरामपुर | | | | | | | | | | | | | | | | |
| २७ | मदरसा मदीनतुल ओलम हरपुर | ३ | १ | ४ | | | | | | | | | | | | | |
| २८ | मदरसा दारुल किताब वस्सुनह | | | | | | | | | | | | | | | | |
| २९ | मदरसा अरबिया अलहे सोमनी | | | | | | | | | | | | | | | | |
| ३० | पशुपति शिक्षा मन्दिर | | | | | | | | | | | | | | | | |
| ३१ | पशुपति शिक्षा मन्दिर | | | | | | | | | | | | | | | | |
| | जम्मा | ३५ | ६ | १५ | ४ | ९ | ० | १ | १२ | ५ | २ | ० | ४ | ० | ० | ० | ३ |

## विद्यालयगत तालिम प्राप्त शिक्षक तथा कार्यरत कर्मचारिको विवरण :

| विद्यालय | पेशागत तालिम लिएका शिक्षक सङ्ख्या | | | | | | | | कर्मचरी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रा. तह | | नि.मा तह | | मा. तह | | उ.मा. तह | | प्रा. तह | | नि.मा. तह | | मा. तह | | उ.मा. तह | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| लक्ष्मीपुरा नि.मा.वि. | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ब्रह्मबाबा नि.मा.वि | २ | ० | १ | ० | | | | | | | | १ | | | | |
| आदर्श मा.वि.सेमरी | | | | | | | | | | | | | | | ३ | १ |
| जनता प्रा.वि.घोडहा | २ | २ | | | | | | | १ | | | | | | | |
| महेन्द्र मा.वि.सोमनी | | | | | | | | | | | | | २ | | | |
| विरेन्द्र नि.मा.वि. | ३ | ३ | | १ | | | | | | | १ | | | | | |
| श्री सावित्री नि.मा.वि. | | | | | | | | | | | | | | | | |
| जनजागृति नि.मा.वि | १ | १ | | | | | | | १ | | | | | | | |
| जनता नि.मा.वि. | १ | २ | | | | | | | | | | १ | | | | |
| गणेश प्रा.वि.बडकी | १ | २ | | | | | | | १ | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गणेश मा.वि.बसहिया | | | | | | | | | | | | | २ | | | |
| जनता प्रा.वि.धर्मौली | | १ | | | | | | | १ | | | | | | | |
| जनजागृति मा.वि | ६ | १ | ३ | | ३ | | | | | | | | २ | | | |
| गणेशमान प्रा.वि. | | १ | | | | | | | १ | | | | | | | |
